शुभारम्भ

डा. गोपाल भण्डारी

प्रस्तुत लघुकथासङ्ग्रह 'खेलौना' साहित्यकार गायत्रीकुमार चापागाईँको एघारौँ कृति हो । यस लघुकथासङ्ग्रहले पनि समसामयिक सामाजिक समस्या र मानवीय प्रवृत्तिको चित्रण गरेको देखिन्छ। लघुकथा आफैँ छोटो, मिठो, सटिक र प्रभावकारी आख्यान मानिन्छ । कथावस्तु, पात्रविधान, कथोपकथन तथा उद्देश्योन्मुख घटनाको संयोजन हुने लघुकथा पाठकहरूद्वारा सर्वाधिक रुचाइने रचना मानिन्छ । छोटो समयमै पढिसकिने हुँदा लघुकथाका पाठकहरू सधैँ आकर्षित हुन्छन् आख्यानको रसास्वादन गर्न। प्रस्तुत सङ्ग्रह पनि यिनै विशेषताले परिपूर्ण रहेको छ। सरल र प्रवाहपूर्ण गद्यशैलीमा लेखिएका यी कथाले समसामयिक समस्यालाई कलात्मक रूपले प्रस्तुत गरेका छन् । कथाकार चापागाईँ शीर्षकमा केन्द्रित हुँदै कथाको प्रारम्भ गर्छन् अनि चरम उत्कर्षमा पुर्‍याई कथाको अन्त्य गर्नपुग्छन् । प्रत्येक कथामा समस्या छन् अनि तिनका उत्कर्षपछि तार्किक अन्त्य पनि गरिएका छन् । कथामा रमाइला कुरा छन् अनि युक्तियुक्त तर्क र परिणाम पनि पाइन्छन् । कतै पात्रप्रति दया लाग्दछ, कतै तिनको मर्मप्रति करुणासमेत जाग्दछ। समाजका प्रत्येक घरको आफ्नै समस्या भएजस्तै सङ्ग्रहका प्रत्येक कथामा वेग्लावेग्लै कथानक र परिवेश फेला पार्नसकिन्छ। विशेषगरी समसामयिक विषयवस्तुले कथाकारलाई आकर्षित पारेको हुँदा कथामा नवीनता र रोचकता पाउनसकिन्छ।

प्रस्तुत सङ्ग्रहमा चौसट्ठीओटा कथाहरू सङ्कलित छन्। यी कथाले पहाडी जनजीवन, तराईको जनजीवन र विदेशको परिवेशसमेत प्रस्तुत गरेका छन् । लघुकथाका आकारप्रकारका सीमामा बाँधिएका ती कथाले नवीन रसास्वादन गराउने छन् र कथाकार चापागाईँलाई नेपाली लघुकथाका क्षेत्रमा स्थापित गराउने छन् भन्ने मलाई लाग्दछ। कथाभित्र धेरै कोणहरू छन्, धेरै समस्या पनि छन् तिनलाई उपयुक्त कथानक निर्माण गरी विश्वसनीय बनाउँदै कथालाई समाप्तितर्फ अगाडि बढाउनु लघुकथाकार चापागाईँको विशेषता हो।

(गायत्रीकुमार चापागाईँको लघुकथासङ्ग्रह 'खेलौना'को भूमिकाबाट साभार ।

❖ सम्पादकीय

राजनीतिलाई आयआर्जनकै पेसा बनाउन खोजिएको हो त !

मुलुक सञ्चालन गर्ने प्रमुख नीति भनेको राजनीति हो । राजनीतिले नै विचार दिन्छ र त्यही विचारमुताबिक लक्ष, गन्तव्य, उद्देश्य निर्धारण हुन्छन्, योजना बन्छन् र ती सबैको समुचित कार्यान्वयनकै माध्यमबाट मुलुकले गति लिन्छ । यही राजनीतिले निर्धारण गरेका लक्ष, उद्देश्य, योजना आदि सबै सबैको कार्यान्वयन मुलुकको प्रशासनिक संयन्त्रले गर्दछ। राजनीतिले नै बनाएका कानुनको पालना तथा कार्यान्वयन गराउने कार्य न्यायपालिकाले गरेको हुन्छ । त्यसैले प्रजातान्त्रिक मुलुकमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गरी अलग अलग निकायको परिकल्पना गरिएको हुन्छ र यी तीनैओटा निकायको समन्वय, सहकार्य अपेक्षित ठानिएको हुन्छ । हाम्रो मुलुकमा पनि लोकतन्त्रको स्थापनापछि यी तीनैओटा निकायको स्वतन्त्र हैसियत, अलग अलग कार्यशैली र निष्पक्ष भूमिकाको अपेक्षा गरिएको छ । हाम्रो संविधानले पनि यही व्यवस्था गरेको छ । यद्यपि हामी हाम्रो संविधान, सोही संविधानबमोजिम निर्माण गरेका कानुन, नियमको परिपालनामा वा इमानदार कार्यान्वयनमा खरो उत्रिननसकेको परिस्थिति पनि भोगिरहेका छौँ, भोलिरहेका छौँ । मुलुक र जनताले भोगिरहेको यो तितो यथार्थ हो, नियति हो ।

सम्पन्न, विकसित वा ठुला मुलुकमा लोकतन्त्रको अलि बढी नै अभ्यास भएको छ वा यसको अभ्यासको लामो इतिहास रहेको छ तर हाम्रो मुलुकले पनि दुई दशकभन्दा बढी समयदेखि लोकतन्त्रको अभ्यास त गरिरहेको नै छ तैपनि लोकतन्त्र जहिल्यै शिशुअवस्थामा रहेको छ वा वयष्क हुनसकेको छैन । त्यसैले यो सीमको किलोजस्तो कहिले कसले हल्लाइदिने, कहिले कसले हल्लाइदिने र हुँदा हुँदा अरूको इसारामा आफैँ पनि हल्लिने अवस्थामा रहेको छ ! अर्थात् यसको जग मजबुत हुन अझै सकेको छैन । हाम्रो लोकतन्त्रलाई जहिले पनि सीमको किलोजस्तो हल्लाउन हाम्रा छिमेकीहरू त तल्लिन नै छन् त्यसमा पनि हाम्रा छिमेकीसँगको कतै न कतै प्रतिशोध सोचेर विकसित मुलुकहरू पनि हाम्रो लोकतन्त्रलाई हल्लाउन वा अस्थिर पार्न अनवरत रूपमा इसारा गरिरहन्छन् वा गरिरहेका छन् भन्ने गरेको पनि सुनिएको छ ! हुन त मुलुक आफैँ आत्मनिर्भर हुननसकेपछि, आर्थिक रूपमा समृद्ध हुननसकेपछि वा अरूको सहयोगको अपेक्षा गर्नुपर्ने अवस्थामा रहुन्जेल अरूको इसारा वा जालझेलको सामना गर्नुपर्ने वा चाहेर वा नचाहेर कार्यान्वयनको तहमा पुग्नुपर्ने अवस्था आइलाग्लाग्दो रहेछ कि ? वा शासकको कमजोर मानससिकता वा स्पष्ट उद्देश्य वा विचारको कमी वा अडिनसक्ने क्षमताको अभाव पनि कतै न कतै जिम्मेवार छ कि भन्ने देखिँदो रहेछ ! त्यसमा पनि कतै न कतै आफ्नो स्वार्थ जोडेर वा मुलक र जनताभन्दा पनि माथि आफ्नो स्वार्थलाई राखेर काम गर्ने निमकहराम शासकीय प्रवृत्तिका कारण पनि इसारा वा आदेशको पालना गर्नुपर्ने र त्यसको प्रभाव वा दबाब हाम्रो लोकतन्त्रले धान्नु वा

व्यहोर्नुपर्ने अवस्था विद्यमान हुँदो रहेछ कि भन्ने पनि देखिएको छ।

साना मुलुकले ठुला मुलुकको हेलाँहोचो, दबाब, मत्स्यन्यायजस्ता व्यवहार भोग्नुपर्ने नियतिबाट हाम्रो मुलुक अछुतो छैन । त्यसमा पनि दक्षिणको छिमेकीले जहिल्यै पनि आफ्नो स्वार्थअनुकूल नेपाली राजनीतिलाई प्रयोग गर्ने, आफ्नो इसाराअनुसार काम तामेल गर्ने आदेशपालक वा इसारामा काम गर्ने शासकको खोजी गरिरहेने र त्यसका लागि कहिले कसलाई त कहिले कसलाई प्रयोग गर्ने वा उपयोग गर्ने, इसाराअनुसार कार्यसम्पादन नगरिदिए विकल्पको खोजी गर्ने वा उसलाई जसरी पनि असफल पार्न विभिन्न खाले हत्कण्डाको प्रयोग गर्ने, सिमाना सार्दै जाने, आफ्ना उत्पादनको एकाधिकार बजारका रूपमा हाम्रो मुलुकलाई प्रयोग गर्नखोज्ने, हाम्रो मुलुकका उत्पादन निर्यातलाई हतोत्साहित गर्नेजस्ता अनेक अनेक व्यवधान हामी भोगिरहेका छौँ । वास्तवमा हामीले असल छिमेकी नपाउनुको पीडा नै हो अहिले हामीले भोगिरहेको नियति ! तर पनि जतिसुकै दुष्ट भए पनि छिमेकी भनेको फेर्न मिल्ने कुरा होइन, त्यसलाई भोग्नु वा व्यहोर्नुको अर्को विकल्प हुँदा पनि हुँदैन । जसरी भए पनि समदूरीको सम्बन्ध राख्नु हाम्रो बाध्यात्मकता हो।

इसारामा वा अरूले लाएअराएको काम गर्ने र आफ्नो स्वार्थसिद्धि गर्ने; परिवारवाद, आसेपासेवाद, भ्रष्ट र तस्करको संरक्षण, नवधनाड्‌्यवादको खेती नेपाली राजनीतिमा फोहोरको मुला मौलाएझैँ मौलाउनुको पछाडि राजनीति भनेको देश र जनताको सेवा होइन, हुँदै होइन; बरु देश र जनताको सेवा गरेको वा गर्ने वा गरिरहेको भन्ने आडमा वा भ्रममा राजनीतिलाई पेसा व्यवसाय बनाएर विचार, नैतिकता र इमानलाई टुकुचाको फोहोरसँगै बगाइरहेको नेपाली राजनीति सेवा हुँदै नभएर सम्पूर्णमा पेसा व्यवसायका रूपमा स्थापित भएको छ, सबै सबैले राजनीतिलाई कमाउधन्दाका रूपमा बुझ्ने, बुझाउने र कार्यान्वयन गर्ने गरिरहेका छन् ! चन्दाका नाममा, लुटका नाममा, दण्डहीनताका नाममा राजनीति भनेको डराएर, तर्साएर, धम्क्याएर, घुस-कमिसनका माध्यमबाट सजिलो कमाउधन्दाको सहज व्यवसायका रूपमा स्थापित भएको छ र यसलाई सम्पूर्णमा व्यवसायका रूपमा स्थापित गर्ने थप प्रयत्न वर्तमानमा झनै नाङ्गो रूपमा भइरहेका पाइन्छन् ।

राजनीतिकै आडमा प्रशासनिक संयन्त्रलाई नै प्रयोग गरी घुस र कमिसनको यति डरलाग्दो सगरमाथा खडा गरिएको छ कि अरबौँ अरबको घोटालाविना कुनै पनि आयोजना नै सम्पन्न नहुने गरेका डरलागदा तथ्यहरू सार्वजनिक भइरहेका छन्, अपराधीहरूविरुद्धमा सम्मानित अदालतमा मुद्दा दायरसमेत भएका छन् ! यी तथ्यहरूले विकास-निर्माण वा आयोजनाको कुल लागतको एकतिहाइ मात्र खर्च गर्ने, लागत नै धेरैभन्दा धेरै बढाउने र दुईतिहाइ रकम चाहिँ भ्रष्टाचार नै गर्ने, अझ कतिपयमा त कानुनै परिवर्तन गरेर नीतिगत भ्रष्टाचार गर्ने, भ्रष्टाचारलाई मात्र प्रोत्साहन गर्ने तर देश र जनताको हितका पक्षमा पटक्कै नसोच्ने आपराधिक प्रवृत्तिलाई राजनीतिले प्रोत्साहन गरेको छ । यहाँसम्म कि बद्‌नियत राखेर मन्त्रिपरिषद्‌ले गरेका निर्णयउपर छानविन तथा अनुसन्धान नै गर्ननपाउने व्यवस्था गरी आफूलाई नेपाली राजनीतिले कानुनभन्दा माथि राखेर राजनीति भनेको सजिलो कमाउधन्दा हो, भ्रष्टाचारको संरक्षक हो भन्ने भन्ने प्रमाणित गरिरहेको छ, राजनीति भनेको

पेसाव्यवसाय हो भन्ने पुष्टि गरेको छ!

राजनीति भनेको कमाउधन्दा हो भन्ने धेरैले बुझिसकेपछि अहिले हाम्रो मुलुकमा राजनीतिक पार्टी दर्ता गर्नेको चर्को होडबाजी चलेको छ र लगभग सवासयको सङ्ख्यामा राजनीतिक पार्टी निर्वाचन आयोगमा दर्ता भएका छन् । भरखरै मुलुकमा जेनजीलाई उचालेर, उनीहरूलाई अघि लगाएर इसारामा, आदेशमा, उक्साहटमा, घुसपैठ गराएर बाहिर आवरणमा भ्रष्टाचारको विरोध तथा सुशासनको आग्रहको कुरा उठाएर सुनियोजित रूपमा मुलुक, मुलुकको अस्मिता, मुलुकका धरोहरहरू, उद्योगव्यवसाय र व्यक्तिगत सम्पत्ति सबै सबै ध्वस्त पार्ने र जलाउनेजस्ता आपराधिक कार्यहरू गर्ने, उद्दण्डता प्रदर्शन गर्ने जुन खतरनाक प्रवृत्ति देखियो त्यो विगतदेखिको आपराधिक प्रवृत्तिलाई उन्मुक्ति दिने वा दण्डहीनतालाई प्रोत्साहन गर्ने कार्यको अर्को एउटा कडी त होइन भन्ने देखिएको छ ! त्यो अत्यासलाग्दो, डरलाग्दो विध्वंस लामो समयदेखिको योजना, कसरत, अभ्यासको कार्यान्वयन थियो र त्यसका लागि आपराधिक समूहको, आफ्नो स्वार्थपूर्तिका लागि आदेश र इसाराको पालना गराउनेहरूको भयङ्कर षडयन्त्रको उपज थियो भन्ने पनि पुष्टि भएको छ र पुष्टि हुने क्रम अझै जारी रहेको छ।

राजनीति भनेको विचार हो, विनाविचार राजनीति हुनसक्तैन । विनाविचार लक्ष, उद्देश्य, योजना निर्माण हुँदैनन् । गन्तव्य निश्चित नभएसम्म यात्रा टुङ्गिदैन । त्यस्तै जेनजी भनेको विचार होइन, यो त उमेरसमूह मात्र हो । जेनजीको एकता पनि छैन, नेतृत्व पनि छैन अनि सुस्पष्ट गन्तव्य पनि छैन। अहिले जेनजी विगतको माओवादी आन्दोलनजस्तै तर्साउने, डराउने, धम्क्याउने अनि सजिलो कमाउधन्दाको सपना देख्ने र त्यही दिशामा अराजकताको नेतृत्व गर्ने, कानुन हातमा लिने तहमा देखिएको छ, देखिँदै छ । त्यसको प्रमाणका रूपमा जेनजीका नाममा वा जेनजीलाई अगाडि वा पछाडि लगाएर निर्वाचन आयोगमा राजनीतिक दल खोल्ने चर्को होडबाजी चलेको छ । यो होडबाजी सजिलै आयआर्जन गर्ने कमाउधन्दाको राम्रो व्यवसाय राजनीति हो भन्ने बुझेरै गरिएको स्पष्ट भएको छ। जेनजीलाई साथ लिएर आफ्नो कार्यकालमा तर मारेका, अवसरको हदैसम्म सदुपयोग गरेका, राजनीतिको फेरो समातेर कमाउधन्दामा चुर्लुम्म डुबेका पूर्वप्रशासकहरू, प्रहरी उच्चपदस्थ पदाधिकारीहरू, व्यापार व्यवसायमा रहेकाहरू, भ्रष्ट र तस्करहरू र कतिपय त बेकामे आबाराहरूसमेत राजनीतिक पार्टी दर्ता गर्ने होडबाजीमा लिप्त भएर लागेका देखिएका छन्! यसबाट पनि सबै सबैले राजनीति भनेको सजिलो कमाउधन्दा हो भन्ने नै बुझेका छन् र सबै सबै यही कमाउधन्दाको मतियार बन्नचाहन्छन् भन्ने प्रमाणित भएको छ ! च्याउ उम्रेझैँ उम्रेका वा सोद्देश्यमूलक ढङ्गले उमारिएका राजनीतिक दलहरूकै अन्तरकुन्तर कतै पनि देश र जनतालाई केन्द्रमा राखेर काम गर्ने होइन कि कसरी छिटै नवधनाड्‌वादको विषवृष हुर्काउनसकिन्छ भन्ने मात्र रहेको देखिन्छ । के राजनीति भनेको कमाउधन्दा मात्रै हो त ? यसको उत्तर कुनै न कुनै दिन त खोजिएला कि !

-रमेश पोखरेल

यस अङ्कमा

विशेष संवाद

आग्रह...- *गङ्गाप्रसाद अधिकारी/१०*

कविता/

गाजामा...- *प्रा.डा. हेमनाथ पौडेल/२०*

प्रकृतिको...- *मोहन दुवाल/२६*

मदनको...- *डा. गोविन्दप्रसाद आचार्य/३६*

झोले- *लीलाराज दाहाल/३९*

एक्लोपन- *वर्षा रेग्मी/३९*

हिँड्ने...- *सिजन श्रेष्ठ/६४*

अनुवाद/कथा

सम्बन्ध –*जसिन्ता केरेकेट्टा/१६*

कथा/लघुकथा

भित्री ... - *नारदप्रसाद आचार्य/३७*

भाइरल ... - *रञ्जुश्री पराजुली/३८*

यसपटक

विमल अर्याल/७

समीक्षा/निबन्ध/समालोचना

अनुवादः एक...- *चन्द्रबहादुर लामा/२१*

जेनजी...- *नर्मदेश्वरी सत्याल/२७*

झल्को...- *डा. फणीन्द्रराज निरौला/३२*

मेरो साथी- *देवीप्रसाद घिमिरे/४०*

हिमालको गीत...- *प्रा.डा. खेम दाहाल/४२*

स्थायी स्तम्भ

शिखर व्यक्तित्व

महर्षि वात्स्यायन/६

निरन्तर...

वासुदेव अधिकारी/५०

समाचार/६१

अनूभूति

डा.फणीन्द्रराज निरौला/६३

शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २२ अङ्क ९ पूर्णाङ्क २६०/२०८२ पुस
जिप्रकाका द.नं. ९४/२०६०/०६१

सल्लाहकार : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

प्रधान सम्पादक तथा प्रकाशक: वासुदेव अधिकारी

कार्यकारी सम्पादक: रमेश पोखरेल

सम्पादक: सुमी लोहनी, रूपक अलङ्कार

अन्तर्वार्ता संयोजन: अच्युत घिमिरे

वेब संयोजन: प्रशान्त खरेल

कला: गणेशकुमार जी.सी.

आवरण चित्र: (यःमरी), गुगल

प्रतिनिधि: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज),
नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

मुद्रण: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२

साजसज्जा: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

महर्षि वात्स्यायन

संस्कृत वाङ्मयको भण्डार अनेकौँ रत्नहरूले भरिएको छ। मानवजीवनलाई आवश्यक पर्ने सम्पूर्ण विषयहरूलाई संस्कृत वाङ्मयले आफूमा समाहित गरेको छ। आफ्ना अनुभव, अनुभूति र ज्ञानलाई निश्चित सन्दर्भमा सूचीकृत गरी पछिल्लो पुस्तालाई छोडिदिने मानवीय स्वभावका कारण संस्कृत वाङ्मय यति धनी भएको हो । आयुर्वेद, ज्योतिष, तन्त्र, अर्थशास्त्र, समाजविज्ञान, शिल्प, कला, साहित्य हुँदै कामशास्त्रका क्षेत्रमा समेत विभिन्न ग्रन्थहरू रचना भएका छन् । त्यस्ता महत्त्वपूर्ण ग्रन्थमध्ये कामसूत्र पनि एक हो जसका प्रवक्ता आचार्य वात्स्यायन हुन् ।

वात्स्यायन वत्स गोत्रमा जन्मिएका थिए भन्ने कुरा उनको नामबाट अवगत हुन्छ । उनी आफ्नो गोत्रप्रदत्त नामबाट प्रख्यात भए पनि उनको नाम के थियो भन्ने कुरामा एकमत छैन । कसैले अर्थशास्त्रका व्याख्याता कौटिल्य नै वात्स्यायन हुन् भनेका छन् भने विष्णुगुप्त, चाणक्य, मल्लनाग, पक्षिलस्वामी, द्रोमिण, वररुचि आदि नाम पनि सँगसँगै जोडिएर चर्चामा आउने गरेका छन् । कसैले भने चाणक्यका शिष्य नीतिकार कामन्दकलाई पनि वात्स्यायन मानेका छन् । त्यसैगरी वात्स्यायनको नाम मल्लनाग थियो भन्ने पनि छन् । यसरी वात्स्यायन को थिए भन्ने कुरा शङ्कापङ्कमा डुबे पनि वात्स्यायनले कामसूत्र र न्यायभाष्यको रचना गरे भन्ने कुरामा चाहिँ विवाद कम देखिन्छ।

वात्स्यायन पाटलीपुत्र(पटना)का वासिन्दा थिए भनिन्छ । उनी गुप्तकालीन दार्शनिक थिए । वात्स्यायनले न्यायसूत्रको भाष्य लेखेका छन् त्यसबाट उनी दर्शनशास्त्रका ज्ञाता थिए भन्ने पुष्टि हुन्छ । कामसूत्रका रचनाकारका रूपमा वात्स्यायन बढी प्रसिद्ध छन् । कामशास्त्र र वात्स्यायन पर्यायका रूपमा स्थापित भएका छन् ।

पूर्वीय दर्शनले धर्म, अर्थ, काम र मोक्षलाई चारओटा पुरुषार्थ मानेको छ। पुरुषार्थ भनेको मानिसले प्राप्त गर्ने उपलब्धि हो । यी चारओटै पुरुषार्थहरू परस्परमा अन्तःसम्बन्धित छन् । धर्मपूर्वक अर्थोपार्जन गर्नुपर्छ त्यसरी कमाएको पैसाले आफ्ना कामनाहरूको पूर्ति गर्नुपर्छ । कामनाशून्य भएको मानिस मात्र मोक्षमार्गको अधिकारी बन्न सक्छ । धर्मका बारेमा जैमिनिले धर्मसूत्र लेखेका छन् । अर्थका विषयमा कौटिल्यले अर्थशास्त्र लेखेका छन् । मोक्षका विषयमा वादरायणले ब्रह्मसूत्र लेखेका छन् । ती तीनओटा विषयमा प्रशस्त ग्रन्थ रचना भएका छन् । तुलनात्मक रूपमा कामका विषयमा शास्त्रीय चर्चा कम भएको देखिन्छ । मानवजीवनलाई सन्तुलित बनाउन धर्म, अर्थ, काम र मोक्ष चारैओट तत्त्वको उत्तिकै महत्त्व छ । यही महत्त्वलाई बुझेर वात्स्यायनले कामसूत्रको रचना गरे जुन ग्रन्थले उनलाई युगौँयुग अमर बनाइदियो ।

-रूपक अलङ्कार

यसपटक

❖ विमल अर्याल

वि.सं.२०१८ पुस १ मा माता रमादेवी अर्याल र पिता बद्रीप्रसाद अर्यालका सुपुत्रका रूपमा काठमाडौँको जोरपाटीमा जन्मिएका विमलप्रसाद अर्याल साहित्यमा विमल अर्यालका नामबाट कलम चलाउँछन् । त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेका अर्यालले २०३८ सालदेखि साहित्यमा कलम चलाउन थालेका हुन् । २०३९ सालमा 'प्रायश्चित' शीर्षकको कथा लिएर आएका उनले 'समृद्धि' मुक्तकसङ्ग्रह २०७९, 'आवरण' कवितासङ्ग्रह २०८१ र 'अन्तरमनको तरङ्ग' कथासङ्ग्रह २०८२ प्रकाशित गराइसकेका छन् । साथै विभिन्न पत्रपत्रिकामा फुटकर रचना कविता, कथा, संस्मरण, लेख, मुक्तक, सुसेली आदि प्रकाशित भएका छन्, भइरहेका छन् । दर्जनौँ विभिन्न साहित्यिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक सङ्घसंस्थामा सक्रिय रहेका अर्याल आधा दर्जनभन्दा बढी पुरस्कार तथा सम्मान कोषको स्थापनामा समेत सहभागी भएका छन् । साहित्य सिर्जना तथा सङ्घसंस्थाको सक्रियताका लागि उनलाई आधा दर्जनभन्दा बढी मान, सम्मान तथा पुरस्कारसमेत प्राप्त भएका छन् । नेपाली समाजको समसामयिक यथार्थलाई बडो सूक्ष्म रूपले जीवन्त चित्रण गर्ने, विसङ्गत पक्षलाई उजागर गर्ने र रूपान्तरणका पक्षमा स्पष्ट सन्देश सम्प्रेषण गर्ने अर्याल सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्ने स्रष्टा हुन् । अहिलेको समयका सामाजिक रूपान्तरण अभियानका यिनै अभियन्ताका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ ।

'आफूलाई समेत पखाल्नुपर्छ' शीर्षकको पहिलो कवितामा आस्था वा विचारमा स्खलन भएको, बाहिरी आवरण राम्रो देखिए पनि भित्र भित्र कुहिएको, अविश्वसनीय भएको नेपाली राजनीतिलाई शुद्ध पार्नुपर्छ, पखाल्नुपर्छ भन्ने भाव अभिव्यक्त भएको छ । 'हुरी' शीर्षकको दोस्रो कवितामा आस्था, भरोसा, विश्वास, आदर्श स्खलित भएर स्वार्थमा, परिवारवादमा, नातागोतामा खुम्चिएको; परिवर्तन वा रूपान्तरणका सपना साकार नभएकाप्रति चिन्ताभाव व्यक्त गर्दै देखल कमजोरीमा रूपान्तरण नगर्ने हो भने त्यस्तो प्रवृत्तिलाई निमिट्यान्न पार्ने हुरी आउने निश्चित रहेको दृढोक्तिभाव व्यक्त गरिएको छ । 'नदी' शीर्षकको तेस्रो कवितामा नदी निरन्तरताको प्रतीक हो, गतिशीलताको प्रतीक हो, अविचलता र दृढताको प्रतीक हो, कस्तै कुनै बाधाअवरोधले पनि रोक्ननसक्ने र गन्तव्यमा पुगिछाड्ने निःस्वार्थी र परोपकारी नदीबाट शिक्षा ग्रहण गर्नुपर्ने यथार्थपरक सन्देश सम्प्रेषण गरिएको छ ।

आफूलाई समेत पखाल्नुपर्छ

बिग्रन आँटेको रहेछ
अत्तोपत्तो पाइएन
कति राम्रो लाग्थ्यो
दायाँबायाँ केही सोचिएन
आफ्नो मान्छे !
सबैभन्दा मन परेको मान्छे !
मनमा बिझाएको भए
शरीरले थाहा पाउँथ्यो होला ।

आँखाले देखेको भए
दिमागले केही सोच्दथ्यो होला
रात परेको थिएन
अन्धकारमा झुक्किएँ भनौँ
झरी दर्केको थिएन
रुझेर चाउरिएँ भनौँ
कुनै रोग थिएन
जिउडाल चुस्त थियो
कुनै ढोङ थिएन
यद्यपि सुस्त रहेछु
चालढाल नबुझ्ने भएछु
ऊ होइन
म आफैँ बेकुफ बनेछु !

हात दिएको थिएन
सुरुमा आफैँ उदार भएँ
अनुनयविनय गरेको थिएन
आफैँले वातावरण सहज बनाएँ
इमानदारीमा सतिसालजस्तो लाग्थ्यो
न्यायमा कठोरता बोक्छजस्तो लाग्थ्यो
कुनै लालचमा फस्दैन
कुनै भेदभावमा लाग्दैन
यही त थियो
मेरो विश्वासको आधार
मेरो अठोटको कारण
जुन अकस्मात् धरमराएको छ
आज भित्रभित्रै कम्पनमा परेको छ
बाहिर रहरलाग्दो चिल्लो फर्सी
भित्र कुहिन सुरु भएछ
नाकले पत्तो लगायो
अब नजिक राख्नुहुँदैन
विभिन्न अत्तर छर्केर सुगन्धित बन्नसक्छ
अनेकौँ बहानामा पुनः स्थापित हुनसक्छ
दुर्गन्धलाई पूरै हटाउनुपर्छ
कतै छोइछिटो हुनसक्छ
आफूलाई समेत एकपटक पखाल्नुपर्छ ।

हुरी

अस्ति प्रतीक्षारत थियौँ
हिजो आह्वान गर्‍यौँ
अनि सँगसँगै मैदान उत्रियौँ
होमा हो मिलायौँ
के देखावटी थियो
वा बनावटी थियो ?
अहिले प्रश्न उब्जेको छ
संशय छाएको छ
किन इतिहासले पटक पटक धोका खान्छ !
युगपुरुष जन्मन्छन्
घरचोकमा दीप प्रज्ज्वलन हुन्छ
हर्षबढाइँ हुन्छ
तर अल्पकालीन
पुनः निराशाको बादल छाउँछ
कहिलेसम्म !
एउटा अनुत्तरित प्रश्न
बारम्बार उठिरहन्छ
बारम्बार उत्तर खोजिरहन्छ
एउटा आदर्श नायक
किन दीर्घायु बन्नसकेको छैन ?
व्यवहारमा परिवर्तन हुनै पर्ने
आचरणमा स्खलित हुनै पर्ने
कोही किन लामो समय त्याग देखाउन सक्दैन ?
घरपरिवारमा आशक्ति हुनु नै पर्ने
नातागोतामा लुट्पुटिनु नै पर्ने
खै ! हिजोको त्याग र समर्पण !

खै ! देश र जनताप्रतिको मोह !
उचित-अनुचितको ख्याल राख्नसक्ने
न्याय-अन्यायको भेद छुट्याउननसक्ने !

केवल रूपमा भिन्नता
आनीबानीले पुरानै संस्मरण गराउँछ
केवल शब्दमा भिन्नता
कार्यशैलीले पुरानै संस्करण बताउँछ
चोखो निर्मल नदी नरुचाएर
किन दुर्गन्धित तलाउमा स्नान गर्नपुग्छ ?
गर्बिलो विगत बिर्सिएर
किन पसिना र स्वाभिमान तुच्छ ठान्नपुग्छ
सत्य तितो हुन्छ
सुझाव ननिको हुन्छ
गुनासा ठिक लाग्दैनन्
यद्यपि
यथार्थ, यथार्थ हो
धेरै टाढासम्म जाँदैन
एउटा हुरीको उपज
आज सानो बताससँग भाग्नखोज्छ
एउटा प्रवाहको नायक
आज गति र गतिविधिसँग टाढा बस्नखोज्छ
समाधान नखोजी
मात्र आफ्नो हितमा
समस्या बल्झाइराख्न चाहन्छ
तर कसले भन्नसक्छ !
हिजोझैँ हुरी पुनः आउँदैन भनेर
हिजोझैँ पतकर उडाएर लाँदैन भनेर !

नदी

एक दिन
बिलाउनु छ
अस्तित्व मेटाएर हराउनु छ
त्यसपछि समाप्त हुन्छ यात्रा ।
सम्झेर चुप छैनौ
गतिहीन हुन जान्दैनौ
वर्तमान हो जीवन
पछाडि फर्किन मान्दैनौ !
आम मानिसझैँ
तिमीले पनि अवरोध सहनुपर्छ
सजिलो छैन
ढुङ्गाले रोक्नखोज्छ
माटोले पुर्नखोज्छ
प्राकृतिक प्रकोपमा पर्नुपर्छ
मानिसको दखलमा बस्नुपर्छ
कतै बाँध बाँधेर थुन्छन्
पोखरी बनाउँछन्
कतै सुरुङभित्र कोच्छन्
बाहिरी संसार छोप्छन्
यद्यपि
उन्मुक्त नगरी धर छैन
अति भए शक्ति देखाउँछौ
आफ्नो बाटो आफैँ बनाउँछौ
सदा जमेर बस्न सक्दैनौ
खुम्चेर अट्न जान्दैनौ
अन्ततः
खुला आकाश हेर्नै छ
आफ्नो सामर्थ्य देखाउनै छ
जमिन सिञ्चित गर्नु छ
सबैतिर हरियाली भर्नु छ
मानवदेखि किटपतङ्ग सबै जोगाउन
पर्यावरण मिलाउनु छ
एक किनारमा बसेर
म हेरिरहेछु
केही सोचिरहेछु
धेरै बेर बित्यो
बल्ल चाल पाउन थालेको हुँ
अन्तिम गन्तव्य समुद्र हो
जसले अस्तित्व निल्छ
तैपनि पर्वाह नगरी
उसैतर्फ एकनास गति बढाइरहेछौ
न ग्लानि छ
बरु खुसी पो देख्छु
अस्तित्व मेटाएर
आफूलाई महासागर बनाइरहेछौ ।

❖ गङ्गाप्रसाद अधिकारी

आग्रह पूर्वाग्रहबाट अप्रभावित रहेर वस्तुनिष्ठ ढङ्गले गरिने समालोचना नै वास्तविक समालोचना हो

वि.सं.२०१७ जेठ ३१ गते इलाम जिल्लाको इरौँटार गाउँ पञ्चायत वडा नं. ६ (हाल रोङ गाउँपालिका) नाखोपा गाउँमा माता तुलसादेवी र पिता इन्द्रप्रसाद अधिकारीका ज्येष्ठ सुपुत्रका रूपमा जन्मिनुभएका गङ्गाप्रसाद अधिकारी नेपाली भाषा तथा साहित्यका क्षेत्रमा सुपरिचित हुनुहुन्छ। उहाँ नेपाली साहित्यमा समालोचक र अनुसन्धाताका रूपमा परिचित स्रष्टा मानिनुहुन्छ। प्रगतिवादी स्रष्टा अधिकारीका *अभिवीक्षण (२०६५), अन्वेषण र विश्लेषण (२०६९), अवलोकन (२०६९) र केही भूमिका केही समीक्षा (२०७९)* लगायतका कृतिहरू प्रकाशित छन्। उहाँका छाया (पाश्चात्य आख्यानको अनुवाद), नाखोपादेखि केल्बासम्म (यात्रा संस्मरण) प्रकाशोन्मुख छन्। प्रगतिवादी चेतसहितको खोजअनुसन्धानात्मक लेखन उहाँका विशेषता मानिन्छन्। नेपाली समाजको गहिरो अध्ययन, तुलनात्मक, विश्लेषणात्मक क्षमता र निजीपनका कारण अधिकारी साहित्यको बजारमा स्थापित हुनुहुन्छ। नेपाली साहित्यमा विशिष्ट योगदान गरेबापत उहाँ केही स्थानीय संस्थाहरूबाट सम्मानित र अभिनन्दित पनि हुनुहुन्छ। 'शब्द संयोजन' साहित्यिक मासिकका लागि उहाँसँग स्रष्टा तथा साहित्यिक पत्रकार अच्युत घिमिरेले गरेको संवाद यहाँ समावेश गरिएको छः

अच्युत : पछिल्लो समय सिर्जनात्मक कार्यमा कसरी लागिरहनुभएको छ ?

अधिकारीः अहिले मुख्य रूपले म झापा जिल्लाको नेपाली साहित्यको ऐतिहासिक पक्षको खोजीमा छु। सङ्कलन र लेखन कार्य सँगसँगै अघि बढ्दै छ। साथमा समीक्षा, समालोचना, पुस्तकहरूको भूमिकालेखन, कृतिहरूको पाठसम्पादन, खोज-अन्वेषण आदि काम पनि भ्याउँदै छु। सिर्जना चाहिँ कहिले कहिले लहड चल्यो भने मात्रै हो। सिर्जनाभन्दा पनि प्राज्ञिक काममा नै मेरो मुख्य समय लागिरहेको छ।

अच्युतः लेखनकार्यमा कहिलेदेखि किन लाग्नुभयो ?

अधिकारी : सिर्जनामा चाहिँ म विद्यार्थी

कालदेखि नै अभ्यास गर्न थालेको हुँ । धरान, पिण्डेश्वर विद्यापीठमा पढ्दा २०३८ सालमा मेरो पहिलो सिर्जना 'दुनीको दाल' भन्ने कथा प्रकाशित भएको हो, स्ववियुको लालीकिरण पत्रिकामा । अन्य प्राज्ञिक लेखनमा त स्नातकोत्तर पढ्दा शोध गर्नुपर्ने बाध्यताले तान्यो भन्नुपर्ला । त्यसअघि यता लाग्ने आँट पनि गरिएको थिएन । बाध्यता भएपछि आँट स्वतः आउँदो रहेछ । प्रकाशनका दृष्टिले चाहिँ २०४४ सालतिर जुहीमा छापिएको 'नाटककार मोहनराज शर्मा' नै मेरो पहिलो समीक्षात्मक लेख हो ।

अच्युतः तपाईँ कुन घटनाले छोएपछि लेख्न थाल्नुहुन्छ ?

अधिकारीः तपाईँको प्रश्नले सिर्जनाको कुरा गरेजस्तो लाग्यो । म खासमा अध्येता हुँ, सर्जक होइन । सिर्जना त कहिलेकाहीँ लहड चलेका वेला लेखिटोपल्ने मात्र हो । कति नै प्रकाशित भए होला र अहिलेसम्ममा ? त्यही सबै गरी २०/२२ । जहाँसम्म घटनाको कुरा छ, कुनै मनमा बिभ्भ्ने खालको संवेदनशील घटना घट्यो भने र लहड चल्यो भने लेख्ने हो ।

अच्युतः तपाईँको विचारमा समाज र साहित्यको सम्बन्ध कस्तो हुन्छ ?

अधिकारी : हुनुपर्ने त नङ र मासुको जस्तै हो नि ! तर अचेल त्यस्तो कमै मात्र देखिन्छ । हिजोआज पठन संस्कृति नै बरालिएको छ । पढ्नेभन्दा गफ जोत्ने मान्छे गतिला छन् समाजमा । गफै जोतेर पुग्छ भने किन पढ्नुपर्‍यो । अहिले त साहित्यको ठाउँ टिकटक, रिल, युट्युबजस्ता सामाजिक सन्जालले पो लिइरहेको देख्छु । कसले पढ्ने साहित्य ? यस्तो स्थितिले साहित्यलाई समाजबाट टाढा पुर्‍याउँदै गरेजस्तो लाग्छ ।

अच्युतः आफ्ना र अरूका सिर्जनालाई कसरी तुलना गर्नुहुन्छ ?

अधिकारीः भनिहालेँ, म सर्जक होइन । लहडमा यसो कहिलेकाहीँ लेख्ने मात्र हो । त्यसैले अरूका रचनासँग दाँजिने होलान्जस्तो नै लाग्दैन । अथवा यसो भनौँ, अरूका रचनासँग तुलना गरिहेरेकै छैन ।

अच्युतः सिर्जनकर्म (साहित्य लेखन) र घरव्यवहारलाई कसरी सन्तुलनमा राख्नुभएको छ ?

अधिकारीः साहित्य लेखन होइन, लेखन मात्र भन्नुपर्ला । त्यसो हुँदा मात्र तपाईँको प्रश्नको औचित्य मिल्छ । म घरव्यवहार गर्दिनँ । घरव्यवहार गर्ने त श्रीमती हुन् । म आफ्नो बौद्धिक-प्राज्ञिक-रचनात्मक कामलाई पहिलो प्राथमिकतामा राख्छु । घरको आर्थिक पाटोबाहेक मैले गर्ने भनेको श्रीमतीले 'गरिदिनू ल ?' भनेका कुरा मात्रै हो । परस्पर सघाउने कुरा भने बराबरैजस्तो हुन्छ । उनी मलाई आफ्नो कामका लागि पूरै समय स्वतन्त्र छोडेर सहयोग पुर्‍याउँछिन्, म भ्याएका वेला उनका काममा सरसहयोग पुर्‍याएर उनलाई सहयोग गर्छु बस् । यसरी नै सन्तुलन मिल्दै आएको छ २०४८ सालको माघ २ गतेदेखि ।

अच्युतः आफ्ना अनुसन्धानात्मक र समालोचनात्क रचनाहरूले समाजमा कस्तो प्रभाव पारेजस्तो लाग्छ ?

अधिकारीः त्यतातिर पनि खासै ध्यान दिएको छैन । मलाई मेरासामु फुर्क्याउनेको विश्वास लाग्दैन । पछाडि कसले के भन्छ के जान्नु र ? केही प्रभाव त पर्छ होला नै पढ्नेलाई । यस्ता कृतिहरू सर्वसाधारणले पढ्ने कुरा भएन, प्राज्ञिक नै पाठक हुनुपर्‍यो । हो, कसै कसैले भने आफ्नो

लेखको सारभूत कुरा मेरो लेखबाट सारेर सन्दर्भ चाहिँ मेरो नदिई अरू अरूकै लेखबाट दिएको भेटेको छु । यसले भने सम्बद्ध व्यक्तिहरूलाई राम्रै प्रभाव पारेको रहेछ भन्ने नै लाग्छ ।

अच्युत: समालोचना केका लागि लेख्नुहुन्छ ?

अधिकारी: सुरुमा बाध्यताले । विद्यार्थी हुँदा परीक्षाको प्रयोजनका लागि समालोचना गरियो । मैले भन्न खोजेको परीक्षामा लेखिएको उत्तर नै प्रारम्भिक समालोचना हो । अभ्यास त्यहीँबाट सुरु भयो । त्यसैले थालनी बाध्यताले गरियो । त्यसपछि शोधकार्यमा लाग्दा पनि त्यही बाध्यता हो । अलि अलि लेखनमा हात बसेपछि कसैले भूमिका लोखिदिन, कसैले पुस्तकको समीक्षा गरिदिन, कसैले समालोचना गरिदिन, कतै साहित्यिक समारोहहरूमा टिप्पणी गरिदिन आग्रह गर्नथाले त्यसपछि हार्न नसकेर बाध्यताले नै लेखियो । अलि परिपक्व हुँदै गएपछि आफैँमा सिर्जना भएको कौतूहल र जिज्ञासाले अध्ययन र लेखनतिर पाइला बढाइयो । वास्तविक लेखन भनेको यही नै होजस्तो लाग्छ । त्यसैले जिज्ञासा र कौतूहल मेट्न अध्ययन गर्छु त्यसलाई जीवन्त राख्न र आफ्ना कर्मलाई सार्वजनिक गर्न लेख्छु । यसको अर्थ के हुन्छ होला ? स्वान्तः सुखाय ? हो, पछिल्लो समयको मेरो अध्ययन र लेखन यसकै लागि हो ।

अच्युत: आफूले समालोचना गर्दा कस्तो कृतिलाई बढी प्राथमिकता दिनुहुन्छ ?

अधिकारी: मेरो लेखन भनेको कृतिपरक समालोचनाभन्दा पनि अहिले चाहिँ विषयपरक, सिद्धान्तपरक नै बढी हुन्छ । कृतिपरक समालोचना भनेको त अरूकै आग्रहमा लेख्ने हो । प्राथमिकता दिएर समालोचना लेख्नेभन्दा पनि कुन कृतिबारे वा को व्यक्तिबारे लेख्नुपर्ने हुन्छ त्यसमै लेख्ने हो । स्वतन्त्र ढङ्गले भने समाजपरक दृष्टिकोणबाट उत्तम लागेका कृतिको समालोचना गर्ने गर्छु ।

अच्युत: अनुसन्धानात्मक लेखनमा रुचि कसरी बढ्यो ?

अधिकारी: त्यो पनि आवश्यकताले र बाध्यताले । पछि पछि जिज्ञासा र कुतूहल मेटाउन । यसबारे माथि नै प्रस्ट पारिसकेको छु ।

अच्युत: खोज-अनुसन्धानका क्षेत्रमा कलम चलाइ रहनुभएको छ । साहित्यका कस्ता विषयलाई बढी प्राथमिकता दिनुहुन्छ ?

अधिकारी: पहिले पहिले जे परिआउँछ, त्यसैमा कलम चलाउने गरियो । अहिले खासगरी विद्यावारिधिपछि भने पुराना कुराको खोजी, विशेषतः संस्कृत काव्यशास्त्रप्रति बढी लगाव छ । त्यसको अर्थ आधुनिक विषयलाई छोडेको भने होइन । खासगरी समाजपरक मार्क्सवादी, पाठकीय अनुक्रियापरक, साहित्येतिहासपरक, समाजशास्त्रीय आदि दृष्टिबाट पनि समालोचनाहरू लेखेकै छु । संस्कृत काव्यशास्त्रीय अध्ययनमा चाहिँ वैदिक संहितादेखि नै काव्यशास्त्रीय चिन्तनका केकस्ता प्रारूपहरू देखा पर्दै आए र त्यो परम्पराले कसरी काव्यशास्त्रीय रूप प्राप्त गऱ्यो भन्ने विषयलाई केलाएको छु । संस्कृत काव्यशास्त्रीय परम्परामा आधुनिक ढङ्गको कुनै कृतिको कुनै पक्षविशेषमा समालोचना गर्ने परम्परा रहेको पाइन्न । भनौँ, संस्कृत परम्परामा कुनै कृतिबारे गरिएको प्रायोगिक समालोचनाको नमुना पाइँदैन । जेजति काव्यशास्त्रीय चर्चाका क्रममा उदाहरणका रूपमा काव्यांश प्रस्तुत गरिएका छन् तिनैलाई व्यावहारिक समालोचना पनि मान्नुपर्ने स्थिति छ त्यसैले म विशेषतः विद्यावारिधि गरेपछि

यसतर्फ अध्ययन गर्नथालेको छु। विद्यावारिधिका क्रममा वक्रोक्तिपरक समालोचनाको प्रारूप तयार भएको छ भने त्यसपछि औचित्यपरक समालोचना, रसपरक, अलङ्कारपरक, ध्वनिपरकजस्ता काव्यशास्त्रीय सिद्धान्तलाई व्यावहारिक समालोचनाका मानदण्ड बनाउने काममा अघिल्ला अध्येताहरूका पदचापलाई पछ्याउँदै आफ्नो योगदान त्यस परम्परामा दिँदै आएको छु। मेरो पछिल्लो अध्ययनको परिधि यही हो।

अच्युत: झापाको साहित्यिक इतिहास लेखनमा लाग्नुभएको छ। कृतिलाई गहकिलो, यथार्थपरक र प्रामाणिक बनाउन केकसरी अगाडि बढ्दै हुनुहुन्छ ?

अधिकारी: झापाको साहित्यिक इतिहास लेखनको कामले अहिले आएर अलिक गति बढाएको छ। डेढवर्ष जति क्याम्पसमा अनुसन्धान व्यवस्थापन एकाइको नेतृत्वमा रहनुपर्ने भएकाले अलमल भएको थियो । त्यताबाट मुक्त भएपछि मेरो मुख्य काम यही भएको छ। अब केही फिल्डको काम गर्नु छ, केही विश्लेषण पनि गर्नु छ। फिल्डबाट केही सामग्री अवश्य नै आउनै छन्, तिनलाई व्यवस्थित गरेपछि काम सकिन्छ। २०८३ को नववर्षको अवसर पारेर पुस्तक विमोचन गर्नसक्छु कि ? भन्ने लागेको छ। हेरौँ। आर्थिक पक्ष पनि एउटा महत्त्वपूर्ण कुरा हुन्छ।

अच्युत: पाठकले तपाईँलाई समालोचक र अनुसन्धाता भनेर सम्बोधन गर्दा कतिको गर्व लाग्छ ? बताइदिनुहोस् न।

अधिकारी: त्यो त पाठकले गरेको मेरो कामको मूल्याङ्कन हो। त्यो भूमिकामा मलाई पाठकले, अध्येताले स्विकारेको स्थिति हो। यस्तो कुराले गर्व लाग्नु स्वाभाविकै हो।

अच्युत: हामी पाठक गङ्गाप्रसाद अधिकारीलाई विशिष्ट समालोचकका रूपमा नै चिन्छौँ। प्राध्यापकीय समालोचना (सूत्र समालोचना) र स्वतन्त्र समालोचनाबिचको अन्तर बताइदिनुहोस् न।

अधिकारी: यो त मलाई चिन्नेहरूको आआफ्नो दृष्टिकोण हो। तपाईँ विशिष्ट भन्नुहोला, अर्कोले अशिष्ट भन्ला, यो सामान्य कुरा हो। तपाईँले उठाउनुभएको प्राध्यापकीय समालोचनाको कुरा चाहिँ अलि विशेष होला। के हो प्राध्यापकीय समालोचना ? यसको कुनै नयाँ सिद्धान्त पनि बनाइएको छ कि ? मलाई लाग्छ प्राध्यापकहरूले गर्ने समालोचनालाई प्राध्यापकीय समालोचना भनिएको हो। त्यसो भए प्राध्यापकहरू निकम्मा समालोचक हुन् त ? यस विषयमा म छोटोमायति मात्र भन्छुसम्बद्ध विधाको सैद्धान्तिक आधारसमेत दिएर कृतिबाट साक्ष्यसमेत लिएर गुणदोषको विवेचना गरेर निष्कर्ष निकाल्ने पद्धति नै निष्पक्ष समालोचनाको पद्धति हो र साँचो अर्थमा 'सम्यक् आलोचना' (विधिपूर्वक गरिने आलोचना) वा 'सम आलोचना' (गुणदोषमा बराबरी नजर लगाएर गरिने आलोचना) यही नै हो भन्छु म । आलोचकहरूले भन्ने गरेको प्राध्यापकीय समालोचना भनेको यही नै होला। विदेशी शब्दहरूको थुप्रो लगाएर कृतिको वास्तविकताभन्दा परका अनेक बिङ्ग लगाएर व्यक्तिगत प्रभावको आधारमा प्रभावपरक दृष्टिबाट गरिएको अध्ययनले कृतिको वास्तविक मूल्याङ्कन हुनसक्दैन। त्यस्तो त समीक्षा मात्र हुन्छ। सिद्धान्त र साक्ष्यका आधारमा कृतिको तटस्थ मूल्याङ्कन गर्नु नै साँचो अर्थमा समालोचना हो। के फरक छ भन्ने यतिमै स्पष्ट होला।

अच्युत: तपाईँको विचारमा वास्तविक समालोचना चाहिँ कुन हो ?

अधिकारी: मैले माथि नै भनिसकेँ नि ! जसलाई प्राध्यापकीय समालोचना भनेर आलोचना गरिन्छ।

अच्युतः अहिलेसम्म नेपाली साहित्यको समालोचना क्षेत्रमा एकाधबाहेक खाटी समालोचक नै छैनन् भन्छन् नि, तपाईँ के भन्नुहुन्छ ?

अधिकारी: गलत कुरा। केही टपर्टुइयाँलाई हेरेर यस्तो कुरा गर्नु गलत हो।

अच्युतः चाकडी, चाप्लुसी र भनसुनका आधारमा गरिने समालोचनालाई के भन्नुहुन्छ ?

अधिकारी: टपर्टुइयाँ। समालोचनाको फाँटलाई नै धमिल्याउँछन् तिनले।

अच्युतः तपाईँ आफूलाई कस्तो वर्गको समालोचक ठान्नुहुन्छ ?

अधिकारी: प्राध्यापकीय समालोचनाकर्मी । एउटा प्राध्यापकको नाताले जे जे आइलाग्छ।

अच्युतः नेपाली समालोचनाको आजको अवस्थालाई कुन रूपमा हेर्नुहुन्छ र यो कसरी अगाडि बढ्दै छ ? बताइदिनुहोस् न।

अधिकारी: शोधपरकताको अनिवार्यता आजको समालोचनामा देखिन थालेको छ । कुनै आग्रह पूर्वाग्रहबाट अप्रभावित रहेर वस्तुनिष्ठ ढङ्गले गरिने समालोचना नै वास्तविक समालोचना हो। शोधपरकताले समालोचनालाई निष्पक्ष र वस्तुनिष्ठ बनाउन सहयोग गर्छ। आज भनिने गरेको प्राध्यापकीय समालोचनाको रूप पनि यही हो । केही विसङ्गति पनि नेपाली समालोचनामा नभएका होइनन्, तर पनि नेपाली समालोचनाको आजको अवस्था यस दृष्टिले सकारात्मक छ।

अच्युतः नेपाली साहित्यमा अनुसन्धानात्मक लेखनको अवस्था कस्तो छ ? बताइदिनुहोस् न ?

अधिकारी: साहित्यको अनुसन्धानको सन्दर्भ हो भने हिजोआजको अवस्थामा अनुसन्धानका वैज्ञानिक विधिको अनिवार्यताले साँचो अर्थमा साहित्यको पनि अनुसन्धान कार्य अघि बढेको देख्छु म । हिजोआज बौद्धिक चोरीको नियन्त्रणमा प्रविधिले निकै बल पुऱ्याएको छ। यसले गर्दा अनुसन्धान कार्य विश्वसनीय पनि बन्दै गइरहेको छ। यो सकारात्मक कुरा हो।

अच्युतः पाठकहरू गङ्गाप्रसाद अधिकारीको लेखन अरूको भन्दा फरक छ भन्छन् नि । तपाईँको लेखनमा भएका ती फरकपनाहरू चाहिँ के के हुन् ? बताइदिनुहोस्।

अधिकारी: यस्तो कुराको जबाफ म कसरी दिऊँ ? त्यो त जसले फरक देख्छ उसैले बताउने कुरा होइन र ?

अच्युतः सरकारी स्तरबाट (राज्य व्यवस्थाबाट) साहित्य र साहित्यकारलाई हेर्ने दृष्टिकोण कस्तो पाउनुभएको छ ? तपाईँको धारणा बताइदिनुहोस् न।

अधिकारी : अब यस्ता विकृतिका कुरा गरिनरहुँजस्तो लाग्छ। यति मात्र भनौँ, जसको पहुँच पुग्छ त्यस्तो व्यक्ति टपर्टुइयाँ नै भए पनि सरकारको नजरमा परेको हुन्छ, अरू त गीतले भन्छ नि "हेरेको हेऱ्यै" ! यही छ स्थिति। केही पाउनु छ भने हल्ला गर ! बस् !

अच्युतः समग्रमा आजको नेपाली साहित्यको अवस्था कस्तो देख्नुभएको छ ?

अधिकारी: नेपाली साहित्यमा अश्लीलता, जातीय र लैङ्गिक विद्वेष बढ्दै गएको स्थिति देख्छु, यो चिन्ताको विषय हो। यसबाहेक अरू

पक्ष त आशालाग्दो नै छ।

अच्युतः साहित्यमा देखिएका विभिन्न गुट, उपगुटहरूबारे तपाईँलाई के भन्नु छ ?

अधिकारीः यस विषयमा एउटा रमाइलो प्रसङ्ग कोट्याउँछु है त ! एकजना शतञ्जय भन्ने कविले राजाका सभामा आफ्नो जमानाका उत्कृष्ट कविहरू माघ, भारवि र कालिदासभन्दा म उत्तम हुँ भन्ने प्रमाणित गरेर राजाबाट स्याबासी र धन पाउने उद्देश्यले एउटा श्लोक लेखेर एउटा बालकलाई पठाएछन् । श्लोक यस्तो थियो : "अपशब्द शतं माघे, भारवे च शतत्रयम् । कालिदासे न गण्यन्ते कविरेक शतञ्जयः ।" (अपशब्द (नराम्रा शब्द, अश्लील वा त्यस्तै शब्द) माघका काव्यमा सयवटा छन्, भारविकामा तीन सय छन्, कालिदासका काव्यमा त गनिसाध्य छैन, खाँटी कवि भनेको त शतञ्जय हो।) राजद्वारतिर जाँदै गरेको त्यस बालकले बोकेको त्यो पद्यमा अशुद्धि छ भनेर अर्को कविले 'अप'लाई 'आप' बनाइदिएछ। बालकले त्यो श्लोक पढ्दा सभा हाँसोले गुञ्जायमान भयो किनभने आपको अर्थ पानी हो । 'अपशब्द'का ठाउँमा 'पानी शब्द' राखिएपछि त्यो पद्य अर्थहीन र हास्यास्पद भयो। आजको नेपाली साहित्यमा तपाईँले भनेजस्तो गुटउपगुट छ भने त्यो यसैका लागि हो। अर्को कुनै कारण हुनसक्दैन।

अच्युतः नेपाली साहित्यमा गुणात्मक लेखन लेखिरहेका स्रष्टाहरूका नाम लिनुपर्दा ककस्को नाम लिनुहुन्छ र किन ?

अधिकारीः गुणात्मक लेखन भनेको वजनदार लेखन हो । वर्तमान नेपाली राज्यव्यवस्था, समाज, व्यक्ति आदिमा देखिएका खराब कुरालाई हटाउन र समाजलाई सुमार्गमा डोऱ्याउन प्रयास गर्ने लेखन मेरो दृष्टिमा अहिलेको वजनदार लेखन हो। त्यस्ता सिर्जनारत लेखक थुप्रै छन् । कसको नाउँ लिनु र ? दुई चार मात्र नाउँ लिँदा अरूमाथि अन्याय होला। मैले माथि भनेका कुरामा जो जो लेखक उम्दा ठहर्छन् मेरा नजरमा ती सबै प्रशंस्य छन्।

अच्युतः तपाईँको विचारमा स्रष्टा र द्रष्टाबिच के अन्तर छ ?

अधिकारीः 'कवि करोति काव्यानि रसम् जानाति पण्डितः' प्रसिद्ध छँदै छ नि ! स्रष्टाको काम सिर्जना गर्ने हो द्रष्टाको काम उसका सिर्जनाको पारख गर्ने र परेका वेला नाडी छाम्ने पनि हो।

अच्युतः नयाँ पुस्ताका स्रष्टाहरूलाई केकस्ता सल्लाह, सुझावहरू दिनुहुन्छ ?

अधिकारीः आजको आवश्यकता मुलुकको समृद्धि हो, नागरिकको समुन्नति हो। त्यो कुरा हाम्रो मुलकुमा भएका विकृति विसङ्गतिलाई हटाएर र नागरिकलाई एकजुट पारेर मात्र सम्भव छ। त्यसका लागि सिर्जनाका फाँटबाट सबै स्रष्टाहरू लागिपर्नु आवश्यक छ तर त्यसो भन्दैमा विचारको कोरा नारातिर लागेर साहित्यको रूपपक्षमाथि अन्याय चाहिँ नहोस् किन भने पहिले साहित्य अनि मात्र त्यसको प्रयोजन।

अच्युतः तपाईँले भन्नैपर्ने, मैले सोध्न छुटाएका साहित्यसम्बन्धी कुराहरू पक्कै छन्। त्यस्ता कुराहरू सङ्क्षेपमा बताइदिनुहोस् न ?

अधिकारी : त्यस्तो भन्नै पर्ने खास केही छैन।

अच्युत पाठकलाई तपाईँका महत्त्वपूर्ण विचारहरू बुझ्ने अवसर दिनुभएकोमा यहाँप्रति आभारी छु।

अधिकारी : मलाई पनि पाठकसम्म आफूलाई प्रस्तुत गर्ने अवसर दिनुभयो । यसका लागि तपाईँलाई धन्यवाद छ।

सम्बन्ध

❖ मूल हिन्दीः जसिन्ता केरकेट्टा
नेपाली अनुवाद : वैद्यनाथ उपाध्याय

'तिम्रा बुढ़ासँग मेरो सम्बन्ध थियो', मैनाले भनी। 'अँ, उनले मलाई भनेका थिए', सुरजमुनीले भनी। ऊ केही बेर चुप रही अनि विस्तारै भनी, 'आरम्भमा धेरै पिर लाग्यो। लाग्यो, मेरो विश्वास उनले तोडेका छन् र तिमीले पनि। तिमीहरू दुबैसँग धेरै रिस उठ्यो। फेरि केही महसुस गरैं अनि सबै दुःख हरायो।' उसका आँखामा आँसु थिए।

केही बेर दुबै चुप रहे। 'उनी राम्रा मान्छे हुन्। उनले कहिल्यै मेरो अपमान गरेनन्। फेरि एक दिन तिमी आयौ उनको जीवनमा। यसरी तिमी मेरो जीवनमा पनि आयौ। तिमी मलाई राम्रो लाग्न थाल्यौ। तिमीले पनि मेरो कहिल्यै अपमान गरिनौ। यो सब सोचेर मेरो सबै दुःख हरायो', सुरजमुनीले आँसु पुछ्तै भनी।

'एउटा कुरा भनौँ तिमीलाई ?' उसले अगाडि भनी। के ? मैना आँखाले तलतिर हेरिरहेकी थिई। 'उसले उसतिर शिर उठाएर सोधी। विवाहपछि पनि हामी कहिल्यै साथमा सुतेनौँ। उनले मसँग बिहे गरेका छन्। त्यसैले मेरो अधिकार छ उनीप्रति। यसै अधिकारभावले गर्दा दुःख लागेको थियो', सुरजमुनीले विस्तारै भनी। 'तिम्रो सम्बन्ध कस्तो थियो फेरि उनीसँग ?' मैनाले सोधी। 'उनी पिताजस्तै थिए। समाजको लागि पति थिए', केही रोकिएर सुरजमुनीले भनी। फेरि भनि नै रही।

'विवाह गरेर जब यस घरमा आएकी थिएँ, त्यस वेला हामीसँग सानो कोठा थियो। सानो पाकघर। त्यसैसँग जोडिएको सानो बाथरूम थियो। बस यत्ति नै जग्गा थियो। यत्ति नै ठाउँमा एउटा कुना उनको थियो। एउटा कुना मेरो। एउटै छानामुनि लामो समयसम्म हामी यसरी नै रह्यौँ। सँगै थियौँ तर दुबै एक्लै थियौँ। सम्बन्धमा थिएनौँ कहिल्यै।' 'किन ?' मैनाले सोधी। 'उनी मेरो गरीबी, मेरो दुःख देखेर कुनै सुरतले मेरो मदत गर्न चाहन्थे तर समाजमा मान्छेहरू सम्बन्धको नाम सोद्धथे। सोद्धथे कि कुन अधिकारले मेरो मदत गरिरहेका छन् ? तब एक दिन सादगीका साथ विवाह गरेर मलाई आफ्नो घर लिएर आए।'

'के तिमी उनलाई चाहन्थ्यौ ? तिमीले उनलाई केही भन्यौ ?' 'के भन्नु ? मान्छे राम्रा थिए। दुई छाक भात खुवाउन सक्ने थिए। एउटा छानो छ। जाँड-रक्सी पिउँदैनन्। मेरा बाबा निश्चिन्त थिए कि रक्सी खाएर कुटपिट त गर्दैन।' लामो सास फेर्दै उनी अगाडि भन्दै गइन्, 'आमाको स्वर्गवास भइसकेको थियो। बाबा रक्सीको भट्टीमा सधैँ बसि नै रहन्थे। भाइबहिनीहरू सबै यताउता भट्कि नै रहेका थिए। काकाका छोराहरूले हाम्रो जम्मै जमिन हडपेका थिए। तब उनी मेरो साथमा खडा भए।'

'प्रेम थियो ?' प्रेम हुनका लागि त आजादी चाहिन्छ। जसकी आमा मरिसकेकी थिइन्, समस्याहरूसँग जुध्दै, ठक्कर खाँदै एउटा डराएकी केटी यो समाजमा कति आजाद हुनसक्छे ? विवाहपछि पनि धेरै दिनसम्म हामीबिच कुराकानी भएन। हामी के विषयमा बात गर्ने ? हामी दुई बेग्लै प्रकारका मान्छे थियौँ। विवाहपछि पनि एउटै छानामुनि

ओछ्यानमा आफ्नो आफ्नो कुनामा सुत्दथ्यौँ। धेरै दिनपछि उनले एक दिन भने, 'उनले मलाई पत्नीजस्तो हेर्नसकेका छैनन् तर उनमा मप्रति स्नेह धेरै छ।' 'फेरि उनी तिमीलाई कसरी हेर्दथे ?' मैनाले सोधी। 'छोरीजस्तै। धेरै दिनसम्म यो सुनेर अशान्त रहेँ। फेरि विवाह किन गऱ्यौ मसँग ? एउटा यो प्रश्न आइ नै रह्यो मनमा धेरै दिनसम्म। विस्तारै विस्तारै मलाई पाकघरसँग प्यार हुनथाल्यो। कोठामा एउटा टी.भी. थियो। म टी.भी. हेरिरहन्थेँ। खुसी रहन्थेँ। मैले आफ्नो खुसी भेटिरहेथेँ घरभित्रै। कहिलेकाहीँ उनी घर फर्किएर खाना खाँदैनथे। तब दुःख लाग्थ्यो। उनी चुपचाप सुत्दथे। म पनि ओच्छ्यानको अर्को कुनामा सुत्दथेँ।' सुरजमुनीले अगाडि भनी।

'तिमीले उनलाई कहिल्यै किन केही भनिनौ ?' 'म उनलाई के भन्नु ? निर्णय त पुरूषले नै लिन्छन्। यस्तो सुन्दै हेर्दै हामी ठुला भएका हौँ। मैले पनि स्विकारेँ कि यो नै जीवन हो। यो नै घर हो। कहाँ जानु र ? अब त यो नै घर हो।' तर अचानक सबैथोक बदलियो। हामी विस्तारै विस्तारै कुरा गर्नथाल्यौँ। साथै हाँस्न लाग्यौँ। आआफ्ना भावनाहरू साझा गर्नलाग्यौँ। विस्तारै विस्तारै साथी बन्यौँ। यो त्यही समय थियो, जब तिमी उनको जीवनमा आयौ। अनि तिमी नयाँ बहस लिएर आयौ। मेरा इच्छाहरू, मेरा सपनाहरूको बहस। यो नयाँ कुरा थियो। तिम्रैलागि उनी पिताबाट साथीजस्तै लाग्न लागे।' सुरजमुनी अघि बोलि नै रही, 'जब साथी हुन लागे तब हामी आफ्ना कुराहरू, सपनाहरू साझा गर्नथाल्यौँ। मैले पहिलोपल्ट उनलाई जानेँ। उनले पनि पहिलोपल्ट मलाई ध्यानले सुने। हामी प्रायः तिम्रो कुरा गर्दथ्यौँ। यो सबै मेरालागि नयाँ अनुभव थियो। म पहिलोपल्ट तिमीजस्तै हुन चाहन्थेँ। घरबाट बाहिर निक्लिएर यात्रा गर्न चाहन्थेँ।' फेरि केही रोकिकिएर सुरजमुनीले भनी, 'यो घर त पतिको हो तर मलाई त माइत नै लाग्दछ। जीवनमा एउटा साथीको अपेक्षा छ। पछिल्लो केही समयदेखि हामी कानुनी रूपमा अलग छौँ। यो एउटा नयाँ मोहर हो।'

'पहिले अलग्गै हुन किन सोचिनौ ?' मैनाले सोधी। 'बाँधिएर रहने आदत महिलाहरूको कैयौँ पिँढीबाट रहेको छ। आफैँलाई आजाद गर्ने विषयमा सोच्नु के यति सजिलो छ ?' 'फेरि बिहे गर्छ्यौ ?' मैनाले सोधी। 'अँ, समाजले बनाएको संस्थासँग लड्नका लागि एउटी आइमाईलाई धेरै तागत चाहिन्छ। तिमीमा त्यो तागत छ। ममा छैन तर यसपालि हेर्ने छु कि फेरि बाउ न भेटियोस्। भेटियोस् त कुनै साथी जो साथ साथ खुसी बनोस्।' फेरि सुरजमुनीले मैनालाई सोधी, 'तिमीले आफ्नो विषयमा के सोचेको छ ? के ऊसँग विवाह गर्छ्यौ ?' 'अहँ! म आफैंसँग खुस छु., तिमी दुबैसँग जुटेर पनि। उनीहरूको हालचाल हेर्न आइ नै रहने छु। मलाई मेरो आजादी धेर प्यारो छ। आफ्नो स्पेस पनि।' मैनाले एउटा लामो सास फेर्दै भनी।

'तिम्रो के हुन्छ ? उमेर बित्छ अनि कसैको साथ त चाहिन्छ होला ? मान्छे त यही भन्दछन्', सुरजमुनीले चिन्ता गर्दै भनी। 'हेर, साथ त हाम्रो सधैँ रहने छ। समाजको संस्थाको बाहिर पनि। अनि एउटी आइमाईलाई बुढेसकालमा पुरूषले नै सम्हाल्ने छ, यो कुरो कत्ति भ्रामक छ। बुढ़ेसकालमा पनि आइमाईले नै पुरूषलाई सम्हाल्दछे।' मैनाले भनी। 'अँ! यो कत्ति साँचो हो। उनीहरू त बुढ़ेसकालमा पनि अखबार पढ़िरहन्छन्, घाम ताप्छन्, टी.भी. हेर्छन्, खाना खाएर आराम गर्छन्, कतै घुमेर आउँछन्। बुढ़ेसकालमा पनि एउटी आइमाई उसका सबै चिजहरूका लागि चिन्ता गरी रहन्छिन्। आफैँले

गर्न सकिएन भने एउटी अर्की केटी राख्नुपर्ने हुन्छ, जसले यो सब कुराको ध्यान राखोस् ।' यसो भन्दै सुरजमुनी हो..हो गर्दै हाँस्न लागी । 'यसरी मैले कहिल्यै सोचिन । हाँस्तै उसले भनी ।' 'हामी उमेर बितेपछि पनि एकअर्काका साथ खडा रहन सक्छौँ ।' मैनाले भनी । सुरजमुनीले केही भनिन । बस् मैनालाई हेरिरही । केहीबेरपछि मैनाले आफ्नो बेग सम्हाल्दै उसलाई भनी, 'ल, अब म जान्छु । भेट्न आउँदै गर्नू । ऊसँग पनि एउटा सम्बन्ध छ तिम्रो, एउटा सम्बन्ध मसँग पनि छ । त्यही सम्बन्धले आउनू ।' सुरजमुनीले भनी । मैना घरबाट निक्लेर गई । दरबाजासम्म उसलाई छाड्न सुरजमुनी आई र उसको हात समाती ।

'हामी सबै साथ छौँ । नाम र संस्थासँग सम्बन्ध बन्दैन । सम्झौता हुन्छ । सम्बन्ध पानीजस्तै हाम्रो जीवनमा प्रयोजन हुन्छ । हामी यसरी नै भेटिने छौँ', मैनाले सुरजमुनीलाई भनी । सुरजमुनी आत्मविश्वासले भरिएर मुस्कुराई । उसका आँखामा उज्यालो थियो । थाहा छैन कसरी अचानक पानी पर्नथाल्यो । सुरजमुनी दरबाजामा उभिएर बाटाको पल्लोपट्टि मैनालाई गएको हेरिरही । मैनाले जब उसलाई फर्किएर हेरी तब ऊ पानीमा भिज्दै पनि दरबाजामा त्यसरी नै उभिइरहेकी थिई । पानीमा भिज्दै मैनाको मन पनि भिजिरहेको थियो तर यो बातचितपछि उसको मन धेरै हल्का भएको थियो । उसको मुटु सुरजमुनीको लागि पनि मायाले भरिएको थियो ।

दोस्रो दिन सुरजसँग मैनाको भेट भयो । भेट्दै सुरजले भन्यो, 'हिजो तिमीले उसलाई भेट्यौ ?' 'अँ', मैले भनेँ । 'के कुरा भयो ?' सुरजले सोध्यो । 'यही के सम्बन्ध हावापानीजस्तै हाम्रो जीवनमा जरुरी हुन्छ । सम्बन्धले हामी अलिक मान्छे बन्छौँ । त्यही सम्बन्धका साथ हामी जोडिइरहन्छौँ', मैनाले भनी । 'हामी सबैलाई एकअर्काको खोजी रहन्छ । यो सम्बन्धको यो नै सुन्दरता हो', मैनाले भनी । केही रोकिएर फेरि भनी, 'तिमीले आफ्नो विषयमा अगाडि के सोचेका छौ ?' 'म धेरै दिनदेखि आफ्नो पसन्दको काम सुरू गर्न चाहन्थेँ । त्यो काम गर्ने छु । मेरो खुसी तिमीहरू दुबैलाई आजाद र बढ्दै गरेको देख्नुमा थियो । प्रेम यस्तै हुन्छ । हेर, सुरजमुनी जीवनमा पहिलोपल्ट यात्रामा गइरहेकी छ । कहिले काश्मिर त कहिले पुरी । पहाड र समुद्र एकैसँग हेरिरहेकी छ । एउटा साथी चाहेकी छ जो बस् साथीजस्तै होस् । म खुसी छु उसलाई यसरी देखेर । तिम्रो पनि आफ्नो संसार छ । हामी तीनजना बेग्लाबेग्लै भएर पनि एकैसँग जोडिएका छौँ र सबै एकअर्काको खुसी चाहन्छौँ । यो अद्भुत सम्बन्ध हो । यसलाई कुनै नामको जरूरत छैन ।

'विवाह नगर्ने मेरो निर्णयबाट तिमी आहत छौ ?' 'हैन, पुरूषले बनाएको व्यवस्थामा विवाहबाट एउटी आइमाई केही सुरक्षित महसुस गर्नसक्छे तर यो व्यवस्था अन्ततः उसको सबै प्रकारको मुक्तिको विपरीत हुन्छ । तिमीले त्यसरी बाँच्नुपर्छ जसरी बाँच्न चाहन्छ्यौ ।' फेरि उसले अगाडि भनी, 'हामी कसरी आफ्नो आफ्नो कथा लिएर भेटिएका थियौँ र एकअर्काको कथाका साथ खडा रह्यौँ । फेरि हामीले एकअर्कालाई खुसी भएको देख्यौँ । कति सजिलो थियो विवाहको नाममा, सम्बन्धको नाममा एक अर्कालाई होचो देखाउनु र आपसमा लडनु ! हामीले त्योभन्दा अघि गएर एकअर्कालाई स्वीकार गर्‍यौँ । सायद यो नै हाम्रो ताकत हो ।' केही बेरसम्म मैना र सुरज चुप लागिरहे ।

जरुरी छैन कि जुन कथा हामी बचपनमा सिनेमामा देख्दछौँ, हाम्रो कथा, हाम्रो सम्बन्ध पनि यस्तै होस् । कथाको समाप्ति पनि यस्तै

होस् । कथा छुट्टै पनि हुनसक्छ । कथाको अन्त पनि अर्कै हुनसक्छ । हामी तीनैजनाको कथा यस्तै छ । म पहिले आइमाईहरूको सपना, उनीहरूको इच्छाको विषयमा कमै जान्दथेँ । जीवनमा आमापछि सुरजमुनीलाई नै देखेँ । फेरि तिमीलाई देखेँ । आइमाई कहिल्यै साथी रहेनन् । तिमी दुबैले मेरो धारणा, मेरो जीवन नै बदल्यौ । एक पुरूष मान्दछ कि ऊ सबैथोक जान्दछ तर हेर, हामी धेरै कुराहरू जान्दैनौँ । कोही पनि यो समाजमा सबैथोक जान्दछु भनेर दाबी गर्न सक्तैन । हामी एउटा पक्ष अथवा धेरथोर आफ्नो परवरिसको हिसाबले र परिवेशको हिसाबले जान्नसक्छौँ तर सबैथोक जान्दैनौँ । एउटा पुरूषले निरन्तर सिक्नु, कुनै पनि चिजलाई कुनै नाम नदिइकन स्वीकार गर्नु, यही एउटा कुराले उसलाई राम्रो मान्छे बनाउन सक्दछ तब मात्र ऊ एउटी आइमाईलाई पनि मान्छेलाई जस्तो सम्मान गर्नसक्दछ । सुरज कतै गहिराइमा डुबेर विस्तारै विस्तारै भन्दै गइरहेको थियो ।

'के यसैले हाम्रो सम्बन्धको कुनै नाम रहेन ?' मैनाले भनी । 'अँ, नाम टाँसेपछि हामी मान्छेभन्दा त्यो नामसँग धेर टाँसिएका हुन्छौँ । फेरि एक दिन मान्छेभन्दा बढी त्यो नाम बचाउनका लागि प्रयासरत हुन्छौँ । त्यही नामका लागि, त्यही संस्थाका लागि सम्बन्धको हत्या गर्दछौँ । सम्बन्ध मान्छेको मानवताले बन्दछ, संस्थाले होइन । संस्था बचिरहन्छ, मानवता मर्दछ । हामीबाट संस्था छुट्यो तर सम्बन्ध बचिरह्यो ।

अँ, यो साँचो हो', मैनाले भनी । 'तिमीले अरू के सोचेकी छौ ?' सुरजले मैनालाई सोध्यो । 'म तिमी दुबैसँग भेटन आइरहने छु । मसँग तिमीहरू दुबैको सुन्दर सम्बन्ध छ । हामी सबै एकअर्काका साथमा खडा छौँ । सुखदुःख सबै परिस्थितिमा ।' यो भनेर मैना चुप लागी । धेरै बेरसम्म चुप्पी छाइरह्यो । फेरि सुरजले विस्तारै भन्यो, 'तिम्रोलागि मेरो प्रेम कहिल्यै कम हुने छैन । जहाँ रहन्छ्यौ, खुसी रहनू ।' 'तिमीलाई स्वस्थ अनि खुसी देख्नु, सुरजमुनीलाई आजाद र सशक्त देख्नु नै मेरो प्रेम हो', मैनाले भनी ।

'अब मैले जानुपर्छ ।' चियाको अन्तिम घुट्की पिएर मैना जान ठिक परी । उसले सुरजसँग बिदा लिई । सुरज उसको ब्याग उठाएर आधी बाटोसम्म छोड्न गयो । फेरि ऊ गएको हेरिरह्यो । मैना यो सोच्तै फर्किरहेकी थिई कि जीवनमा यस्तो सम्बन्धको नाम के हो ? फेरि उसले मनमनै आफैँसँग भनी, 'धरतीमा रहेका सबै चिज, सबै सम्बन्धको नाम मान्छेले नै ठिक गर्दछ तर यो नामदेखि अघि यो धरती सुन्दर सम्बन्धहरूले भरिएको छ । यहाँ सबै चिज आपसमा जोडिएको छ । हरचिजको अर्को चिजसँग एउटा अनाम सम्बध छ । त्यही सम्बन्धले ऊ बनेकी छ । विनाकुनै नामको मानवीय सम्बन्ध पनि सुन्दर हुनसक्छ । यदि हामी त्यसलाई उसकै रूपमा स्वीकार गर्यौँ भने, जस्तो ऊ छ । यो सोच्तै उसले अटोवालालाई बोलाई । एउटा अटो उसको अगाडि आएर रोकियो । फेरि विस्तारै विस्तारै अघि बढ्दै गयो ।

लेखक परिचय : जसिन्ता केरकट्टा झारखण्डकी निवासी उरांव आदिवासी समुदायकी हुन् । हिन्दी भाषाकी कवि, कथाकार र पत्रकार हुन् । उनका चार कवितासङ्ग्रह, एक डायरी र बालकवितासङ्ग्रह प्रकाशित भएका छन् । उनका कवितासङ्ग्रहहरू धेरै भारतीय भाषाहरूका साथ विदेशी भाषाहरूमा पनि अनुदित छन् । उनी राष्ट्रिय अनि अन्तर्राष्ट्रिय सम्मानहरूले सम्मानित छिन् । कवितापाठका लागि धेरै देशहरूको भ्रमण गरिसकेकी छिन् ।

❖ प्रा. डा. हेमनाथ पौडेल

गाजामा मूर्च्छित छ मानवता

गाजामा बिहान सूर्य होइन
बम फाटेर उदाउँछ उज्यालो
र च्यातिन्छ बालकको निद्रा
एकै झप्कामा,

तोपको मुखबाट निस्किन्छ
सभ्यताका विरुद्धको ज्वाला,
आकाशबाट विध्वंस मच्चाउँदै छन्
साम्राज्यवादी बमवर्षक जहाजहरू
भएका छन् खरानी मानवबस्तीहरू
बनेका छन् सम्झनाका अवशेष
रोएको छ गाजामा मानवता,

आमा अभिशप्त छिन् पीडा सहन
तर देखिदैन पीडकका नक्सामा त्यो पीडा !
न्याय सीमित छ राष्ट्रसङ्घको कागजमा
त्यो न लेखिन्छ न पढिन्छ
ऊ बधिर छ, मौन छ
उसको मौनता गोलीभन्दा पनि घातक छ
न्युयोर्कका गगनचुम्बी भवनहरू,
लन्डनको संसद्,
पेरिसका क्याफेहरू,
सबै सबै मौन छन् !

गाजा भन्छ,
"हामी आतङ्ककारी होइनौं,
हामी त लुटिएका न्यायका आबाज हौं
विवश छौं हामी समरमा होमिन ।
हाम्रा आयुधहरू
तिम्राभन्दा अवश्य साना होलान्
तर हाम्रो साहस, नैतिकता र हिम्मत
तिम्रोभन्दा ठुलो छ ।
हामीलाई हाम्रो स्वतन्त्रता
प्राणभन्दा प्यारो छ
हाम्रो स्वतन्त्रता
रगत र इस्पातबाट प्रस्फुटित सुनाखरी बनेर
तिम्रै चिहानमा उम्रने छ
हाम्रो झन्डा एक दिन अवश्य
शान्तिको प्रतीक बनेर फहराउने छ ।"

गाजामा यतिखेर सूर्य होइन
बम फाटेर उदाउँछ उज्यालो
र मूर्छित छ मानवता !

२०८१ फागुन,   काठमाडौं ।

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
शब्द-संयोजन
मासिक' पढ्नुहोस् ।

अनुवाद : एक अन्तर्यात्रा

❖ चन्द्रबहादुर लामा

नेपाल प्रज्ञा-प्रतिष्ठानबाट 'प्रज्ञा अनुवाद पुरस्कार'द्वारा सम्मानित भएपछि आफ्ना गुरु, डा.बलराम अधिकारीको साधनापछाडिको अन्तर्यात्रा बुझ्ने उत्कट इच्छाले मलाई उनीसमक्ष डोर्‍याएको थियो । मेरो प्रश्नको खिया लागेको साँचोले उनको स्मृतिको विशाल, प्राचीन सन्दुक खोल्ने प्रयास गरिरहेको थियो । बाहिर कोठाको चार दिवार भए पनि म भित्र उनको चेतनाको भूगोलमा हराइरहेको थिएँ, एउटा यस्तो भूगोलमा जहाँ भाषाका नदीहरू थिए र थिए अनुभवका घना जङ्गलहरू । उनी बोलिरहेका थिएनन्, बरु आफ्नो मानसलोकको नक्सा कोर्दै थिए र म एक अज्ञानी यात्रीझैँ त्यो नक्साका रेखाहरूलाई पछ्याइरहेको थिएँ । प्रत्येक शब्द कुनै कुशल साधकले आफ्नो प्रयोगशालामा जतनले राखेको जडिबुटीझैँ थियो जसको पछाडि वर्षौंको खोज, सङ्ग्रह र साधनाको कथा लुकेको थियो । म उनको समयको आरोहणमा एक सहयात्री थिएँ जो उनको शब्दसाधनाको त्यो रहस्यमयी प्रयोगशालाको भित्री कक्षसम्म पुग्ने धृष्टता गरिरहेको थिएँ जहाँ सामान्य धातुलाई सुनमा बदल्ने असम्भव देखिने प्रक्रिया निरन्तर चलिरहन्थ्यो ।

उनको यो साधनाको प्रारम्भ कुनै विश्वविद्यालयको भव्य भवनबाट भएको थिएन । बरु आफ्नै घरको आँगनको सानो तुलसीको मठबाट भएको थियो जहाँ बिहानीको ओसिलो हावासँगै पिताजीको कण्ठबाट संस्कृतका मन्त्रहरू ध्वनित हुन्थे । त्यो ध्वनि एउटा अबोध बालकका लागि, अर्थको भारीभन्दा पर, केवल एउटा शुद्ध कम्पन थियो - नदीको कलकलजस्तो, पातहरूको सरसराहटजस्तो । तर जब पिताजीले त्यही ध्वनिको खोलभित्र लुकेको अर्थको गुदीलाई नेपाली भाषाको सरल औजारले खोतलेर देखाइदिन्थे तब एउटा जादु घटित हुन्थ्यो । एउटा अदृश्य संसारको पर्दा उघ्रन्थ्यो र परिचित आकृतिहरू मुस्कुराउँदै बाहिर निस्किन्थे । त्यो सायद लुडविग विटगेन्सटाइनले भनेजस्तै 'मेरो भाषाको सीमा नै मेरो संसारको सीमा हो' भन्ने दार्शनिक सत्यको पहिलो जीवन्त अनुभव थियो । पिताजीले हरेक दिन उनको भाषाको सीमालाई फराकिलो बनाउँदै उनको संसारलाई पनि विस्तार गरिरहेका थिए । त्यो क्षण ध्वनिलाई अर्थमा रूपान्तरण गर्ने पहिलो साधना थियो । पिताजी त्यो प्रयोगशालाका पहिला गुरु थिए जसले देखाएका थिए- एउटै तत्त्वलाई दुई भिन्न स्वरूपमा प्रकट गर्नसकिन्छ । 'नेपालीमै भन्नसकिने कुरालाई किन संस्कृतको अपरिचित बाटो हिँडाउनुपर्‍यो ?' उनको बाल-मस्तिष्कमा

उठेको यो प्रश्न उनको अनुवादयात्राको पहिलो पाइला थियो । त्यसको उत्तरमा उनले भाषाको केवल उपयोगिता मात्र होइन त्यसको आफ्नै सौन्दर्य, लय र गुरुत्वाकर्षण हुन्छ भन्ने रहस्यको पहिलो सूत्र पाए। उनको चेतनाको ऊर्वर भूमिमा त्यो दिन अनुवादको पहिलो बीज खसेको थियो जसलाई हुर्किन कुनै बाहिरी मलजलको आवश्यकता थिएन । घरकै बहुभाषिक वातावरणको आद्रता पर्याप्त थियो ।

समयको प्रवाहले उनलाई चितवनको समथर भूमिमा झाऱ्यो। त्यहाँ पाठ्यपुस्तकको साँघुरो बारबाहिर हिन्दी भाषाको एउटा विशाल मैदान फैलिएको थियो । 'सरस सलिल', ' मनोहर कहानियाँ'देखि सुरेन्द्र मोहन पाठकका जासुसी कथाहरूका पानाहरूमा उनका आँखाहरू कुदै गर्दा उनको मस्तिष्कले ती कथाहरूको जगमा नेपाली कल्पनाको नयाँ घर बनाइरहेको थियो । हिन्दीमा पढ्नु र नेपालीमा सोच्नु यो प्रक्रिया उनका निम्ति सास फेर्नुजस्तै स्वाभाविक थियो। उनी एउटा भाषाको पात्रबाट अर्को भाषाको पात्रमा रस खन्याइरहेका थिए तर आफूले कुनै ठुलो काम गरिरहेको छु भन्ने हेक्का थिएन। त्यो त केवल एउटा निर्दोष खेल थियो, एकान्तको साथी थियो। मन परेका वाक्यहरूलाई धर्को तानेर साथीहरूको जमघटमा नेपालीमा सुनाउँदा उनी वास्तवमा एउटा साधकले आफ्नो सानो प्रयोग सफल हुँदाको आनन्द लिइरहेका थिए । महान् अर्जेन्टेनी लेखक जोर्हे लुइस बोर्हेसले भनेझैँ 'अनुवाद मूल कृतिको छाया होइन बरु त्यो आफैँमा एउटा नयाँ र स्वतन्त्र कृति बन्नसक्छ ।' उनको त्यो बालसुलभ अभ्यास बोर्हेसको यही गहिरो विचारको एक निर्दोष अभिव्यक्ति थियो । उनले आफूलाई अनुवादक भनेर चिन्नुभन्दा धेरै पहिले उनको रगतको कण कणमा अनुवादको रसायन घोलिइसकेको थियो।

क्याम्पसको प्राङ्गणमा अङ्ग्रेजी भाषाको प्रवेशसँगै उनको प्रयोगशालामा तेस्रो महत्त्वपूर्ण तत्त्व थपियो । अब उनको चेतनाको टेबलमा संस्कृतको पारदर्शी मणि, हिन्दीको चम्किलो धातु र अङ्ग्रेजीको तरल रसायन थियो। यी तीन तत्त्वहरूलाई मिलाएर नयाँ यौगिक बनाउने खेल सुरु भयो । जापानका कावाबातादेखि अफ्रिकाका एलन पेटनसम्मका संसारहरू उनका लागि खुला किताब बने । उनी ती किताबका पानाहरूमा डुब्दै, त्यहाँबाट पाएका भावका मोतीहरूलाई कहिले नेपाली त कहिले अङ्ग्रेजीको धागोमा उनेर आफ्नो सिर्जनात्मक भोक मेटाइरहेका थिए। दौलतविक्रम विष्टका उपन्यास पढ्दा शरीरमा उम्रने काँडाको अनुभवलाई अङ्ग्रेजीमा व्यक्त गर्न खोज्नु वा कुनै हिन्दी गीतको भावलाई अङ्ग्रेजीको संरचनामा ढाल्नु - यी सबै उनका प्रारम्भिक प्रयोगहरू थिए । उनी जाँच्दै थिए एउटा आत्माले अर्को शरीर धारण गर्दा कस्तो देखिन्छ ? के त्यसको चिनारी उस्तै रहन्छ ? वा एउटा नयाँ, अझ सुन्दर पहिचान निर्माण हुन्छ ? उनको जीवनको हरेक कुनामा अनुवाद थियो। कहिले खेलको रूपमा, कहिले जिज्ञासाको रूपमा त कहिले आत्मअभिव्यक्तिको माध्यमको रूपमा।

व्यक्तिगत अनुराग र सहज अभ्यासको त्यो खोला विश्वविद्यालयको प्राङ्गणमा पुगेपछि प्राज्ञिक साधनाको गहिरो समुद्रमा मिसियो । त्रिभुवन विश्वविद्यालयमा अनुवाद अध्ययनको पहिलो ब्याचको विद्यार्थी हुनु र त्यही विषयमा शोधपत्र लेख्नु उनको यात्राको

त्यो मोड थियो जहाँ उनले आफ्नो सहज ज्ञानलाई शास्त्रको कसीमा घोट्ने अवसर पाए । अब उनी केवल अन्तर्ज्ञानले चल्ने साधक रहेनन् बरु रसायनशास्त्रका नियमहरू बुझेर प्रयोग गर्ने वैज्ञानिक बन्नथाले । उनको विद्यावारिधिको अनुसन्धान उनको साधनाको सबैभन्दा गहन र महत्त्वपूर्ण चरण थियो । यो उनको प्रयोगशालाको सबैभन्दा तातो भट्टी थियो जहाँ उनले अनुवादको आत्मालाई नै केलाउने प्रयास गरे । उनको प्रश्न थियो, ' अनुवाद भनेको के हो ? के यो केवल अन्तिम उत्पादन, बजारमा आएको किताब मात्र हो ?' उनको निष्कर्ष थियो, 'होइन ।' त्यो त हिमशिलाको सानो टुप्पो मात्र हो जुन पानीमाथि देखिन्छ । त्यसको विशाल, अदृश्य र वास्तविक शक्ति त पानीमुनि लुकेको प्रक्रियामा हुन्छ । जर्मन दार्शनिक वाल्टर बेन्यामिनले आफ्नो प्रसिद्ध निबन्ध 'अनुवादकको कार्य'मा सङ्केत गरेजस्तै 'अनुवादको लक्ष्य केवल सूचना सार्नु होइन बरु मूल भाषाको बन्धनबाट मूल कृतिलाई मुक्त गरेर एउटा शुद्ध भाषाको झलक देखाउनु हो । अनुवादले दुई भाषाको बिचमा एउटा यस्तो पवित्र स्थान निर्माण गर्छ जहाँ दुबै भाषाका सीमाहरू भत्किन्छन् र अर्थको एउटा नयाँ, सार्वभौम आयाम प्रकट हुन्छ ।' उनको प्रक्रियामाथिको यो गहिरो विश्वास बेन्यामिनको यही जटिल दर्शनको एक व्यावहारिक खोज थियो । एउटा साधकले वर्षौँसम्म अँध्यारो कोठामा बसेर गरेको साधना, हजारौँ पटकको असफलता र केही दुर्लभ सफलताको कथा कसैले देख्दैन, संसारले त केवल अन्त्यमा बनेको सुनको डल्लो मात्र देख्छ । ठिक त्यसैगरी एउटा अनुवादकले भोगेको छटपटी, शब्दसँगको सङ्घर्ष, संस्कृतिलाई बुझ्ने प्रयास र अर्थको गहिराइमा डुब्दाको सकस कसैले देख्दैन । संसारले त केवल चिल्लो गातामा बेरिएको किताब मात्र देख्छ । उनको अनुसन्धानले प्रमाणित गऱ्यो जसले प्रक्रियाको साधनालाई, त्यो अँध्यारो कोठाको तपस्यालाई, इमानदारीपूर्वक अङ्गालेको छ, उनको उत्पादनमा जीवन्तता र मौलिकताको चमक हुन्छ । जसले प्रक्रियालाई छलेर हतारमा उत्पादन निकाल्छ उसको काम निर्जीव र खोक्रो हुन्छ । यो बोधले उनको अनुवाद-दर्शनलाई एउटा स्पष्ट आकार दियो ।

यही प्रक्रियाको गहिरो अनुभूतिबाट उनले 'पीडानन्द'को अवधारणालाई जन्म दिए । यो शब्द उनको सम्पूर्ण साधनाको सार हो । महान् कवि राइनर मारिया रिल्केले एक युवा कविलाई लेखेको पत्रमा भनेका थिए, ' आफ्नो एकान्तमा फर्कनुहोस् र हेर्नुहोस् तपाईँको जीवनको जरा कति गहिरो छ । सिर्जना त्यही जराबाट आउनुपर्छ । यदि तपाईँको बिहानीले तपाईँलाई लेख्न बाध्य बनाउँछ भने मात्र लेख्नुहोस् ।' उनको 'पीडानन्द' रिल्केको यही 'आन्तरिक आवश्यकता'को अर्को नाम हो । साधकको भट्टीमा धातुहरू पग्लिँदा केवल ताप र पीडा मात्र हुँदैन त्यहाँ रूपान्तरणको एउटा अद्भुत आनन्द पनि लुकेको हुन्छ । अनुवादकले मूल कृतिका पात्रहरूसँगै हाँस्नुपर्छ, रुनुपर्छ, उनीहरूको पीडालाई आफ्नो स्नायुतन्तुमा अनुभव गर्नुपर्छ । यो पीडादायी प्रक्रिया हो तर जब महिनौँको अथक प्रयासपछि एउटा वाक्य, एउटा अनुच्छेद, एउटा कविताले लक्ष्य भाषामा स्वाभाविक र सुन्दर सास फेर्छ तब अनुवादकले पाउने आनन्द, त्यो 'पीडानन्द' कुनै पनि भौतिक

उपलब्धिभन्दा धेरै माथि हुन्छ । यो पीडाको आगोमा खारिएर आनन्दको शीतलता प्राप्त गर्नुजस्तै हो ।

उनको दर्शनको अर्को महत्त्वपूर्ण स्तम्भ हो : अनुवादको 'जानसमुखी' कर्तव्य । रोमन देवता जानसका दुई अनुहारझैँ अनुवादकको पनि दोहोरो जिम्मेवारी हुन्छ । उनको प्रयोगशालाको एउटा ढोका भित्रतिर खुल्छ जसले बाहिरी संसारका उत्कृष्ट ज्ञान, साहित्य र विचारहरूलाई भित्र्याएर आफ्नो भाषा र संस्कृतिलाई समृद्ध बनाउँछ । आज नेपाली साहित्य र भाषाले जुन उचाइ प्राप्त गरेको छ त्यो यही भित्रिने ढोकाबाट आएका अनुदित कृतिहरूको देन हो । अर्को ढोका बाहिरतिर खुल्छ जसले आफ्ना मौलिक साहित्यिक र सांस्कृतिक निधिहरूलाई विश्वको बजारमा पुर्‍याउँछ । भाषाशास्त्री जर्ज स्टाइनरले 'आफ्नो महान् कृति आफ्टर ब्याबेल'मा भनेझैँ 'हरेक संवाद र समझदारीको कार्य नै अनुवाद हो ।' यस अर्थमा अनुवादक केवल दुई भाषाबिचको मध्यस्थकर्ता होइन, ऊ त दुई संस्कृति, दुई विश्वदृष्टिकोणबिचको सबैभन्दा महत्त्वपूर्ण र संवेदनशील पुल हो । टैगोरदेखि मार्खेजसम्मका स्रष्टाहरूलाई विश्वले अनुवादकै माध्यमबाट चिनेको हो । अनुवादक यी दुई ढोकाको एक कुशल पहरेदार हो जसले भित्र्याउने र बाहिर पठाउने प्रक्रियामा सन्तुलन कायम राख्नुपर्छ । यो प्रक्रियाको जटिलतालाई उनले 'पारिस्थितिकीय रूपक'मार्फत अझ स्पष्ट पारे । अनुवाद गर्नु भनेको एउटा दुर्लभ सुनगाभालाई एउटा जङ्गलबाट उखेलेर अर्को बगैँचामा सार्नुजस्तै हो । तपाईँले केवल फूल मात्र टिपेर हुँदैन । तपाईँले त्यो फूल जुन रुखको बोक्रामा उम्रिएको छ त्यो बोक्रा, त्यसलाई चाहिने ओस, हावा र तापक्रम, अर्थात् त्यसको सम्पूर्ण पारिस्थितिकीय प्रणालीलाई नै सार्नुपर्छ । नत्र त्यो फूल अर्को ठाउँमा मर्दछ । त्यसैगरी अनुवादकले शब्द मात्र होइन त्यस शब्दसँग जोडिएको संस्कृति, समाज र भावनाको सम्पूर्ण परिवेशलाई लक्ष्यभाषामा जीवन्त गराउन सक्नुपर्छ । यो अत्यन्तै संवेदनशील र कठिन कार्य हो जसका लागि भाषाको ज्ञान मात्र पर्याप्त हुँदैन, संस्कृतिको गहिरो बोध र सिर्जनात्मक क्षमता अनिवार्य हुन्छ ।

एक साधक आफ्नो प्रयोगशालामा सुन बनाइरहेको हुन्छ तर बाहिरको संसारले त्यसलाई केवल एउटा धातुको व्यापारको रूपमा हेर्छ । उनको जीवनमा पनि यस्तै द्वन्द्व निरन्तर रह्यो । वर्षौँअघि कालिमाटीको भिडमा एक विद्यार्थीले सोधेको प्रश्न 'सर ! अनुवाद गरेर त पैसा खुब कमाउनुहुन्छ होला है ?' बाहिरी संसारको यही भौतिकवादी दृष्टिकोणको ऐना थियो । उनको उत्तर 'भाइ ! यो मेरो 'व्यवसाय' होइन, 'व्यसन' हो ।' उनको आन्तरिक संसारको घोषणापत्र थियो । संसारले जसलाई 'व्यवसाय देख्यो, त्यो उनका निम्ति 'व्यसन' थियो । एउटा यस्तो सकारात्मक लत, जसबाट उनी कहिल्यै छुट्कारा पाउँदैनथे । यो कुनै जागिर थिएन, यो त एउटा धुन थियो, एउटा साधना थियो जसले उनलाई बाँच्नको लागि अर्थ दिन्थ्यो । अल्बर्ट कामुले आफ्नो 'मिथ अफ सिसिफस'मा एक बदकगचमष्कत नायकको कल्पना गर्छन् जो हरेक दिन एउटा विशाल ढुङ्गालाई पहाडको टुप्पोसम्म धकेल्छ र त्यो ढुङ्गा फेरि तल खस्छ । बाहिरबाट हेर्दा यो एउटा अर्थहीन र निरर्थक काम हो तर कामु भन्छन्, 'सिसिफसलाई

खुसीको कल्पना गर्नुपर्छ किनकि उसले आफ्नो नियतिलाई स्विकारेर त्यो निरर्थक देखिने काममा आफ्नो सम्पूर्ण शक्ति र चेतना लगाएर विद्रोह गरिरहेको छ।' उनको अनुवादकर्म पनि एक प्रकारले सिसिफसको ढुङ्गाजस्तै हो। हरेक नयाँ कृति एउटा नयाँ पहाड हो तर त्यो कठिन, दोहोरिने र अक्सर कृतज्ञताहीन देखिने काममा आफूलाई पूर्ण रूपमा समर्पित गरेर उनले आफ्नो जीवनको अर्थ र आनन्द भेट्टाएका छन् । हो, प्राविधिक अनुवाद उनका लागि 'नगदे बाली' बन्यो जसले प्रयोगशालाको खर्च धान्यो र सिर्जनाको आगोलाई निभ्न दिएन तर उनको आत्माको असली खुराक त साहित्यिक अनुवाद थियो जुन प्रायः विनापारिश्रमिक, केवल आत्मसन्तुष्टिका लागि गरिन्थ्यो। सात सातवटा किताबको पैसा नपाउँदा पनि उनको साधना रोकिएन किनकि उनको उद्देश्य पैसा कमाउनु थिएन बरु 'पीडानन्द'को त्यो दुर्लभ अनुभूतिलाई बारम्बार जिउनु थियो। सिर्जनाको त्यो भट्टीमा आफूलाई होमेर एउटा सुन्दर कृतिको जन्म हुँदाको साक्षी बन्नु नै उनको सबैभन्दा ठूलो पुरस्कार थियो।

यो लामो, एकान्तको साधनाले अन्ततः संस्थागत पहिचान पायो जब नेपाल प्रज्ञा-प्रतिष्ठानले उनलाई 'प्रज्ञा अनुवाद पुरस्कार' प्रदान गऱ्यो । यो पुरस्कार उनको कुनै एउटा सफल प्रयोगका लागि थिएन बरु जीवनभर शब्दसाधनामा समर्पित भएकोमा थियो । यो सम्मानले उनलाई एउटा गहिरो अनुभूति दियो– अब उनको व्यक्तिगत 'व्यसन', उनको एकान्तको 'धुन' संस्थागत भएको छ। उनको प्रयोगशालाको ढोकामा अब राष्ट्रको सर्वोच्च प्राज्ञिक संस्थाको छाप लागेको छ। उनले भने ' अब म एक्लो छैन, संस्था मसँग छ।' यो अनुभूतिले उनलाई दम्भ होइन बरु अझ बढी जिम्मेवारी र नम्रता दिएको छ। उनको प्रयोगशालामा अझै धेरै काम बाँकी छ । दोस्तोयभ्स्कीको मानवमनको अँध्यारो गुफादेखि चिनुवा अचेबेको सांस्कृतिक द्वन्द्वको मैदानसम्मका कृतिहरू र नेपाली साहित्यबाट दौलतविक्रम विष्टको 'छापिएका अनुहार हरू' तथा देवकोटाको 'प्रमिथस'को विराट क्यानभासलाई विश्वसामु पुऱ्याउने एकलव्य-सङ्कल्प उनका आँखामा अझै चम्किरहेको छ।

म उनको चेतनाको त्यो प्रयोगशालाबाट बाहिर निस्किएँ तर मेरो मन र मस्तिष्कमा अनौठा रसायनहरूको गन्ध र भट्टीको न्यानो ताप टाँसिएर आयो । मैले प्रश्नहरूको एउटा पोको लिएर गएको थिएँ तर उत्तरहरूको विशाल पहाड बोकेर फर्किएँ । उनको यात्राको कथा सुनेपछि मलाई लाग्यो सिर्जना भनेको साँच्चै एउटा यस्तै पवित्र व्यसन हो जसलाई बाहिरी संसारले कहिल्यै पूर्ण रूपमा बुझ्नसक्दैन । आज पनि म कल्पना गर्छु - उनी आफ्नो एकान्त प्रयोगशालामा रातको सन्नाटामा शब्दहरूको उम्लिरहेको भाँडोअगाडि झुकिरहेका छन् । बाहिर संसार सुतिसकेको छ तर उनी आफ्नो धुनमा मग्न छन् । उनी भाषाको एक अथक साधक हुन् जो एउटा भाषाको माटोबाट अर्को भाषाको सुन बनाउने अनन्त खोजमा छन्। उनको जीवन र साधना शब्दको शक्ति र सिर्जनाको रहस्यमा विश्वास गर्ने हरेक व्यक्तिका लागि प्रेरणाको एउटा अजस्र स्रोत हो । उनी एउटा प्रमाण हुन् कि केही यात्राहरू गन्तव्यका लागि होइन यात्राकै लागि गरिन्छन् । केही कामहरू उपलब्धिका लागि होइन साधनाकै लागि गरिन्छ र केही व्यसनहरू विनाशका लागि होइन सिर्जनाका लागि हुन्छन्।



❖ मोहन दुवाल

प्रकृतिको मिठो स्पर्श जताततै...

फूल फुल्दै गरेका छन् र उनीहरू हाँस्दै छन्
राता, सेता, निला, हरिया रङहरू भएर
चारैतिर मगमग मिठा बास्नाहरू छर्दै छन्
प्रकृतिको स्पर्श भनेको यस्तै फूलहरूसँग खोज्ने हो।

मनोरम प्रकृतिको हाँसो सुनेर
म दङ्गदास परेको छु
घाम छेकेर ठिङ्ङ उभिएका रुखहरूको
नृत्य हेरिरहेको छु
आकाशबाट धरती हेर्दै तलतल सर्दै गरेको
घाम हेर्दै छु
संस्कार आफ्नै खालको छ
प्रकृतिलाई मनमा राखेर हेरिरहेछु।

तल-माथि, उकालो-ओरालोमा, टाढा-नजिक
सबैतिरको देखिरहेको छु
हरियो-हरियो लाग्ने, सुन्दर-सुन्दर देखिने
मुहारहरू स्पर्श गरिरहेछु
बस्तीमा, बाटोमा, पाखापखेरामा
जहाँ-जहाँबाट देखिन्छ हेरिरहेछु
मान्छेहरू तिम्रो स्पर्शमा
लुकामारी खेल्न मन गरिरहेछन्।

म पनि त तिमीलाई हेर्दाहेर्दै
आफूभित्र आफूलाई खोजिरहेछु
आकाशले एकटकले हेरिरहेछ
म पनि उसलाई हेरिरहेछु
पानी छमछम नाच्दै छ
नदी र तालहरूमा यताउता हेरेर
सेता बादल आकाशमा रमेर
खितिखिती एकनासले हाँस्दै छन्।

सेता हिमाल आफ्नो सेतो मुहार देखाएर
एकटकले हाँस्दै छन्
ज्योतिको प्रवाह फाल्दै छन् सूर्य-चन्द्रहरू
एकनासले नाचेर
शान्त हुनु, सफा देखिनु, सुन्दर रहनु नै
प्रकृतिको स्पर्श हो
मनमा सुन्दर भावना
फुल्नु नै त हो प्रकृतिको स्पर्श।

बनेपा-८, काभ्रे।

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
शब्द-संयोजन
मासिक' पढ्नुहोस्।
शब्द-संयोजन परिवार

जेनजी आन्दोलन : तनाबग्रस्त संस्मरण

❖ नर्मदेश्वरी सत्याल

मेरालागि 'जेनजी' शब्दको प्रयोग नयाँ थियो । मेरा विचारमा जेनजी समूह भनेको परम्परागत युवा समूह नै हो भन्ने लाग्थ्यो । यति हो, जेनजीलाई प्रविधिसँग जोडेर परिभाषित गरिएको छ । म यतिखेर जेनजी (GEN-Z)को परिभाषातिर भन्दा पनि जिम्मेवारीतिर मोडिएर एक्कासि नेपालमा भएको जेन्जी आन्दोलन र त्यसले निम्त्याएको वीभत्स परिघटना सम्झिँदै विवेचना गर्न लागिरहेछु । मलाई सुनियोजित ढुङ्गले शृत्त लाबद्ध रूपमा देश दुखेका वेला आफूभित्र कोपिएका विशेष घटनाहरूले पटक पटक झकझक्याइरहेका छन् ।

म तनाबग्रस्त वातावरणमा विगत घटना सम्झिँदै लेख्न बस्छु । प्रासङ्गिक कुराहरू अटेसमटेस भएर तैरिन्छन् । केही नेताहरूको अकर्मण्यताले गर्दा अभिभावकविहीन बन्नुपरेको कहालीलाग्दो अवस्थाले तर्सिन्छु म । विकृतिविरुद्ध आन्दोलन हुनु स्वभाविक हो । तोडफोड, आगजनी र मरण भन्ने कुरा चाहिँ अस्वभाविक नै हुन् । मेरा विचारमा जेनजी आन्दोलनभित्रको घुसपैठ अस्वभाविक देखियो । म यतिखेर देशमा उत्पन्न विगत आन्दोलनहरूलाई थाती राखेर आफूले प्रत्यक्ष रूपमा भोगेका केही आन्दोलनहरूको प्रसङ्ग जोड्नुपर्ने बाध्यात्मक परिस्थितिमा छु । जसमा २०३६ सालको पञ्चायत कि बहुदल ? भनी गराइएको जनमत सङ्ग्रह र पुनः पञ्चायत आउँदाका जिल्लाराम अवस्थाले पनि धाँधलीपूर्ण चुनाव गरियो भनी तनाबग्रस्त बनाएको थियो । २०४६ सालमा पञ्चायत ढल्दाको धुमिल वातावरण पनि तनाबग्रस्त नै देखियो । मैले एक्कासि राजतन्त्रबाट संवैधानिक राजतन्त्र हुँदाको अनुभव सँगाल्ने अवसर पाउँदा बहुदलीय व्यवस्थाभित्रको वाक्स्वतन्त्रताको महत्त्व बल्ल बुझ्दै थिएँ । २०५२ सालको माओवादी जनयुद्धले तनाबमाथि तनाब थपिदिएथ्यो । नेपालीहरूकै बिचको गृहयुद्धमा धेरै नेपालीका ज्यान होमिए । बैङ्कदेखि विद्यालय हुँदै सरकारी गैरसरकारी कार्यालयहरू, बाटाघाटा, पुलपुलेसा खण्डहर बनेका देखिए । मलाई जनयुद्धका नाममा भएका सार्वजनिक क्षतिले मन कुँड्यायो । चन्दाआतङ्क उस्तै थियो । म त्यतिखेर सामुदायिक विद्यालयमा पढाउँथे । पढाएबापत मबाट पनि चन्दा असुले ! त्यस वेला मलाई अभिभावकविहीन हुनुपर्दाको अनुभूति भएथ्यो ! २०६१ को राजाद्वारा गराइएको स्थानीय तहको चुनाव र त्यसको परिणामले उत्पन्न तनाब बोक्दै गर्दा माओवादीसँगको

शान्तिवार्ता (२०५८)ले केही शीतलता थपेथ्यो तर पनि आशातित रूपमा काम भने हुन सकेन ।

२०६२/०६३ सालको जनआन्दोलन-२ पनि कतिका लागि तनाबग्रस्त भएर रह्यो भने कतिका लागि तनाबमुक्त बनेर रह्यो । तनाब एक विषय मात्र केन्द्रिकृत भएर रहँदैन । नेपालका सन्दर्भमा भन्नुपर्दा मेरा नजरमा मुख्यतया राजनीतिक उथलपुथल र धर्मका नाममा गरिने वर्गीय, जातीय र लैङ्गिक विभेद तनाबयुक्त देखिन्छन् । यिनीहरूका साथै २०७२ सालको ठुलो भूकम्पले जति साहस बटुल्न खोज्दा पनि तर्साएकै हो । राजनीतिक र धार्मिक घटनाहरूभन्दा यो घटना भिन्न परिवेशको भएकाले यो वा त्यो नभनी सबैजना मिलेर व्यवस्थापन गर्दै जाँदा भूकम्प प्रभावित मेरो तनाब न्यून हुँदै गएथ्यो । मसँगै देश तङ्ग्रिन खोज्दै थियो । २०७७ सालमा सुत्त कोरोना छिर्‍यो र त्राहीमाम बनायो । यो घटना विश्वभर फैलिएकाले तनाब बाँडिदा तनाबमुक्त हुने उपायको खोजी भयो ।

मलाई कहिले कहिले बिच बिचमा भएका घटनाहरूले पनि कोतर्दै गर्छन् । तथापि म आफ्ना काममा लागिरहेकै हुन्छु । कोपिएर रहेका अन्य काण्डहरूमा २०५० सालमा घटित मदन आश्रितको हत्याकाण्ड, २०५८ सालको दरबार हत्याकाण्ड, निर्मला बलात्कार हत्याकाण्ड, नवराज विकको अन्तरजातीय प्रेमविवाह हत्याकाण्ड, छाउगोठमा महिलाले भोग्नुपरेका यौन दुर्व्यवहारलगायत मृत्युवरणका घटनाहरू, सञ्जालयुक्त भ्रष्टाचार काण्ड र हुरीबतास, बाढी र पहिरोजस्ता बर्स्यौनिका दुर्घटनाले पनि उत्तिकै तनाब उत्पन्न गरेका छन् । कठै ! मेरो देश तैनाबैतनाबले गर्दा अरू देश दौडिँदा पनि उठ्नसकेको छैन । म देशको हालत सम्झिँदा नेतृत्व तहमा पुगेर अडिन्थेँ । राष्ट्रसेवक कर्मचारीहरूमाथि भरोसा गर्थें । फाट्टफुट्ट कुरीतियुक्त घटना सुने, बोलेर र लेखेर न्यायको खोजी गर्थें । अहँ ! कत्ति पनि सुनुवाइ भएन । मेरो देश बर्सौं वर्षदेखि कुरीतियुक्त घटनै घटनाको परिवेशमा गुज्रिँदै आएको सावित भइसक्यो ।

देशमा विध्यमान कुशासन र भ्रस्टाचारले अधिकांश नेपालीलाई तनाबग्रस्त बनाएकै थियो । कोकोकोलाको बिर्को खोल्दा ग्याँस हसुसु निस्किएसरि चामत्कारिक ढङ्गले २०८२ भदौ २३ गते देशभर जेनजी आन्दोलन देखापर्‍यो । उक्त आन्दोलन कुशासन, भ्रष्टाचार र सामाजिक प्रविधि बन्द गरिएकाले भएको कुरा जेनजीहरूद्वारा जानकारीमा आयो । कुरा सुन्दा समयोचित माग भएकाले ठिकै त हो नि भन्ने लाग्यो । समाचार सुन्दै गर्दा शान्तिपूर्ण भनिएको जेनजी आन्दोलन एक्कासि अनियन्त्रित हुनपुगेको, आकस्मिक गोली चलेको र मानिसहरू हताहत भएका भन्ने खबरले म मर्माहत हुनपुगेँ । मलगायत मेरा परिवारमा मानसिक बिरामीको औषधि टुटेर रोग बल्झिएसरि देखियो । नातिनातिनाहरू थुरथुराए । मैले उनीहरूलाई सान्त्वना दिँदै भनेथेँ, 'आन्दोलनको इतिहासमा घुसपैठको पनि सम्भावना रहन्छ । नडराऊ, जे भयो भयो, जेनजीहरूको आन्दोलन भएकाले अब शान्त हुन्छ ।'

आकस्मिक घटनालले तर्कबितर्क उब्जिनु स्वभाविकै हो । हामी सपरिवार भोलिको खबर के होला ? भनी अड्कलबाजी गर्दै थियौँ । २४ गतेको आन्दोलन भयानक भएर अघि बढ्यो । हामी अवाक् भयौँ । घुसपैठसहितको ढुङ्गामुढा र आगजनीले देश धमिलिएको मात्र होइन दनदनी बलेको देख्दा र सुन्दा तर्कवितर्कमा मात्र सीमित भइएन । घटनाको आकृति र प्रकृति देख्दा जेनजी आन्दोलन ऐतिहासिक उथलपुथलसँग जोडिएको देखियो । म पनि सामाजिक अभियन्ता भएका कारण वर्तमानकालीन परिघटनाको विश्लेषण गरेर भविष्य कोर्नुपर्ने भयो भन्ने ठानेँ । अनि त म उत्पन्न तनाब चिर्दै चिन्तनमननतिर मोडिएँ ।

शान्तिपूर्ण भनी उद्घोष गरिएको जेनजी आन्दोलन किन हिंसातिर मोडियो ? भन्ने विषयमा बडा गहिरा प्रश्न उब्जिए । आन्दोलनको पृष्ठभूमि र उद्देश्यको गहिरो अध्ययन र विनाविश्लेषण मैले तत्काल उत्तर दिनसक्ने स्थिति थिएन । मोटामोटी रूपमा भन्नुपर्दा नेपाली राजनीतिमा सन्तोषजनक अवस्था नभएकै हो । कुशासनका कारण भ्रष्टाचार मौलाएकै हो । नेपाली जनताबिच जातभात, छुवाछुत र धनी गरिबको खाडल गहिरिएकै हो । यसमा थप युवा बेरोजगारी समस्या देखिँदा परि स्थिति झन् जर्जर भएर उभियो । यिनै सन्दर्भका हाँगाबिँगा चारैतिर फैलिँदा विकृतिहरू भयावह बन्दै गएका हुन् भन्ने कुरामा विमति रहन्न । वास्तवमा जेनजी आन्दोलन यिनै विकृतिविरुद्ध सुशासन ल्याउने उद्देश्यले लामो र गुप्त साङ्गठनिक अभ्यासपछि परिचालित भएको कुरा जानकारीमा आयो । कहिलेकाहीँ उद्देश्य कल्याणकारी हुँदाहुँदै पनि परिस्थिति मोडिएर अकल्याणकारी रूपमा अवतरण हुने रहेछ । नेपालमा भएको जेनजी आन्दोलनको परिणति पनि राम्रोबाट नराम्रोमा पुगेर टुङ्गिएको देखियो भन्ने सोचेर मैले मन बहलाउन खोजेँ । जति मन बहलाउन खोजे पनि आँखाअगाडि घटेका घटना कहाँ बिर्सन सकिन्थ्यो र ! म पुनः सम्झिन्छु र झस्किन्छु । ओहो ! जे नहुनु थियो त्यही भयो । अधिकांश नेपालीले कुशासन र भ्रष्टाचारको निर्मूलीकरण खोजेका थिए तर उल्टै वीभत्स रूपमा भौतिक र मानसिक क्षति बेहोर्नुपर्ने स्थिति उत्पन्न भयो ! अब के गर्ने त ? भन्ने विषयतिर केन्द्रिकृत हुनखोज्दा पनि जेनजी समूहको अनमेलका कारण अड्कल गर्नसक्ने स्थिति रहेन । तथापि मैले आशावादी भएर उत्पन्न समस्याको समाधान गर्ने उपाय सोच्नैपर्ने थियो; सोचेँ ।

नेतृत्वको बागडोर सम्हाल्नेहरूले एकले अर्कालाई दोषारोपण गरी भनाभन गरेर मात्र देश बनाउन सकिदैन । सकिन्थ्यो भने गणतन्त्रको प्राप्तिपछि देशमा सुशासनसहितको सन्तुलित अवस्था देखिसक्नुपर्ने थियो । बहुदलीय व्यवस्थाभित्र बहुदलीय रूपमा भनाभन र छेडछाड भएकै हुन् । पार्टी पार्टीबिचको कचिङ्गलले गर्दा जुट्ने र फुट्ने अवस्था झेल्नुपरेको यथार्थलाई मनन गर्नुपर्थ्यो गरिएन । भाइ फुटे गँवार लुटे भन्ने लोकोक्ति चरितार्थ भएको देखियो । यही पाराले नेपालको राजनीति अधोगतितिर जाने हो भने भविष्य सुरक्षित रहला भन्न सकिदैन । खै त, हामीले

र जेनजीहरूले यतातिर ध्यान पुऱ्याएका ? मलाई बाहिरको जनदबाब, सञ्चार प्रणालीको खबरदारी, पत्रपत्रिका, लेखरचना, कविता, गीत आदिका माध्यमबाट विकृतिविरुद्ध आबाज उठाउँदासमेत सुधारका सङ्केत नदेखिँदा औधि छटपटी हुन्थ्यो । अतिसार भएपछि विस्फोट हुन्छ भन्थे, हो रहेछ ।

राणाकालीन पञ्चायती र संवैधानिक राजतन्त्र हुँदाको परिवेशलाई छाडेर गणतान्त्रिक परिवेशमा कुशासन र भ्रष्टाचारको जालो फैलिइरहेछ । यस्तो अवस्था देखेर कतिपयले 'विस्फोट हुनु थियो भयो' पनि भने । म भने सत्यानाशी विस्फोट र खण्डहरको पक्षमा छुइनँ र कहिल्यै हुँदिन पनि । मेरो विचार एउटा कुरा भयो, आन्दोलनकारीहरूको विचार अर्कै कुरा भयो । मेरो जन्मभूमि विश्वयुद्धको भुँमरी बल्झाउने गरी अन्धाधुन्द गोलीसहित रणभूमिमा परिणत भयो । मेरा ऐतिहासिक दस्तावेजहरू जले । कैयौँ उत्तरचढाव भोगेको सिंहदरबार, सर्वोच्च अदालत र वडा कार्यालयहरू तथा कारागारहरू जले, र कैदीहरू पनि भागे, कति सार्वजनिक सम्पत्ति तोडिए, फोडिए; अरबौं खरबौंको क्षति भयो । पुलिस र सेनाले समेत आन्दोलन रोक्ननसक्दा जनता सुरक्षित हुने आशामा समेत कुठाराघात भयो । घरका छत छतबाट देश जलेको हेर्ने धेरै देखेँ मैले । लट्टिएझैँ देखिन्थे उनीहरू । आन्दोलनको फाइदा कतिले कुन उद्देश्यले लिए; भविष्यले बताउला । परि दृश्य अध्ययन गर्दा परिवारभित्रैबाट ओइरिएको देखियो । अझ रहस्यको कुरा त के लाग्यो भने आगो झोस्दै चोर्दै गरेको पनि यत्रतत्र देखियो ! हिलोमा माछा मार्नेहरूको सलबल उत्तिकै थियो । अरू त अरू भए जेनजी समूहभित्रै पर्नेहरूले समेत कट्टुदेखि पाउरोटी हुँदै ल्यापटपसम्म पोक्याउन भ्याएछन् ! हत्तेरी ! देशभित्रको यो दारिद्र दृश्यले म त तीनछक परेँ । कठै ! रोजगार पाएर हातमुख जोर्नसकेको भए यो लाचारी क्रियाकलाप देख्नुपर्ने थिएन भन्ने पनि लाग्यो । भित्रभित्रै प्रश्नोत्तर बटुलेँ । गरेर खान नपाएपछि खाएर भर्ने दाउ छोपिएको हुनसक्छ । गरेर खानका अल्छीले चोर्ने बुद्धि पलाएको हुनसक्छ । हैन; क्षणिक आक्रोशमा विद्रोही चेत देखाएको हुनसक्छ । जेहोस्, मेरा शङ्काले काम गर्छ तर हुनेखानेहरूले हुँदा खानेहरूको बेवास्ता गर्दै मोजमस्ती गरेका चाहिँ पक्का हो ।

ममा सोचाइ मडारिँदै हुन्छन् । सारमा कुनै पनि घटनाका सकारात्मक र नकारात्मक पाटाहरू हुन्छन् नै । सकारात्मक पाटोभन्दा नकारात्मक पाटो कम भएमा आन्दोलन सफल र सार्थक हुने हो । मेरा विचारमा जेनजी आन्दोलनले नेपालको इतिहासमा प्रथम महिला प्रधानमन्त्री बनायो । संविधान संशोधनको आबाज उठायो, भ्रष्टाचारीहरूको छानबिन गरी कठघरामा उभ्याउने माग राख्यो, समावेशी र समानुपातिक सिद्धान्तका आधारमा सांसद बनाइनुपर्ने कुरामा जोड दियो । यसका साथै कार्यकारी प्रधानमन्त्री र राष्ट्रपति प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा चुनिनुपर्ने, विदेशमा बसोवास गर्ने नेपालीहरूमा पनि भोटाधिकार हुनुपर्ने कुरामा बहस चलाउँदै सुशासनको माग राख्यो । सङ्घीय संसद् विघटन गरियो र नयाँ मन्त्रिमण्डल बन्यो । घटनाक्रमसँगै प्रस्तुत विषयहरू लोकतन्त्रका लागि समयोचित छन् भन्ने ठान्छु म ।

घटना चाहे आकस्मिक होउन्, चाहे सुनियोजित होउन्, तिनीहरूको अल्पकालीन र दीर्घकालीन प्रभाव पर्छ नै । कुनै घटनाको प्रभाव क्षणिक रूपमा ध्वंसात्मक देखिए पनि समयमै समायोजन गर्न सकियो भने भविष्यमा फलदायी हुनसक्ने सम्भावना रहन्छ । म जेनजी आन्दोलन भविष्यमा फलदायी बनोस् भन्ने कामना गर्दछु । सुशासन, भ्रष्टाचार र तत्कालीन बन्द गरिएको सामाजिक सञ्जाल खुलाउनुपर्ने माग राखी पवित्र भावनाले गरिएको आन्दोलनभित्र व्यापक र सोद्देश्यमूलक घुसपैठ भएको कुरा जेनजी समूहबाटै आइरहेको छ । जेनजी समूहले भन्दै गर्दा र सिसी क्यामेराको फुटेजमा हेर्दा हामीले पनि प्रश्न गर्नुपर्ने भयो । आखिर पुलिसको बर्दी पोसाक लगाएका नक्कली पुलिस र कालो बर्दीधारी पोसाकमा देखिएका लडाकु को थिए ? तिनीहरू पनि जेनजी नै हुन् त ? म जेनजी आन्दोलनका नाममा स्थापित आकस्मिक घटना सम्झिँदा भावविह्वल हुन्छु । मेरा विचारमा जसले जसलाई गोली हाने पनि नेपालीले नेपालीलाई कसरी मार्नसकेका होलान् ? सार्वजनिक सम्पत्तिको महत्त्व किन ओझेलमा पारिएको होला ? भनी हुँडलियो मन । मोबाइल खोलेर हेर्छु । ह्वारह्वार्ती व्यक्तिपिच्छेका भनाइहरू ओइरो लागेका छन् । सुन्छु, हेर्छु अनि त झन् पो रणभुल्लमा पर्छु ! जेनजीका पनि समूहपिच्छेका भनाइ, कति सार्थक, कति निरर्थक ?

हैन, विनासल्लाह र योजना कसरी आन्दोलन छेडिन्छ ? फेरि प्रविधि सञ्जालमैत्री जेनजी आन्दोलनको पुरानो, सुनियोजित तयारी थियो भनेको पनि सुन्छु । कुरा सुन्दा र घटनाको प्रकृति विचार्दा हो हो पनि लाग्ने र होइन होइन पनि लाग्ने भएकाले द्विविधात्मक सोचाइले पुनः तनाबग्रस्त हुनपुग्छु म । प्रायःको भनाइमा राष्ट्रियता फुलाउने सोच पाइँदैनथ्यो र देश विकासका लागि स्पष्ट खाका पनि पाइँदैनथ्यो । समग्रमा भन्नुपर्दा जेनजी आन्दोलनमा घटित घटनाले 'साँढेको जुधाइ बाच्छाको मिचाइ' पो देखायो त !

घटनामा घुसपैठ हुनु दुखद कुरा थियो । यो वातावरण कसरी ? कसले ? तयार गऱ्यो, अनुसन्धानको विषय बनेको छ । दुर्घटनाको अपजस बोक्न जेनजी समूह तयार छैन तर पनि जेनजी पुस्ताले आन्दोलन सुरु गरेको र घटित आन्दोलनलाई 'जेनजी आन्दोलन' भनिएकाले ऐतिहासिक र दुःखदायी दुई दिने आकस्मिक आन्दोलन (२०८२ भदौ २३-२४)को जसअपजस जेनजीमाथि नै जान्छ । यसर्थ जेनजी समूहले नेपालीका तनाबग्रस्त फाटेका मन र सार्वजनिक सम्पत्तिको पुनः संरचना गर्ने उपायको खोजी गर्नुपर्छ । देश जेनजी भनिएकाहरूको काँधमा अडिने हो । बालबालिका र वृद्धवृद्धाको उमेरजन्य अवस्थालाई संयोजन गरेर युवाशक्ति सदुपयोग गर्नु जेनजी पुस्ताको दायित्व रहन्छ, कर्तव्य हुन्छ । जेनजी आन्दोलनद्वारा उत्पन्न यावत् समस्याले ममा अनेक अनेक अनौठा प्रसङ्ग कुस्ती खेल्ने गर्छन् । तथापि म सोच्दै हुन्छु, 'जसले नेपालको राष्ट्रियता र नेपालीहरूको तनाब व्यवस्थापन गर्नसक्छ त्यो समूहले मात्र नेपालको नेतृत्व सम्हाल्न जनमत मागोस् ।'

'झल्को' बालउपन्यासको सामाजिक सन्देश

❖ डा. फणीन्द्रराज निरौला

१. विषयपरिचय

समकालीन नेपाली साहित्यका क्षेत्रमा निबन्ध, कविता, समालोचना, कथा, बालनाटक, बालकथा, बालउपन्यासजस्ता विधाहरूका स्रष्टा, पाठ्यपुस्तक लेखन तथा सम्पादन अनि शैक्षणिक पाठ्यसामग्री निर्माणमा समेत विगत दुई दशकभन्दा लामो समयदेखि क्रियाशील व्यक्तित्वको नाम हो गणेशप्रसाद भट्टराई (२०२७ साउन ६, गोगने कन्याम, इलाम)। नेपाली र इतिहास विषयमा स्नातकोत्तर, कानुनमा बी. एल तथा एम. एड र विद्यावारिधिको उपाधिसमेत हासिल गरेका भट्टराई हाल शिक्षासेवाअन्तर्गत उपसचिव पदमा कार्यरत छन् । मूलतः यिनी निबन्धकार, पाठ्यपुस्तक/पाठ्यसामग्री लेखक/सम्पादकका रूपमा बढी नै सुपरिचित छन् । त्यसो त पछिल्लो समयमा बालसाहित्यिक कृतिको लेखनमा समेत यिनी आफूलाई क्रियाशील बनाउँदै आएका छन्। यिनको *झल्को* शीर्षकको बालउपन्यास २०८० मा प्रकाशित भएको पाइन्छ । यस कृतिमा पाश्चात्य सभ्यताको अन्धानुकरणमा अभ्यस्त बनेको र आफ्नो आदर्शपूर्ण सभ्यता एवम् संस्कृतिलाई बिर्सँदै गएको अहिलेको नवीन पुस्तालाई जिम्मेवारी बन्न सचेत गराउने उद्देश्यलाई उदाहरणीय रूपमा प्रस्तुत गरिएको छ। तीन पुस्ताका बिच देखिने फरक सोचाइ, व्यवहार र क्रियाकलाप तथा गतिविधिका माध्यमबाट वर्तमान नेपाली समाजमा एउटा सकारात्मक सन्देश प्रवाह गर्ने काम यस कृतिले गरेको पाइन्छ। अतः यसमा केकस्ता घटना र चरित्रका माध्यमबाट समाजमा सकारात्मक सन्देश दिइएको छ भन्ने सन्दर्भलाई यस लेखमा अनुशीलन गरिएको छ।

२. शीर्षकीकरण

साङ्ग्रिला मिडिया ग्रुप प्रा. लि.द्वारा प्रकाशित *झल्को* एक सय त्रिचालिस पृष्ठमा विस्तारित बालउपन्यास हो । विषयलाई सुरुचिकर एवम् आकर्षक बनाउन प्रसङ्गानुसार कुशलतापूर्वक चित्राङ्कन गर्ने काम रमेश डङ्गोलजस्ता सिद्धहस्त व्यक्तित्वबाट गरिएकाले कृति निकै वजनदार बनेको छ। परेवा र भँगेरा, हजुरआमा र नातिनी, भगवान्सँग भेट, आमाको माया, हजुरबाको बर्थ डे, जङ्गलको यात्रा, मेलाको रमाइलो, तपाईंको होमस्टे, बर्सन लागेको बादल, बोल्ने किताब, अव्यक्त पीडा, भगवान्को चित्र, उघ्रेका आँखाजस्ता तेरओटा शीर्षकमा विषयलाई सजाएर प्रस्तुत गरिएको छ र यसको शीर्षक प्रतीकात्मक प्रकृतिको रहेको छ। यस कृतिको रचना गर्नुको उद्देश्यबारे उपन्यासकारले 'मलाई यस्तो लाग्यो' शीर्षकको भूमिकामा यस्तो अभिव्यक्ति दिएका छन् :

...सूचना प्रविधिका कारण संसारका विविध पक्षमा बालबालिकाको पहुँच हुने र अन्य समाजका राम्रा-नराम्रा पक्षको अन्धानुकरण हुँदा हाम्रा मौलिक पक्ष लोप हुन लागेका छन्।

समाजका मौलिकतालाई आधुनिकतासँग जोड्नु, अग्रजप्रति सम्मान भाव विकास गर्नु, समाजमा तीन पुस्ताबिच असल सम्बन्ध विकास गर्नु र बालबालिकालाई व्यावहारिक ढङ्गले अनौपचारिक शिक्षा प्रदान गरी सामाजिक सक्षमता प्रदान गर्नु पनि साहित्यको उद्देश्य हो । ...साहित्यले हँसाउन, रुवाउन र सम्झाउन सिकाउनुपर्छ ।

वस्तुतः कुनै वस्तु वा व्यक्ति देख्नासाथ अस्पष्ट आभास, मिथ्याभास वा प्रतीति हुने अवस्थाको नाम झल्को हो । उपन्यासकी केन्द्रीय बालचरित्र ओजस्वीले मृत हजुरआमाको तस्बिरमा भगवान्को झल्को पाइने सन्दर्भ यस कृतिमा उल्लेख गरिएको भए पनि उपन्यासकारको उल्लिखित भनाइबाट यहाँ एउटा परिवारभित्र परम्परागत पुस्ता, नयाँ र पुरानो पुस्ता एवम् नयाँ पुस्तामा आधुनिकताले पारेको प्रभाव गरी तीन पुस्ताका फरक फरक सोचाइ, व्यवहार र गतिविधिको झल्को दिएर समकालीन समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्य राखिएकाले यस बालउपन्यासको शीर्षक विषयवस्तुअनुकूल रहेको स्पष्ट हुन्छ।

३. उपन्यासको विषयस्तु

झल्को बालउपन्यासमा सामाजिक विषयवस्तु प्रस्तुत छ र त्यसअन्तर्गत बालमनोविज्ञान र समाजमनोविज्ञान पनि सँगसँगै प्रस्तुत गरिएको छ । जीवनको उत्तरार्धमा पुगिसकेका ओजस्वीका हजुरबा र हजुरआमा तथा बुबा जगदीश र आमा जानुका, ओजस्वीका दाजु ओजेश, काकाकाकी र उनीहरूको छोरो सान्निध्य, अटोचालक चन्द्र आदि चरित्रका माध्यमबाट उपन्यासकारले आधुनिक सभ्यता मौलाउँदै गएका सन्दर्भमा सहरिया समाजमा देखिने तनाब, व्यस्तता र गाउँले समाजको सरलपन, निश्छल व्यवहार एवम् स्वच्छ वातावरणको निकै आकर्षक ढङ्गले चित्राङ्कन गरेका छन् । ओजस्वीका बुबा गाउँमा जन्मिएर अनेक दुःख गरी सहरमा दुई छोराछोरीको लालनपालन र शिक्षादीक्षा दिँदै आएका सहनशील, सुशील र असल व्यक्ति हुन् । उनी शिक्षण पेसामा संलग्न छन् भने ओजस्वीकी आमा सहरमा जन्मिई, सहरमै हुर्कीबढेकी र पढेकी सरकारी जागिरे हुन् । प्रेमविवाह गरी दाम्पत्यजीवनमा बाँधिएका ओजस्वीका बुबाआमाका बिच केही बेमेल देखिन्छ । बिदाको समय पारेर धेरै वर्षपछि प्यारो गाउँ पुगेका छन् ओजस्वी र उनका बुबा जगदीश । गाउँले जनजीवन, रहनसहन, व्यवहार, प्राकृतिक वातावरण आदि कस्तो हुन्छ भन्ने ज्ञान नभएकी ओजस्वीलाई गाउँका हरेक गतिविधिहरू नौला मात्र होइन अनौठा पनि लाग्छन् । उनी जिज्ञासु बालिका हुन् त्यसैले परेवालगायत चराचुरुङ्गीले खाने चारो, घर, गाईवस्तु, दैनिक प्रयोगमा आउने भाँडाकुँडा, गाउँलेहरूले अपनाएको पेसा, संवादमा आउने शब्द वा पदावली आदि एक एक गरी सिक्दै र बुझ्दै जान्छिन् र उनी स्वाभाविक रूपमा मान्यजनसँग निर्धक्क बालसुलभ जिज्ञासा कत्ति सङ्कोच नमानी राख्छिन् । उनी बालसुलभ संवेगात्मक सोचाइ र व्यवहार पनि देखाउँछिन् । निश्छल एवम् निष्कपट उनका मनमस्तिष्कमा गाउँले जनजीवन सहज बन्दै जान्छ । उनलाई सहरभन्दा गाउँकै जीवन आनन्दमय र रमाइलो लाग्छ। उनी गाउँमै पूरै रमाउन थाल्छिन् ।

ओजस्वी पढाइ र चित्रकलामा पनि अब्बल थिइन् । राष्ट्रिय चित्रकला प्रतियोगितामा प्रथम भएर एक लाख राशिको पुरस्कारसमेत यिनले पाइन् । ओजस्वीका बुबा जगदीशलाई श्रीमतीले आफूलाई समस्या भएका कारण

तुरुन्तै आउन भनेपछि सबैसँग बिदाबारी हुनलाग्दा खाना नखाने र निन्याउरो मुख लाएर गाउँमै बस्न खोज्छिन् । करिब पन्ध्र दिन गाउँमा बिताउँदा एक दिन पनि उनले सहर फर्किने कुरो गरिनन् । गाउँमै बसेर रमाउन खोजे पनि उनी अमिलो मन पार्दै बिरसिलो सहर फर्किन बाध्य भइन् । गाउँमै रत्तिएकी ओजस्वी सहर फर्कन चाहन्नन् । जबर्जस्तीजस्तै सहर गएपछि पनि सचेत अभिभावकका रूपमा देखिएका जगदीशले सहरका पनि असल पक्षबारे आफ्ना छोराछोरीलाई जानकारी गराउने काम गरेका छन् । यसरी अभिभावकले बालबालिकालाई नेपाली समाजका मौलिक पक्षमाथि अभ्यस्त गराउन पहल गर्नसके उनीहरूले त्यसलाई सहजै लिनसक्ने सन्देशमूलक विषयवस्तुलाई यस कृतिमा प्रस्तुत गरिएको छ।

४. उपन्यासको मूल सन्देश

गणेशप्रसाद भट्टराईद्वारा लिखित *झल्को* बालउपन्यास हो । यस कृतिमा बालमैत्री सन्देश प्रवाहित छ। उपन्यासको सुरुवात प्रमुख बालचरित्र ओजस्वी र उनका बुबा इलामको सुन्दर गाउँमा पुगेको सन्दर्भबाट गरिएको छ। उनीहरूका बिच त्यहाँ चराले खाने चारो र हजुरआमाले भुटेका मकैको नामकरणका बारेमा भएको संवादलाई निकै रोचकताका साथ प्रस्तुत गरिएको छ। चारोका बारे थाहा नपाएकी अनि भुटेका मकैलाई पपकर्न भन्ने थाहा पाएकी ओजस्वीले बुबा र हजुरआमाबाट थाहा पाउँछिन् । बुबा जगदीश र हजुरआमाले एक एक गरी सरसामग्री जुटाएर पूजा गरी भगवान्प्रति भक्तिभाव जनाउने सन्दर्भ र प्रयोग गरिने घन्टी, पञ्चामृत, व्रत आदिबारे क्रमशः उनलाई बालमैत्रीपूर्ण वातावरणमा सिकाइन्छ।

हजुरबाले गाई दोएको, दुध तताएर दही जमाएको अनि ठेकीमा मधानी राखेर मोही पारी घिउ निकालेको आदि घटना ओजस्वीका लागि नौला र अनौठा लाग्छन् तर पनि ती सबै कुरा उनलाई बुझाउँदै र सिकाउँदै लगिन्छ। ठेकी र मधानीबाट नौनी झिकिसकेपछि थोरै आगोमा चढाएको घटनालाई भगवान्सँग जोडेपछि ओजस्वीका मनमा स्वाभाविक रूपमा भगवान् भेट्ने बालसुलभ इच्छा जाग्दछ। उनका मनमा पलाएको भगवान्प्रतिको जिज्ञासालाई तार्किक र बालमैत्रीपूर्ण ढङ्गले समाधान गरिन्छ। यस्तै हजुरबाको जन्मोत्सवको सन्दर्भलाई देखाएर ओजस्वीका बालमस्तिष्कमा नयाँ तरङ्ग सिर्जना गरिएको छ। पण्डित बोलाएर धार्मिक अनुष्ठानसहित पूजापाठ गर्ने अनि सारा शुभचिन्तकहरू भेला भएर रुख रोपी चारैतिर हरियाली बनाएर वातावरण नै पूरै परिवर्तन भएको प्रसङ्गले बालमस्तिष्कमा नवीनतम संस्कार प्रवाहित गर्न मद्दत पुगेको छ।

सहरबजारमा बालबच्चालाई मोबाइल खेलाउन दिएर अल्मल्याइन्छ तर गाउँघरमा सुत्नेवेला मिठा मिठा कथा भनेर बालबालिकाहरूलाई नैतिक शिक्षा दिने काम गरिन्छ । हजुरआमाले सुत्नेवेला भनेको आमाप्रति गरिएको मायाको कथाले ओजस्वी भावविह्वल बन्छिन् । यो बालबालिकाहरूलाई असल बाटामा हिँडाउन उत्प्रेरित गर्ने अचुक उदाहरण हो । यस कुराबाट सहरिया बालबालिकाहरू अहिले वञ्चित भएका छन् । जन्मोत्सवका वेला लगाइएको विशाल जङ्गलको भ्रमण गराउँदा उनलाई रुखबिरुवा, खोलानाला, पानीघट्ट त्यसले गर्ने काम आदिका बारेमा जानकारी गराइन्छ। गाउँको मेला हेर्न लैजाँदा परम्परादेखिका अनेक रमाइला पक्षहरूसँग साक्षात्कार गराउँदा ओजस्वी असीम आनन्दको अनुभूति गर्छिन् । होमस्टेको

बसाइ र सूर्योदयको दृश्यले थप ओजस्वीलाई मात्र होइन उनका बुबालगायत सबैले अपूर्व आनन्दको अनुभव गर्छन् । गाउँघरमा रत्तिसकेकी ओजस्वीलाई जगदीशले छोरी अब चाँडै सहर जानुपर्छ भन्दा दादा सान्निध्यसँगै गाउँमै पढ्ने कुरा गर्छिन् । सहर फर्कने कुराले आहत हुँदा कसैसँग बोल्दिनन् र खाना पनि खान्नन् । सहर गएपछि दाजु ओजेशसँगै चिडियाखाना जाने र बोल्ने किताबबारे नयाँ कुराको जानकारी पनि गराइन्छ। यसरी तिनीहरू नयाँठाउँ तथा नयाँ नयाँ वस्तुको जानकारी लिन पाउँदा मक्ख पर्छन् । परिवारप्रति अनुदार बन्दै गएकी जानुकाले छोराको विद्यालयको शुल्क नतिरिदिँदा सपनामा बर्बराएको थाहा पाएपछि कर्तव्यबोध गर्दै बालबच्चाको चाहनामा कुनै समस्या आउन नदिने व्यवहार गर्छिन्। अन्तमा जगदीशकी आमाको देहावसान र ओजस्वीले हजुरआमाको फोटो बनाएको र त्यसैलाई श्रद्धाञ्जली दिन राखिएको घटनासँगै उपन्यासको अन्त्य भएको छ।

उल्लिखित घटनाका माध्यमबाट यस बालउपन्यासमा बालकहरूलाई आधुनिकताका हरेक पक्षले प्रभावित पारेको अवस्थामा जगदीशजस्ता सचेत अभिभावकले आफ्ना सन्तानलाई हाम्रा संस्कृति, परम्परा, व्यवहार, मूल्यमान्यता आदिका बारेमा मसिनोढङ्गले कुशलतापूर्वक जानकारी गराउनुका साथै उनीहरूको सोचाइ र व्यवहारमै परिवर्तन आएको सन्दर्भलाई यस उपन्यासमा देखाइएको छ। बालकहरूको खालि दिमागमा जस्तो भर्नसक्यो त्यस्तै व्यवहार गर्छन् । आफ्ना परम्परा, आदर्शपूर्ण व्यवहार र मान्यताका बारे बालकहरूलाई व्यावहारिक ढङ्गले सिकाउन सके त्यसको दूरगामी प्रभाव पर्ने कुरा निश्चित छ । बालबालिकाहरूका दिमागमा असल ज्ञान र व्यवहार सिकाउन सके मात्र सन्तति र भोलिको समाजले पनि समुचित बाटो अवलम्बन गर्नसक्छ भन्ने मूल सन्देश यस कृतिमा प्रस्तुत गरिएको छ।

६. निष्कर्ष

उपन्यासकार गणेशप्रसाद भट्टराईकृत *झल्को* उपन्यासले सकारात्मक बालमैत्री सन्देश सफल रूपमा प्रवाहित गरेको छ। मूलतः यस उपन्यासमा बालचरित्र ओजस्वीको चरित्र एवम् उनको मनोविज्ञानलाई मात्र होइन आधुनिकताले आक्रान्त समाज एवम् सहर र गाउँले जीवनका बिच देखिने विषमता, सहरको व्यस्तताभित्र मानवता हराउँदै गएको अवस्था, गाउँमा भएको विकास र परिवर्तन अनि त्यहाँको स्वच्छता, पवित्रता एवम् मानवीय चरित्र आदिको चरित्राङ्कनबाट पश्चिमी सभ्यताबाट प्रभावित बालबालिकाहरूमा सकारात्मक सोचको विकास गराउन र आफ्ना पुर्खाले आर्जेका आदर्शपूर्ण गतिविधि र व्यवहारप्रति पनि सकारात्मक बन्न उत्प्रेरित गर्ने बालउपयोगी विषयवस्तु रहेको स्पष्ट हुन्छ । आधुनिक सभ्यताबाट आक्रान्त आजको नयाँपुस्तालाई हाम्रा आदर्शपूर्ण सामाजिक व्यवहार, रीतिस्थिति, परम्परा, चालचलन आदिबारे पुरानोपुस्ताले उनीहरूको मनोविज्ञान तथा चाहना बुझेर वातावरण तयार पारिदिनुपर्छ अन्यथा त्यसको असर सुखद नहुने सङ्केत गरिएको छ।

नेपाली समाजको सही तस्बिर ग्रामीण जनजीवनमा मात्र भेट्न सकिन्छ । बालबालिकाहरूलाई ग्रामीण जीवनशैली वा व्यावहारिक ज्ञानबाट टाढा राखिँदा उनीहरूले नेपाली सभ्यता नै के हो थाहा पाउने अवस्था

करिब करिब अन्त्य हुँदै छ त्यसैले सभ्य, सुसंस्कृत एवम् मौलिक नेपालीपनलाई बचाइराख्ने हो भने बालमनोविज्ञानलाई आत्मसात् गर्दै र बालमैत्री वातावरणमा बालबालिकाहरूका माझ पुऱ्याउन अभिभावकले मुख्य रूपमा जिम्मेवारी वहन गर्नै पर्छ। मूलतः अभिभावकले बढी नै संवेदनशील भई बालबालिकाहरूमा ग्रामीण क्षेत्रका जीवन्त मौलिक सभ्यता सहज रूपमा ग्रहण गर्ने वातावरण सिर्जना गर्नुपर्ने, बालबालिकाहरूमा उत्पन्न हुने जिज्ञासाको समुचित समाधान गर्नुपर्ने, प्रविधिमा अभ्यस्त आजका कलिला मनमस्तिष्क भएका बालबालिकाहरूका बिच पुऱ्याउनुपर्ने आजको आवश्यकता हो र युगीन चाहना पनि हो भन्ने सन्देश यस बालउपन्यासमा प्रस्तुत गरिएको छ ।

❑ कविता

❖ डा. गोविन्दप्रसाद आचार्य

मदनको बाटोमा

एउटा मान्छे झलमल गरी रात चिर्दै उदायो
सामन्तीका सुखसयलको ओठतालु सुकायो
राजा राहु तलतिर गयो देश खाई बसेको
हेर्दा हेर्दै पतनपथमा पातजस्तै खसेको।

सत्ता काँप्यो लगलग गरी माफ मागिरहेका
आयो मान्छे उदपपथमा चेत नौलो खुलेका
बाटो कस्तो अलमल थियो जानुपर्ने कता हो
आऊ आऊ नबस बिचमा देश जाने यता हो।

नेपालीको बहुत चतुरो दिव्य सन्तान आयो
खोल्दै बाटो नव समयको धार नौलो जगायो
नेपालीको मदन मनको देश ऊर्जा बनेको
सामन्तीको सुखसयलको हेर पानी सुकेको।

लैजाने हो सकल जग यो साम्यवादी धरामा
आऊ सच्चा मदनपथमा हाल पानी जरामा
बाटोलाई विचलन दिने भाग्नुपर्ने छ भाग
भागेकाको अब त युगले गर्नसक्तैन माग।

नेपालीको मनमगजमा प्रेमका सिर्जना छन्
सारा मान्छे मदनबलको तेज मागिरहेछन्
कोहीलाई विचलित हुने युगले छुट दिन्न
छोप्नैलाई नगर बल यो झुट काहीँ रहन्न।

भित्री रहस्य

❖ नारदप्रसाद आचार्य 'सुदामा'

मदनले छातीमा घन बजार्दै गहको डिलमा आँसु रोकेर भन्यो, "के तिमीलाई मलामी चाहिदैन कान्छो ?"

मलाई उसको बोलीले चसक्क छोयो । म उसको घरमा पुगेँ । गाउँले नाता भए पनि हामी वंशजकै सन्तानझैँ थियौँ । भन्दा विश्वको ध्यान आकर्षण गर्ने मुलुक । यता आउन मान्छेले जिन्दगीलाई धितो राखे । आखिर केका लागि ? सायद स्वप्नको बगैँचामा फूल फुलाउन होला । रहरको खेती उठाउन होला । मनको सानो सन्दुकमा देशको तस्बिर टासेर हिँडियो । प्रातः कालको कलिलो मिरमिरेदेखि छिप्पिएको रातसम्म भागदौडमा बित्यो । हेर्दा खेलाडीजस्तै भागाभाग थियो । न सन्तुष्टिको श्वास फेर्न पाउनु ! पैसामा प्रकृति किन्न सकिदैनथ्यो । हावा थियो वासना थिएन । भाषा थियो मिठास थिएन । नदी थियो नदीमा सङ्गीतको धुन थिएन । गगन थियो, मृत्तिका थियो तर सुगन्ध थिएन । दिन, रात, साँझ, बिहान, चन्द्र, सूर्य र नवग्रह सबै सबै थिए तर धरा (जन्मभूमि) थिएन । मानव थिए तर मानवता थिएन । म अमेरिकी जीवन देखेर सोचमग्न बनेँ ।

"मनमा लागेका दुःखपीडालाई लुकाएर अपरिचित व्यक्तिसँग पनि प्रभातको लालीजस्तै खुल्नुपर्छ", वसन्तको बाघझैँ नैराश्य स्वरमा मुना बोली । क्षणभरमा पल्लो छिमेकीले उत्सव मनायो । बाजागाजाका धुनहरू सुन्नमा आयो । हामी काकाको दाहसंस्कारमा थियौँ । पीडामा साथ दिन कोही आएनन् ! स्वार्थको संसार देखेर म तर्सिएँ । बाध्य भएर म बोलेँ, "यता शवयात्रा हुँदा उता छिमेकीको घरमा उत्सव हुन्छ, मानवता मर्दैन र ?"

ह्यारिस्वर्ग, पेन्सिलभेनिया,
संयुक्त राज्य अमेरिका

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
शब्द-संयोजन
मासिक' पढ्नुहोस् ।

भाइरल हुनुको रमाइलो !

❖ रञ्जुश्री पराजुली

केशवलाई आजभोलि मिडियाहरूमा देखापर्ने चाहिँदा नचाहिँदा खबरहरू देखेर दिक्क लाग्थ्यो । कसैको गमलामा खुर्सानी फल्यो मिडियामा आइहाल्ने! कसैको कुकुर ब्यायो कतिवटा छाउरा जन्मिए तिनीहरूको रङ, लिङ्ग आदि सबैको विस्तृत वर्णनसहित फेसबुकमा देखाउन हतपत भइहाल्ने ! फेरि त्यसको कमेन्ट पनि तुरुन्त आइहाल्ने चलन समाजमा व्यापक रूपमा बढ्दै गएको थियो । झन् कसैको घरमा बिहे, व्रतबन्ध, पास्नी, गुन्युचोलो आदि छ भने त्यसको प्रचारप्रसार अरूलाई मन परे परोस् नपरे नपरोस् छरपस्ट फेसबुकमा छरिन्थ्यो ।

मिडियामा देखाउनको लागि सरसामान, लुगाफाटा, साथीभाइहरूसँग पैँचो मागेर भए पनि सगौरव लगाउँथे ! मेरा केही साथीहरू वेलामौकामा मसँग जुत्ता, ज्याकेट आदि एकदुई दिन लगाउँछु है भनेर लान्थे तर दुई-तीनचोटि माग्दा पनि उनीहरूकै सामान मागेजस्तो व्यवहार गर्दथे !

एकचोटि त झोँकै चलेर 'किन चाहियो सधैँ अर्काका सामान ?' भनेर रिसाएँ पनि ।

राम्रो खबर लेखे त ठिकै थियो तर अरूलाई कामै नलाग्ने अन्ठसन्ठका कुरा मिडियामा राखेर पहिचान कमाउन खोज्ने आधुनिक चलन कस्तो हो कुन्नि ! यसले समाजलाई के सिकाइरहेछ ! बुझ्नुपर्ने देखिन्छ ।

एक दिन बिहान घरमा आमासँग कुरा गर्दै चिया खाँदै थिएँ । कलेजको साथी उमेश 'साथी कुवेरको बुबा बित्नुभएर पशुपति लान लागेका छन् । हामी मलामी जानुपर्छ । त्यहाँ उहाँको अन्तिम क्रियाकर्म, मुखाग्नि दिएको, जलाएको सबै भिडियो खिच्नुपर्छ । युट्युबमा राख्नुपर्छ । तिम्रो मोटरसाइकलमा जानुपर्छ । मोबाइल, क्यामराहरू सबै म लान्छु । भिजुअलाइजमा सबै विवरण मैरै आबाजमा दिन्छु । कत्ति न ठुलो काम गरेझैँ बरबराउँदै ल.. ल हिँडिहाल । भिडियो खिच्न केही नछुटोस् ।'

हाल अमेरिका ।

सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

– शब्द-संयोजन परिवार

❖ लीलाराज दाहाल

झोले

चेतनाका आँखा बन्द छन्
बन्द छन् विद्रोह बोल्ने ओठहरू !
ऊ मात्रै आफ्ना नेताको
आफ्नो दलको
देख्दैन कमजोरी !
कहिले ठुलो स्वरमा चिच्याउँछ
संसद्मा
सडकमा
अज्ञात स्थलमा
लुकाउन हरदम आफ्नो कमजोरी !
परिक्रमा गरिरहन्छ
आफ्नै पतित नेताको !
स्वार्थको पोसाकमा सजिएको छ ऊ
सजाएको छ शिरमा
चाप्लुसीको भादगाउँले टोपी !
ऊ कमजोरी देख्छ त
केवल अर्काको देख्छ
मात्रै अर्काको देख्छ
विपक्षीहरूका मात्रै
कर्तुतहरू छन् उसको बहिखाताभरि !
ऊ यो समयको
कर्मठ र आशालाग्दो
नयाँ झोले हो
ऊ खाँट्टि झोले हो !

बागमती ११, कर्मैया, सर्लाही ।

❖ वर्षा रेग्मी

एक्लोपन

सबै साथ छन् तर मन त एक्लो
हाँसोको बिचमा आँसु लुकाउँछु
कसैले सोध्न सक्दैन के भयो तिमीलाई भनेर
म बाँचिरहेछु मौनतामै जबाफ दिएर ।
सपना धेरै बाटा धेरै
तर यात्रा त एक्लै गर्नुपर्छ
जीवनको यो लामो यात्रामा
एक्लोपनलाई पनि साथी बनाउनुपर्छ ।
डरलाग्दो नठान्नुस् एक्लोपनलाई
यो त मधुर आबाज हो आत्माको
जहाँ म बातचित गर्छु आफैँसँग
र जन्माउँछु नवीन आशाका पालुवाहरू ।
म पनि त उही चन्द्रमाजस्तै
देखाउँछु सबैलाई उज्यालो
तर भित्र अन्धकारको सागर छ
जहाँ म आफैँ हराइरहेकी छु ।
मौन छ हृदय आबाज छैन
सपनाहरू छन् तर साहस छैन
लाग्छ कहिलेकाहीँ
एक्लोपन पनि जीवनको बृहत्तम पाठ हो
जहाँ म बुझ्नसक्छु
आफ्नो साहस र अथाह सामर्थ्यलाई ।

नेसनल स्कुल अफ साइन्सेज,
कक्षा : ११, व्यवस्थापन समूह
लैनचौर, काठमाडौँ ।

मेरो साथी

❖ देवीप्रसाद घिमिरे

आजभोलि मेरो साथी खै ! कस्तो कस्तो स्वभाव देखाउँछ । जे जे नगर्न भन्यो त्यही त्यही गर्छ । कक्षामा राम्ररी पढ् भन्छु ऊ चियागफ गरेर बस्छ । परीक्षामा राम्ररी लेख भन्छु । उल्टै गार्डलाई गाली गरेर चिट चोर्छ । ऊ चोरेरै पास हुन्छ म अर्ति दिने चाहिँ तीन बल्ड्याङ खाइसकेँ । म चोरी गर्नु पाप हो भाइ यसले व्यक्तित्वको विकास हुँदैन भन्छु ऊ उल्टै मलाई सम्झाउँछ । चोर्नु चोराउनु धर्म हो यसले पाप होइन फलिफाप हुन्छ, समयलाई चिन्नुपर्छ, समयअनुसार हिँड्नुपर्छ भन्छ । म त्यसो नगर्न, धर्म नष्ट हुन्छ भन्छु ऊ त्यसै गर्नुपर्छ, मार्ग प्रस्ट हुन्छ भन्छ । खै के खै के ! भनेजस्तो । उसले लोकसेवा पनि ठोकसेवाकै सूत्रले पास गर्‍यो । मेरो ढोगसेवा कहीँ कतै बिकेन । ऊ मलाई हेरेर भन्छ, 'केटा समयलाई चिन्, समयको वेगसँगै हिँड्, समयलाई सलाम गर्, समयसँग सम्झौता गर्, वेलैमा सोच, ढुङ्गा पुजेर भगवान खुसी हुँदैनन्, जुक्तिबुद्धि भए भगवानले भरोसा गर्छन् ।' म मेरो साथीलाई 'झुटो नबोल्' भन्छु ऊ झुटो नबोली केही कामै हुँदैन, सत्य बोल्ने जमाना गयो, अहिले त जसले जति झुटको खेती गर्‍यो त्यसको त्यति नै फलिफाप हुन्छ' भन्छ । हेर भाइ ! त्यसो होइन एक दिन झुटको खेतीमा किरा लाग्यो भने 'लोभले लाभ लाभले हरिविलाप' भयो भने के गर्छस् ? दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले भनेझैँ होला है । अरूलाई दुःख नदेन भन्छु ऊ त्यसैमा रमाउँछ । निर्दोषहरूलाई निहुँ खोजी खोजी दुःख दिन्छ । फरक मानिससँग फरक व्यवहार गरिहिँड्छ । म परीक्षामा पढ्नुपर्छ भन्छु ऊ परीक्षामा चोर्नुपर्छ भन्छ । म विद्यार्थीलाई कक्षामा पढाउनुपर्छ भन्छु ऊ विद्यार्थीलाई चियागफमा भुलाउनुपर्छ मौका मिले नेता बनाएर डुलाउनुपर्छ भन्छ । म गरिबलाई नठग्, उनीहरूको सम्मान गर् भन्छु ऊ तँ चाहिँ ठग्न नजानेरै गरिब भएको होस् भन्छ । त्यसैले आगोलाई राप चाहिन्छ भन्छ । हे दैव ! म के गरूँ ! साथ छोडौँ कि यो बदमासलाई हात छोडौँ !

म सामाजिक सेवा गरौँ, परोपकार गरौँ पुण्य मिल्छ भन्छु ऊ कर्म गरी पुण्य हात लाग्यो शून्य भन्छ । भेटेसम्म धर्ममन्दिरको भेटि आफैँ हसुर्छ, ठेक्काको पेटी र होटलका केटीसमेत बाँकी राख्तैन । म यस्तो मित्रलाई छोडौँ कि मित्रता नै तोडौँ ! आजभोलि गोजीमा दाम छैन भलो बनेर काम छैन । जिन्दगी भोग्नका लागि हो, अरू मस्ती गरौँ खाऔँ, पिऊँ रमाऊँ मस्ती गरौँ, मस्त बनौँ भन्छ । म भन्छु भाइ ! यो क्षणिक भेल हो, यस्तो नगरौँ इमान्दार बनौँ भन्छु । ऊ मान्दै मान्दैन । मेरो साथी काम सिन्को भाँच्दैन तर कुरा गरेर कहिल्यै थाक्दैन । म पहिले काम गरौँ

त्यसपछि कुरा गरौँ भन्छु। ऊ जिद्धि गर्छ, पहिले मस्तसँग कुरा गरौँ। काम आज नभ्याए भोलि गरौँला न भन्छ। म केटाकेटीलाई गरिखाने बनाउन सिप सिकाऊँ व्यवहारिक ज्ञान बाँडौँ भन्छु। ऊ जसरी पनि प्रमाणपत्र हात पार्, हात्ती पढेर मोटाएको मुसा नपढेर दुब्लाएको हो र ? भन्दै जबाफ फर्काउँछ। म त वाक्कदिक्क भइसकेँ। म ठिक कि मेरो साथी ठिक हो ? मैलाई द्विविधा हुन थाल्यो। उसको ठाँटबाँट रबाफ हेर्दा त मभन्दा मेरो साथी नै सत्मार्गमा छ किजस्तो लाग्नथाल्यो। ऊ 'हातमा प्रमाणपत्र चाहिन्छ गरेर आफैँ खाइन्छ', मित्र व्यवहारिक बन्, आधुनिक बन्, समयसँगै सुत्, समयसँगै उठ् र समयसँगै दौडन सिक् भन्छ। मेरो साथीलाई कहिल्यै बुझाउन सकिन ! म नीति बनाउन खोज्छु ऊ नेता बनाउन खोज्छ। ऊ गेटमै आगो बाल्न थाल्छ। म परिवर्तन सम्भव छ तर ज्ञानको आँखा खुल्नुपर्छ भन्छु तर ऊ पनि परिवर्तन सम्भव छ भन्छ तर ज्ञानले होइन ज्यानको बदला ज्यान लिएर भन्छ। शान्तिले होइन क्रान्तिले, नैतिकताले होइन मुढेबलले संसार परिवर्तन गर्न चाहन्छ। ऊ चिया खुवाएर आफ्ना चेलाहरूलाई पकेट मार्न पठाउँछ। सङ्घसंस्था, विद्यालयका टेबुल ठटाएर खर्च जुटाउँछ। म भोकभोकै एक घान मकैका भरमा समाजसेवामा खटिन्छु। मेरो अभिन्न मित्र मेरै विरूद्धमा इन्द्रजाल बुन्छ, हड्ताल गर्छ। मैले उसलाई नेता बनेर नीति बना भनेँ ऊ नेता बन्यो, मैले विद्यालय खोलेँ ऊ मेरो विद्यालय बन्द गर्न नीति बनाउँदै छ। मेरो पैत्रिक सम्पत्तिको बिल्लिबाठ बनाउँदै ऊ सबैलाई खान दे, बस्न दे, पढ्न दे भन्छ। म मेरो बलबुताले भ्याएको मात्र दिन्छु भन्छु। ऊ 'निजी विद्यालय बन्द गर्, तँ मरे पनि मर्' भन्छ। म तेरो विवेक खोई भन्छु ऊ फेरि धम्क्याउँछ 'मेरो गणतन्त्रमा शिक्षा सबै सित्यैँ चाहिन्छ।' म भन्छु 'तेरो सरकारले देओस्, तेरो नीतिले देओस्, हिम्मत भए सबैका स्कुल राष्ट्रियकरण गर् नत्र भने भारतवाट कमिसन खाएर शिक्षा सबै उतै जिम्मा लगा न, शिक्षा नपाए काशी जानू भनेकै छ।' ऊ अड्डि कस्छ एउटा अमुक लुटेराझैँ लाल लाल नेत्र गरेर 'तैँले किन नाफा कमाइस् ! मेरा कार्यकर्तालाई किन यति मात्र थमाइस् ! तँ चोर सके देश छोड् नसके आत्महत्या गर् तर शिक्षा निःशुल्क गर्' भन्छ। म के गरौँ तिघ्रा उसैका ठुला छन्। स्वर उसैको ठुलो छ। जमात उसैको ठुलो छ। यो ठुलैठुलाको जमातमा चेपिएको, हेपिएको चन्दाको धन्दाले हरिकङ्गाल भएको निजी विद्यालयको सञ्चालक अब चाँडै बैङ्कऋणको पोखरीमा डुबेर आत्महत्या गर्न विवश छु। मेरो दोष भ्रष्टाचार होइन, सदाचारी बन्छु भन्नु, बैङ्कको ऋण बोकी बोकी दुनियाँको आँखी भएर बोर्डिङ खोल्नु। स्वदेशमै स्वरोजगार उत्पादन गर्नु, गुणस्तरीय प्रविधिमैत्री कक्षा सञ्चालन गर्नु, देशको शैक्षिक उन्नयनमा उत्कृष्ट नतिजा दिनु, विदेश पलायन हुन आँटेको पुँजी रोक्नु मात्र ! अट्टहाँस गर्दै मसँग झम्टिन्छ, 'तँ चोर होस्, तैँले लुटिस्, रातदिन दुःख गरेर भए पनि उठिस्। अब मेरा कार्यकर्तालाई नियमित पाल्। पन्ध्र प्रतिशतलाई खाना, नाना, गानाबजाना सबै व्यवस्था गर्। सक्छस् यही गर् नसके ऋणैऋणमा डुबेर मर्।'

हिमालको गीत: आंशिक पठन

❖ प्रा. डा. खेम दाहाल

१. प्रारम्भ

तीर्थ गुरुङको उपन्यास हिउँको गीत साङ्ग्रिला मिडिया ग्रुप प्रा.लि.को प्रकाशनमा हालै प्रकाशित भएको कृति हातमा छ। कृति दुई खण्डजस्तै छ, सुरुको खण्डमा परिच्छेद विभाजनका आधार वर्णहरू क, ख, ग, घ, ङ बाट हुने रहेछ। यसमा पात्रहरू उकालो उक्लिरहन्छन्। 'आकाश खुलेको छ, हिमाल चहकिलो देखिएको छ' भनेपछि यात्रा विकट छ, साथमा पात्रहरूको संवादमा रुचि छ, बिहेको कुरा गर्छन्। कुनै पात्रका सुपुत्रले विदेशी केटीसित प्रेमविवाह गरेका र अलिकति पुरानो समय भएकाले नाकमा ठेस लागेको विषयमा एक छिन अल्मलिँदै र उकालो काट्दै गर्छन्। पात्रहरू पुजनको बाबा, कर्ण, समर, डिस्को, भरिया, जङ्गलीको सोल्टी, ओमप्रकाश, कृष्णबहादुर भुजुङ गाउँ हेर्छन् र यात्राका यिनीहरूका विषय लाहुरसित सम्बद्ध छन्, युवराजकी पुनमसित आबद्ध छन्, कोरोनाजस्तो महामारीबाट मारिने पात्र पुनमसित मन झुक्छ।

२.१ विषयप्रवेश (प्रसङ्ग–१)

'हिउँको गीत' उपन्यास (२०८१) निकै धैर्यधारण गरेर मात्र पठन गर्नसकिने लाग्दै छ किनकि कुनै जनजाति मानौँ गुरुङ भाषाकी एउटी साथीसित शब्दार्थ सोध्नुपर्छ। नामहरू उस्तै छन्? क्रोमी, हिँछे, क्ह्याल्पा, पाते पुइला, पच्चु प्वुठे उच्चारणमा उकालो पर्ने नामको सूची लामो होलाझैँ लाग्दै जान्छ। शब्द त अर्थ खोजेर पढिएला तर भाषामा चमक चाहिन्छ। "लौरो टेक्दै पछि पछि आइरहेका उदास युवराजबारे फुसुरफुसुर कुरा हुनु स्वाभाविक नै भइहाल्छ।" अबको केही प्रसङ्ग यही पात्रतिर घुमिदिन्छ, ऊ आइसियूबाट निस्कियो तर उसकी पुनमको दुर्गति नै भयो, यो ठुलो महामारीको झड्का अझै बाँकी छ। दुःखदायी कोरोना हो। पात्रहरूको यात्रा तप्रे पुगेको छ, यो पुर्खा बसेको स्थान हुनसक्छ। प्रसङ्गले बेलायती समाज, उनलाई आर्मीको शक्तिबाट रक्षा गर्ने भनिएका नेपाली युवकको प्रसंशा गरिन्छ। प्रेमसंसार उघारिन्छ, प्रेमलाई धर्म, जात, उमेर र नाताले छेक्दैन भन्ने बुझिन्छ। उपमाकै लागि समरको जन्म खोतलिन्छ। प्रकृतिसित मोह बढाउने प्रसङ्ग समेटिएका छन्, लमजुङ हिमाल, अन्नपूर्ण सेकेन्ड माछापुच्छ्रे अनि गुराँसको वन हेरेर रमाउँछन्। पात्र सक्रिय डिस्को एक हो, नृत्यसित सबैको मोह रहन्छ।

यात्रामा कठिन उकालो त्यसै काटिँदैन, ठट्टा पनि मजाले गर्नु र रसिक बन्नु आवश्यकता हो, कुनै पात्र शृङ्गार रसमा संवादका अंश पोख्नथाल्छ, "रमाइलो त निकैसित भयो तर सोल्टीहरूकोजस्तो विदेशी ब्रान्डसित भएन।" यसमा अहिलेसम्म अविवाहित तर कुमार नबसेका तिमी, हामी सबै पर्छौं, सन्त नेता, नेपालका एक उच्चपदस्य महाजन पनि पर्थे।

यसो यात्रालाई सम्झँदा २०५० तिर मुक्तिनाथ तीर्थ गएकोजस्तै लाग्नसक्छ, उकालो अनि चिसो आफैँसित खनिएको क्षणमा मोजमस्ती हो वा 'चेतबाबाकासी' हो भन्न कठिन हुने छ। "केही समयमै ठाडो खरबारी आउँछ जहाँ युवराज हात पनि टेक्नथाल्छ । छत्तिस पनि ठसठस कन्दै हिँडिरहेको छ।"

प्रतिज्ञा गरेपछि पूरा पूरा गर्ने पात्र उठाइएका छन्, यो प्रेरणा हो र जीवनको परिभाषा पनि हो । हामी पनि कर्तव्यमा च्यूत नहुने एक सुझाव पनि उस्तै उस्तै लाग्छ, पाठक भावुक हुने ठाउँ छ । "युवराजले झोलाबाट चाँदीको सानो बट्टा निकाल्छ, त्यसलाई खोल्छ अनि आफ्नी पत्नीको खरानी विशाल ढुङ्गामुनि हिउँ नभएको ठाउँमा छरिदिन्छ ।" यसमा गरिएको प्रतिज्ञा थियो, त्यसमा पत्नीको चाहना पूर्ण गरियो, युवराजको मनको भारी हलुको हुँदा सहयात्रीहरूमा एक प्रकाश हुन्छ । यसमा सिकारीको उपस्थिति भएको अनुभूति गरिन्छ, बन्दुक छ हातमा, त्यो जनयुद्धकाल (२०५२-२०६२)सम्मको साधारण विषयजस्तै हो, त्यस वेला लुट्न पाएकाहरूसित बन्दुक नहुने कोही कोही मात्र हन्छन् । इराक गएर आएका पात्र पनि छन्, अलिक त्रासको ठाउँ हो। त्यहाँ युद्धत्रासलाई जनताले पचाउनुपर्छ । त्यहाँको अनुशासनसँग बानी परेपछि मानव एकोहोरो हुने भनिन्छ। गुरुङहरूको ल्होछारका नजिक पुगिन्छ। पात्रहरूबाट सुत्नेझोला (क्भिभउष्लन द्यबन) वा म्याट्रेस ओछ्याएर भए पनि रातमा सुत्ने कोसिससम्म गरिन्छ। महत्त्वका विषय उठेका छन्, पच्चिस हजार वर्षअघि मगर, छन्त्याल, थकाली, तामाङ, राई र लिम्बूको पुर्खा एकै भएको प्राचीन इतिहाससमेत आपसी संवादमा मिसमास हुने देखिन्छ। ल्होछार र ल्होसारको विषयमा विवाद आर्य, अनार्य, मुसलमान हिन्दु सबै दिदी र बहिनीका सन्तान भएको प्रमाण रहेछ । पर्वतयात्राको अनुशासन कठोर हुने नै कुरो हो किनकि घुँडा दुख्ने, लेक लाग्ने, बिहोस हुने, डोकामा बोकिने, भ्यात्तै झारिदियो भने वैकुण्ठ पुगिने त्रास छँदै छ। फिर्ती यात्रामा मादी नदी एक बिन्दु रहेछ, त्यहाँ पुग्न ओरालो झर्ने यात्रीका खुट्टा लग्लगाएका हुन्छन् । वास बस्ने टुङ्गो अगाडि नै गर्छन्, होटेल **हाइलेन्ड** नामी र प्रसिद्धिमा एक नम्बर भनिन्छ। त्यसमा पुराना मित्र भेट भए भने अझैँ यात्राको थकाइ शान्त होला, ती मित्रहरू गगन सिंह र समर हुन् । यो नियात्रा लेखिएको रहेछ भनी पाठक प्रसन्न हुने छन् । पात्रहरू प्रशस्त छन्, रुचि फरक हुने पात्र हुन्छन्, विश्वयुद्धमा आँखा गुमाएका पात्रमा **डगलस** पनि पर्छ, उसलाई डिस्कोले काम सकिएपछि साँझमा किताब पढेर सुनाउनुपर्छ। किताब आख्यानदेखि पोर्नोग्राफीसम्म (नग्नचित्र समेत) बुढालाई मन पर्छ। यो किताब पढिदिने पात्रको स्वभाव भिडभाडबाट टाढै बस्ने हुने कारण उसलाई कोलाहलमा बेचैनी हुन्छ।

कुनै दानतातव्यको विषय उठ्छ, डिस्को र समरजस्ता दान दिने पात्र भन्छन्, 'तिम्री छोरीको पढाइ हामी हेर्छौँ, सुरुमा हामीले दिने भनेको कापी, कलम र खाजा खाने पैसा हो । संस्कारको सम्मान आख्यानमा गरिन्छ, श्रीपञ्चमीमा निइस्युरा देवीमा कुखुराको रगत चढाइन्छ, सुखशान्ति हुने विश्वास छ। डिस्को भनिने पात्रको शरीरको कम्पनमा पात्रहरू डराएका छन् । घले राजाका पालामा त्यहाँका कुल देव हयौरा एक शक्तिपीठ ठानिदिए हुन्छ। अहिले शक्तिपीठको प्रभाव कतै कम्पन्न आउने, देवीदेवता आउनेजस्ता विषय छन् भने झाँक्रीधामीसँग विश्वास गर्ने हामी छौँ

किनकि संस्कारले दिन्छ त्यस प्रतीक र त्यसको बिम्बलाई मेटाउन कठिन हुन्छ । उदाहरणमा डिस्को भनिने पात्रसित घटेको प्रसङ्ग एउटा फरक प्रसङ्ग देखाइन्छ । उसलाई हेलिकप्टरले उठाउँछ । डिस्को बर्बराएको भाषा सबैले बुझ्दैनन्, बुझ्ने पात्रको कमी छ, बुझ्नेमा अलि कति ध्यान दिएर रेकर्डरतिर काम थाप्नेले सामान्य उत्तर दिएका छन् । पोलबहादुर गुरुङ आधासम्म बुझ्ने पात्र ठानिएका छन् । लेख्ने चाहियो, अर्थ खोज्ने गुरुङ भेटिए ध्वनि रेकर्ड गर्ने यन्त्रहरू विज्ञानले दिन्छ।

२.२. (**प्रसङ्ग–अर्को**)

अर्को भाग तर अर्कै पुस्तकजस्तो लाग्ने खण्डमा परिच्छेद विभाजनका लागि १, २, ३, ४, ५, ६ सङ्ख्याको आधार समातिन्छ। यसमा २२ परिच्छेद पछि सीमाबार ‘च’ले गरेको छ। भोट जाँदा अन्न लिएर जाने, नुन ल्याउने, घरमा अलिकति राख्ने, धेरै अंश नुन बोकेर नेपालका व्यासीतिर आउने, नुन दिने र अन्न मकै, कोदो, धान आदि लिएर जाने क्रम यी हिमाली जातिको जीवनको गीत हो । त्यही सिलसिला छ । छ्याँमिरीको बाबाले नुन लिएर आउने समयमा बन्दुक पो लिएर आएछन् ! सालाँ पस्कोले नयाँ कुरा किनेर ल्याएछन्, त्यसै पनि नयाँचिजमा ध्यान जान्छ। हाम्रा साइँला मुखिया बाले ठुलो पानासोनिक रेडियो किनेर ल्याएछन्, गाउँका मानिसहरू बाकसभित्र बाटै मानिस बोलेको सुन्न भनेर खेत रोपिसकेपछि धारो लागेर जान्थे। हिमाली क्षेत्रमा घरहरू कसरी छापिएका हुन्छन् भन्ने रुचि लाग्नेलाई भव्य स्रोत प्राप्त हुन्छ : सल्लाको फलेकले छापेका घरहरू, भाङ्ग्राले बनेका कपडा लगाएका मानवबस्तीको एक सचित्र वर्णन भएको छ । कमेराले लिपेका आँगनहरू प्राङ्गारिक सूत्रमा रहनु स्वास्थ्यका लागि अति उत्तम हुन्छ। म एक पात्र राडीमा बसेर खुट्टा हल्लाउँछ, अरूको त्यो बन्दुक ल्याउने हिम्मत थिएन तर साँला पस्को भव्य कार्य गरेर ठुलाबडालाई जनावरका छाला त्यसरी उपहार दिने भएका कारणले गर्दा नै त्यहाँ एउटा बन्दुक ल्याउने हिम्मत बढेर गएको हो। पस्कोको रातमाटे आँगनमा अनौठो अनाम जिनिस देखा पर्छ।

२.२.१ आलङ्कारको प्रयोगमा धनी छन् भने आख्यानकार त्यस शिल्पलाई आत्मसात् गर्छन् । तीर्थ गुरुङको कृतिमा उपमा अलङ्कार फस्टाउन खोज्छ । हिमाली जनजीवनमा वृद्धहरूको अवस्था परीक्षण गर्न होस् वा अन्य प्रसङ्गमा होस्, मजबुत वाक्यमा उपमा सल्बलाउँछन्। उपमान, उपमेय, साधारण धर्मवाचक शब्द जो आवश्यक पर्ने हुन्, तिनको उचित निर्वाह भएको छ।

“लँगौटी मात्र लगाएको बाजे म्विउराको टाउको कुनै वृद्ध गिद्धकोझैँ दुइटा घुँडाबिच लत्रिएको थियो।” गिद्धको टाउको र बाजेको टाउको उस्तै देखिन्छन्। लेखिएका महत्त्वपूर्ण प्रसङ्गमा अर्को कुरा बन्दुकतिर मोडिएको छ। त्यहाँ आलोचना र आश्चर्यको सीमा छैन, ‘तिमी चिवानाबाहरू पनि भेडाबाख्रा मार्ने चितुवालाई नरोकी झन् उसको नङ्ग्रा तिखारिदिने !’ यो भाउजूको आलोचना समयमा सावधान गराउनेतर्फ झुकेको छ । भद्रभलादमीप्रतिको व्यङ्ग्य पनि प्रहार हुन्छ । आँखावरिपरि बारुलाले चिलेकोजस्तो युवक पच्च्य पिउठे (प्यिठे) बोल्यो । बारुलाको चिलाइ उपमान, उपमेय पच्युका आँखा, सुन्निएको आकार-आकृति रूप समान धर्म र ‘जस्तो’ वाचक शब्द

मिलेर यो वाक्यमा सुन्दर उपमा अलङ्कार जीवन्त रहन्छ । बन्दुकको वरिपरि भिडभाड छ । रमिता हेरिरहेका मान्यजनहरू छन्, "सँगै उभिरहँदा उनीहरू पहिलोपटक जोत्न तयार बहर गोरुजस्ता रहरलाग्दा देखिएका थिए," उपमान बहर गोरु, उपमेय उभिएका सहयात्रीहरू, 'जस्ता' वाचक शब्द र उभिने नारिने रीत गोरु बहर र सहयात्रीको समान ढङ्गको भएको पाइएको छ । त्यो बन्दुकप्रति अति रुचि वा आश्चर्यको कारण जम्मा हुनेहरूको रूप हेरिन्छ । बन्दुकले गोरु मारिएछ, गोरु खानेहरू हिमाली क्षेत्रमा भेटिन्थे, मुक्तिनाथ धामको केही तल कागवेनीमास्तिर एउटा घरको दैलामाथि गोरुको ठुलो खप्पर अड्याएर राखेको हेरिएको हो । यहाँ मारिएको गोरुको टाउको ठुलालाई उपहार दिने चलन भएको बुझिन्छ : 'यो टाउको पुऱ्याइहाल ।" उनीहरू नै त्यस्तै हुन्, आफैँबाट राजा नबनाइकन अरूलाई राजा बनाउने, त्यत्रो तिरो तिर्नुपर्ने, भएन जे मारे पनि भाग पुऱ्याउनुपर्ने ! यहाँ मेयर, गाउँका बुढा हुँदै राजा भएको सन्दर्भ जोडिन्छ । यहाँ पण्डित नेहरूले छोरीलाई लेखेको चिठीमा यो सन्दर्भ खुलस्त गरेका छन् । त्यो 'पेट्रिआर्क' राजा भएको घोषणा गर्छ । पात्रका संवादमा रस छ, अलिकति शृङ्गार रस पनि पढिन्छ । लुँतुँ भन्छ, "एक छिन हेरौँ न, हामी त यिनीहरूका अगाडि सुकेको ढिँडो नै हो ।" यसमा रूपक अलङ्कारको निर्वाह हुन्छ । आफूलाई ढिँडो त्यो पनि सुकेको वा उमेरले ढलेको वस्तुको आरोप गरिएको छ किनकि उर्क्या र मारट : तरुण वयमा छन् । कलाकार बलबाहु र अलिदेवको मित्रता जोडिएको छ । कुचिरी र अलिदेवको मेलमिलाप वा जोडा मिल्नसक्ने सङ्केत छ । "नपाउनेको छोरी भए बोक्सी हो, हुनेखाने भए कसैले केही भन्दैन ।" रूपक अलङ्कारसँग जोडिने यस्तो वाक्य आउँछ, त्यसले गरिब र धनीको भिन्नता खोज्छ, विभेदमा असन्तोष प्रकट गर्छ र विपन्नकी छोरीलाई बोक्सीको आरोप मिल्छ । ऊ मानौँ बोक्सी हो, बोक्सीजस्ती मात्र होइन । अलिदेव समालोचनको केन्द्रमा छ, अहिले मञ्चमा उभिएको उही मूल मानव हो, अरू सबै गोरुको मासुको झोल पिउने सुरमा छन् । पच्चु (गुरुङहरूको परम्परागत गुरु) नै विषयको केन्द्रमा छन् । मसाई पच्चु फिस्युको प्रख्यात दाइ कुनै महिलालाई एक्लै भेटेपछि नछाड्ने नामी चरित्रको रहेछ । मारट : सितको एक घटना संस्मरणबाट आगमन गराउँदछ । "कोइली कुतुको मितिनीको श्रीमान्‌ले हाँसो गऱ्यो- 'बत्तीस गुण र चौसट्ठी लक्षणले युक्त हाम्री छोरी मारटः यो क्होलाकी रानी बन्नुपर्छ । राजा त कार वा क्रोमीजस्तो शूरवीर भए झनै जाती ।" यसमा पनि जस्तो शूरवीरमा अलङ्कार निर्वाह हुन्छ । साँला पस्को बाबु हो, क्रोमी छोरो हो, पिल्ची छ्यामिरी छोरी हो, कन्चः लुँतुँ पुरुष हो, कर्मु कपडा हो, क्रोमी सबै जनावरको मासु खान्छ । कच : लुँतु टुहुरो युवक हो, ऊ होचो पुड्को छ, बोक्सो (पुँ) भन्दा रिसाउँदैन, मनको कुरा ढ्याक्कै बुझ्छ । यो अनुकूल पात्रमा पर्छन् । क्होला ठाउँको नाम हो, गाउँसमिति हुनसक्छ । मारटः सबैको आँखामा पर्ने युवती हो, असल र सुन्दरी होली, अलिदेव अलिक बेइमान छ । क्रोमी र मारटःको विषयमा कुरा काटेर समाज अघाउँदैन, समाज त अलिदेव, हिँङ्क्यो, प्युठे आदिको काम कुरा काटेर बस्ने नै हो । छाँचघिँ ठाउँको नामजस्तो छ । कुचिरी (आमा)ले प्यारले अलिदेवलाई बोलाउँछिन् । "कहोलाले उसलाई बाबु नचिनिएको प्रख्य भनेपछि चित्त

दुःखेको हुनुपर्छ। ”

मारट : ठान्छे अलिदेव कुचिरीसित रिसाउँछ तर अरूसित रमाउँछ। मारटः क्रोमीको प्रतीक्षामा भएकै समयमा रातमा घोडचढी आएछ र घोडा क्होलाको राजा क्हल्पाको हो। घोडचढी कुचिरीको घरमा थोरै समय अडिएर सरारस घोडामा गएको मारटःले अनुमान गर्छे। कुचिरीको छोरो अलिदेव हो, घातक शृङ्गार रसका उदाहरण पनि देख्न पढ्न सकिने भएको छ :

“क्रोमीबारे सोचमग्न थिई र गए रातभरिको सुखद स्मृति बाँचिरहेकी थिई ।” मारटःको विषय यही हो । पिल्ची क्रोमीकी आमा हुन्, क्होलाका राजा कहचाल्पा हुन्, राजासित क्रोमीको सम्बन्ध चिसो भएको बुझिन्छ । बाबुसँग सिकारमा जान नरुचाउने क्रोमी आज हिच्किचाएरै गएको भनिन्छ । ‘त्यो (बन्दुक) कुनै जीवित वस्तुजस्तो लाग्थ्यो र त्यसले केही नराम्रो पो गरिदिन्छ कि भन्ने त्रास हुन्थ्यो।’ पिल्चीबारे सुन्दर वाक्य रचना गरिन्छ : “पिल्चीको लोग्ने त आधा मात्र आफ्नोजस्तो थियो, छोराछोरीहरू त पूरै उसका थिए।” शरीर असाधारण रूपमा विकसित भएको भएमा, कुनै साधारण युवकभन्दा धेरै खाने क्षमता भएमा, हेर्दै हात्ती पछार्छजस्तो भएमा सबैमा डर र आश्चर्य जन्मन थाल्छ । कतै गाउँमा ठुलो हङ्गामा भएमा उसैको हात छ भनी शङ्का गरिन्छ, दोष पाउँछ। अपराधको दोष निराधार भए पनि निर्दोष भए पनि उसैले पाउने छ। त्यसमा क्रोमी उदाहरणझैँ भएको बताइन्छ। जे होस्, उसको तागत क्होलावासीका लागि वरदान नै थियो, यहाँ रूपक अलङ्कारको वाक्य पठनमा आउँछ, वरदानको आरोप हो । क्हयाल्पा नामक राजा डराएको कारण पनि क्रोमीको बल होला। हिमाली जीवनको सजीव चित्र उतारिन्छ : जाडो, हिँउ, सिकार, मासु, कोदोजस्ता विषयले पिल्चीको परिवारसँग नाता राख्छन् । बाजे म्विउरा, साँला पस्को, पिल्ची, क्रोमी सानो छोरो, छ्यामिरी एकै परिवारभित्रको जीवनचर्चामा पस्को र उसका पिता भिरपाखामा दगुर्ने बाँदरजस्तै पुरुषार्थी ठहरिएका छन्। सिकारकै सिलसिलमा भिरबाट झरेको ढुङ्गाले लाग्दा एउटा पुरुष पस्कोका बा मारिए । पस्को र पिल्ची मामाचेलो, फुपूचेलो हुन्। ठट्यौली पारामा भन्थ्यो, ‘के गर्ने त पिल्ची, तिमी त आफ्नो बहिनीजस्तो लाग्छ।’ यति राम्रो उपमा अलङ्कारभित्र कति गम्भीर मर्मको भाव छ। उसैसित फुपूले जोडिदिन लागेकी छन्, दुःख हो कि सुख हो भन्न सकिँदैन।’ होचापुड्काको कथाजस्तै लाग्छः कुतुपुत्री मारट : जन्मदेखिका घटना, मारट :को बाबु क्रथे ल्हेप्री हुनसक्छ, नारी स्वतन्त्र छन्, पोइको टुङ्गो गर्दिनँ भनी भने समाज चुपचाप बसिदिन्छ । कुतुलाई हिउँचितुवाले भेटेको हो तर चलाएन । ऊ गर्भवती भएको पनि देखिँदैन । पिल्ची र कोइली कुतु मितिनी भएको अवगत गरिन्छ, साँला पस्को दुइटीसित खेल्छ, पिल्चीलाई पत्नी बनाउँछ र उर्क्यासँग प्रेम छ, पिल्चीमा अन्यायी थियो तर छ्यामिरी जन्मिएपछि भने प्रेम टुसायो । उर्क्याको पनि सन्तान छ, बाबु पस्को नै हो भनिन्छ भने यौन स्वतन्त्रता यति सुरिलो छ, बेलायतीकोजस्तै छ। अति कष्टको जीवनशैली, सिकार गरेर ल्याएको मासु सेकाउने काम, रातमा सिकार खेल्न जाने युवाहरूको चितुवासित हुने भिडन्त, यो गीत होइन क्रन्दन हो। यहाँको जीवन शुद्ध प्राकृतिक लाग्छ : झारमौरो घोटेर घाउमा लगाइदिने पात्र म्रु क्लाल्पा, झारफुक गर्ने पच्चु फिस्यु, न्हिछे

चिवाको उत्साह गर्ने शैलीका बिचमा त्यो घाइते पात्र पस्को तङ्ग्रिन्छ, भालुले कोपरेको पात्र चितुवासित भिडेको पात्र सन्चो भएपछि सरासर सिकारमा जान्छ, कति ठुलो सङ्घर्ष देखिन्छ भने भालु मारेर छाला ल्याउँछ, हातमा धनुवाण हुन्छ। पात्रको नाम अगाडि आएको हुन्छ, पछि मात्र तिनीहरूको काम दाम चिनारीमा आउने सन्दर्भ उघारिन्छ। मुखियाको काम पाएको तिरो उठाउने : म्लोक्याक्ले हो।

तुलनात्मक भाषा प्रयोग सर्वत्र छ : "क्होलामा असल मान्छेहरू थिए, खराब पनि। क्हयाल्पाको लागि क्रोमी सबैभन्दा खराब थियो। क्होलामा बलिया मान्छेहरू थिए, निर्बलियाहरू पनि। क्रोमी सबैभन्दा बलवान् थियो। अरूको अगाडि ठेट्ना भने पनि क्हयाल्पाको लागि वास्तवमै खतरा थियो, क्रोमी।" महिलाहरू प्राकृतिक धाराबाट पानी भर्छन्, काजी प्लौस्यो, पिल्ची, छ्यामिरी, पुइला सबै नारी हुन्, ठुल्यामा पुइलाको हाइ काढेको आबाजको सन्दर्भ छ : "त्यो गर्जनयुक्त हाइको अन्त्य एउटा आँधीको आबाजजस्तो डरलाग्दो सुनिन्थ्यो।" यिनीहरू नीतिनियममा बस्छन्, निष्ठामा रहन्छन्, चोखो पानी चढाउँछन्। खानपिन भने मासु, दही, महीमा पक्का छन् शरीर बलवान् छ। हिँउ परेछ, कठोर छ हिउँ - "आफ्नो बाजेकोजस्तो दगुराइ र उपियाँकोजस्तो फुर्ती प्रदर्शन गर्दै हिँड्नसक्ने कारलाई रातमा पनि हिँड्न अभ्यस्त त्यो बाटो छिचोल्न निकै गारो भयो।" यहाँ अलङ्कारको स्वरूप हेरिन्छ। प्राकृतिक प्रकोप, सिकारी जनजीवन, सधैँ जीवन मरणको दोसाँध, हिमाली भूमि, पिडाँलु खाने, मासु खाने, हिँउमा बाँच्ने यी सबै सावधानीको सुशान्त चेतना हो। त्यहाँ बोक्सी भनेर कसैलाई भित्र भित्र हेय भावमा हेर्छन्। बाहिर भन्ने गर्दैनन्। कुनै पात्रका हात डुँडा भए, त्यस्ता पात्रहरूलाई कुष्ठरोगी भनेर टाढाको ओढारमा राख्ने समाज कति धेरै आतङ्कको छ। उर्क्याका दिदीको त्यो अवस्था र उर्क्याले लगिदिएको पिठो, नल्याऊ भन्ने दिदीहरूले ओढारमा मर्ने प्रतिज्ञा कहाँसम्मको कहाली लाग्ने पर्यावरण हो भनी डर लाग्छ ! ती दुःखीलाई खिरमा विष हालेर खुवाउने र मारिदिँदाको सन्तोष अर्कै राहत हो। तरुल च्याउ खाएर मर्नेहरू पो भाग्यमानी ठहर्छन्। उर्क्याका दिदीहरूको मरणमाथि समवेदना प्रकाश गरिन्छ, उर्क्या र साँला पस्को भने शून्यमा बाँच्दै छन्।

उर्क्याको पेसा जाँड र शरीरको लाग्दै जान्छ, उर्क्या एक छोरी र चार छोराहरूकी आमा उसकी आमाझैँ अविवाहित छे, उर्क्याको अवस्थामाथि टीठ मान्ने साँला पस्को कतै पनि रिसाएन, उसले रातमा उर्क्यासित खेल्नेहरूको रमिता हेऱ्यो। "पाँचपानेलाई पनि तीनपानेजस्तो ठान्दै मान्छेहरू अबेरसम्म बसिरहन्थे" भन्ने वाक्यमा एउटा भव्य अलङ्कार छ, उपमा अलङ्कार हो। पाँचपाने मूल विषय तीनपाने उपमान, स्वादको उस्तै स्तर ठानिनु समान धर्म र 'जस्तो' वाचक शब्द यसमा आधारभूत लक्षण हुन्। पाँचपाने र तीनपाने भन्ने रक्सीका प्रकार, तह वा स्तर हुनुपर्छ। जनजीवन सिकारीको हुनु, भिरबाट झरेर खुट्टो भाँचिए पनि सिकार खेल्न नछाड्नु पुरुषको दिनचर्या हुन्छ भने नारीको यस्तो बहुपतिसँगको सम्बन्धको शारीरिक स्पर्श हुने भएकाले नवजात शिशुलाई कसको सन्तान भन्न सकिँदैन। पाखाभिरबाट झर्ने र मर्ने त सामान्य कुरा हुन्थे, उदाहरणका निम्ति उर्क्याको बाबुलाई लिनमिल्छ। अविवाहित आमाबाट सन्तान जन्माइन्थे, समाजले केही प्रतिवाद गर्दैनथ्यो। धेरै अप्ठ्यारो नातामा सन्तान जन्मन्थे -"उर्क्याले त्यही बेलातिर आफ्नी आमा र

हजुरबाबाटै 'बा र आमा' खेल खेल्न सिकेकी थिई र त्यसपछि नै दशौँ बहिनी जन्मिएकी थिई जो पैतृक नातामा उसकी फुपू पनि थिई ।" हजुरबाको वीर्य र आमाको पेटबाट जन्मिएका कुनै सन्तानलाई उक्र्याले फुपू नभनेर बहिनी भनी पर्यावरण अति विकट छ, दाउरा थप्ने र आगो ताप्ने, रक्सी पिउने पुचीमा हालेको रक्सी स्वाद्दै पार्ने हो । शृङ्गार रसको निर्वाह आगत र विगतबाट हेरिएको छ :

"अधिकांश समय क्रोमीको अँगालामा बेरिएको कल्पनामा डुबिरहेकी मारट :का लागि ती असामयिक हिमपातका दिनहरू जीवनका आधा समयजस्ता थिए जहाँ ऊ एक्लै हाँसिरहन्थी ।" मारट : र क्रोमी आलम्बन, एकान्तको मनमोज स्मरण उद्दीपन, युम्बन तथा सहवासको संस्मरण अनुभव, टोलाइरहनु, रोमाञ्चित भइरहनु, प्रतीक्षाको धैर्यमा फसिरहनु व्यभिचारी भाव भएर रस शृङ्गारको निष्पन्न हुन्छ, निष्पत्ति हुन्छ । पिल्चीलाई छोरो र लोग्ने हिँउमा हराएको शङ्काले पोल्यो, तीन दिनदेखि हिउँ पर्दै थियो, सिकार खेल्न गएको आउने आशा कम छ । म्हिन कुच्यु (धामी, वैद, ज्योतिषी) पच्यु (गुरु) फिस्यु सर्प, भ्यागुता, बिच्छीहरूको पूजा गर्दै छन् । यी मानवमा सिमेभूमेको दोषले असमयमा हिउँ परेको ठहर हुन्छ । छ्याके छ्यापच्चु (धामी) ढयाङ्गोसितै छ । असमयमा हिमपात भएपछि गुरुङका पुरेत गुरु र धामीबाट ल्हौँरा देवी देवतामा कसैले फोहोर गरेको ठहर हुन्छ, खुसी पार्न बहर गोरुको भोग दिइन्छ । महिलाका स्वभाव अनौठा छन्, कुचिरी राम्री छे उसको यौवनको रूप घटेको छैन, "दुईजना भरियासहित पितल, ढलोट र तामाका भाँडा बेच्न आउने व्यापारीसित न्वारानसमेत नगरिएको शिशुलाई लिएर गएकी ऊ बार वर्षको निर्वासनपश्चात् अलिदेवलाई लिएर क्होला (ठाउँ, गाउँ, राज्य) फर्केकी थिई, लामो समयपछि पनि नघटेको कुचिरीको सुन्दरताले उस (पिल्ची)लाई भयङ्कर हीनता बोध भएको थियो । हिमपातमा सिकार खेल्न गएपछि विपत्ताजस्तै भएका आफन्तप्रति पिल्चीको पीडा व्यक्त हुन्छ, "हेर्नू न, मेरो क्रोमी र उसको बा आइपुगेका छैनन् ।" अरूले दिएको अर्धानो लुगामा जीवन चल्छ । एक घटनामा उक्र्याका बाजे हेलित बुढो उमेरमा वास्ताहीन अवस्थामा थिए, उनी गोठपारि मरेका भेटिए, वरपर एकै क्षण शोक भए पनि परिवारका मानव दुःखी देखिएनन्, प्रतीक्षा नै गरिएकैजस्तो, बाजे मरेको असल ठानिएछ । बेवास्तामा बाँच्ने बुढाहरूले ठाने आफ्नो नि त्यही गति हुने छ । बुढो हराएको खोजी नै भएन, हिँउमा चिप्लिएर अघिल्लो दिन बितेको होला । हिमाली प्रदेशमा मानवको आयु लामो हुने, काइँलो नाति नै चौरासी भएपछि बाजेको उमेर १२० वर्षभन्दा बढी हुने अनुमान "पेट अघाउने गरी नखाएका मान्छेहरू त्यही चुउलु खान पाइने भएर नै त्यो चिप्लो बाटोमा मलामी आएका थिए" यसलाई गरिबीको भीमकाय रूप ठानिने छ । मलामीसित हराएका मानव साँला पस्कोप्रति गाउँलेको माया छैन, खोज्न जान अनुरोध गर्दा लत्याए । उसको परिवारले पाएको त्यो शक्तिको आयु इन्द्रेणीको आयु उपमान, उस्तै छोटो शक्ति र तागत समान धर्म, 'जस्तो' वाचक शब्द छन् ।

हराएको पात्रको खोजी कार्य हुँदै छ । गाउँका बलिया युवकहरू अग्रसर भएका छन्, मन्त्र बलले उडेर जाने कुरा पनि गर्छन् । तन्त्रमन्त्रमा विश्वास नगरेपछि अनिष्ट हुन्छ वा हुँदैन भन्ने गफ गर्दै युवा समूह हिउँमा उकालो जान्छन्, हराएको पात्रको खोजीमा छन् । किंवदन्तीका

रूपमा वनकेटो देखेको कथा सुन्छन्, कसैले पत्याए, कसैले रुखको भ्याउको ठुलो डल्लो भनेछन्, भ्रमको पठन हुन्छ, जगदीशसमशेर राणाको **सेतो ख्याकको आख्यान** पनि त्यस्तै छ। जयप्रकाश मल्लको राज्य अन्त्य हुँदाको कुरामा किंवदन्ती र इतिहास मिल्छन्। 'कार नै ओढारतिर उक्लने पहिलो युवक थियो' उसले ओढारमा आगाको छेउमा एउटा क्षतविक्षत शरीर देख्यो जुन उसका बाबु पस्कोको मृत शरीर थियो, चोइटिएको। क्रोमी र बन्दुकको अत्तोपत्तो थिएन । "कइँलसको माथिबाट आएको खुर्पेजूनको उज्यालोमा कक्रक्क परेको लास पिल्चीको आँगनमा आइपुग्दा बन्दुक प्रदर्शनमा दिनजस्तो मान्छेहरूको मौन भिड जम्मा हुनथाल्यो।" दुइटा भिडको तुलना गरिएको यस वाक्यमा उपमेय लास ल्याएका दिनको जमघट, उपमान बन्दुकको प्रवेश भएका दिनको भिडभाड, दुबै दिनको पिल्चीको आँगन खचाखचको स्वरूपमा समानता र 'जस्तो' वाचक शब्द प्रयोग भएको उपमा अलङ्कारको उपयोगमा सौन्दर्य कमी छैन। आधा खाइएको मासु, ओढारमा नसुकेको मानव आभास, ननिभेका दाउराबाट लाग्ने अनुमान बाबुको मासु पोलेर क्रोमीले खायो। "तिमीलाई नहेरे पनि मलाई घाम लागेको थाहा हुन्थ्यो, अब त मेरालागि संसार अँध्यारो रात भयो, मलाई पर्खनू है पस्को।" यहाँ एक पात्रले आफ्नो भविष्य र जीवन अँध्यारो रातसँग तुलना गरेको, रात भएको आरोप छ। छ्यामिरी भन्छे : 'हाम्रो घर अँध्यारो भइसक्यो' अँध्यारो र घरमा ससानो भिन्नता छैन, उही रूप भएको छ। काम जस्तो गरिन्छ, फल उस्तै पाइन्छ, पाते पुइला भन्छे : 'दुनियाभरको जङ्गलको कुरा मारेको मान्छेले राम्रो काल पाएन भनेर हामी दुःखी हुनुहुँदैन।" अझै कुरा भड्कियो, 'हिजो भाइले दाइ मार्‍यो, आज छोराले बाउ मार्‍यो ...। अझैँ कसैले मनमा केही राख्नुपर्दैन। 'पनाति दुई मरिसके जिजुबाजे अझै जीवित छन्' विडम्बना।

अति दुःखदयी स्थिति छ । "क्रोमीले मान्छेको मासु खान मात्र बाँकी छ। नपाउने बेला उसका लागि आफ्नै मासु काटेर दिनुपर्ने पो हुन्छ कि ?" यो भनाइ पहिले पहिले सुनिएको, धेरैपटक सुन्नमा आएको क्रोमीको बाबु (अहिले लास बन्यो)ले भनेको थियो। मृत्य संस्कारका धेरै गन्थनहरू दोहोरिएर आएका प्रसङ्गमा भनिन्छ : "पिल्चीले शरीरले आधा भाग चोइटिएर गएझैँ एउटा महान् शून्यताको अनुभव गरी।" यहाँ चोइटिएर गएको वस्तु र आफ्नो पतिको तुलना गरिन्छ। अन्त्यष्टि रीतपूर्वक अपगति परेर मरेकाहरूको जसरी गरिन्छ। अझै छोरो क्रोमीले बाबु मारेर मासु खायो भन्ने शङ्का पच्च्यु फिस्युले पनि गरेका छन्, पुरेतले। "पिल्ची भित्रको शून्यता प्रत्येक बिहान केही सामान्य जस्तो हुन्थ्यो।"

३.० अल्प अन्त्य :

हिमाली जीवन कठिन रहेछ भनी अवगत हुन्छ, अरू कुरा छोडेर गुरुङ भाषाका शब्दहरू नै हामीजस्ता पाठकलाई भारी बोझ हुन्छन्। यहाँ स्याखु, तथा कच : लुँतु, हिङ्क्यो, पच्चु प्युठेजस्ता नाम शब्द पनि सजिलो नहुने भएका अर्को प्रसङ्ग कृति पठन गर्न सकिएन भन्दा अलिक फरक पर्छ होला । आधाआधीको यस यात्रालाई यतै विश्राम दिँदा हुन्छ। अकाल मर्ने विषयका उपन्यास '**सल्लीपिर**' नयनराज पाण्डेले लेखेका छन्, यो थप विस्तारित रूप रहेछ।

सम्पर्क : ९८४२०६७८०५

जन्मदिनको कविता

विगत एक दशकयता मैले आफ्नो जन्मदिनमा सानो आयामको कविता लेखी विद्वान् मित्रहरूका सहयोगमा अन्य भाषा-भाषिकामा अनुवाद गरी सामाजिक सञ्जालमा पोस्ट गर्दै आएको छु। यस वर्ष अर्थात् २०८२ कार्तिकमा पनि मैले सोही परम्परलाई कायम गरेँ । हितैषी विद्वत्जनले अनुवाद गर्नुभएको सो कविता संस्कृत, अङ्ग्रेजी, हिन्दी, उर्दू, रसियन, मैथिली, नेपाल भाषा, चेपाङ, खसानी, डोट्याली, अछामी, बाजुरेली, बज्जिका, मुसहरिया, राजबंशी गरी कुल १५ भाषा तथा भाषिकामा उपलब्ध भयो । त्यसमध्ये धेरै कविता सामाजिक सञ्जालमा पोस्ट भएका छन् । त्यसको इन्द्रेणीपन विलुप्त हुननदिन यसपटकको यस स्तम्भमा जन्मदिनमा लेखिएको मूल कविता तथा त्यसको १५ भाषा तथा भाषिकामा गरिएका अनुवाद प्रेषित गरेको छु। कविताको अनुवाद कार्यमा सहयोग गर्ने मित्रहरूप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु।

❖ **वासुदेव अधिकारी**

शब्दसँग

ठगिनका लागि
यति धेरै इमान्दार हुनुपर्दैनथ्यो
लुटिनका लागि
यति धेरै विश्वासिलो हुनुपर्दैनथ्यो
भएँ,
सकेको इमान्दार
सकेको विश्वासिलो
के लाग्छ अब ?

हिँड्नका लागि
पेट मार्न आवश्यक थिएन
जिउनका लागि
आराम नगर्न आवश्यक थिएन
बेतुकले पेट मारेँ
विनाआराम समय कटाइदिएँ
कुदेँ पनि
थाकेँ पनि
निदाएँ पनि
के लाग्छ अब ?

जीवन
छिपछिपे योग्यताले चल्थ्यो
लटरपटर व्यवहारले अघि बढ्थ्यो
सनकमान हुन सकिन्थ्यो, भइएन
ढाँट्न सकिन्थ्यो, ढाँटिएन
अँध्यारोसँग साउती गरिएन
अपराधीलाई सलाम गरिएन।

खेद छैन
सलह नभएकोमा
गड्यौला भएकोमा
मन परेकै छ
माटो, आकाश र प्रकाश
के लाग्छ अब ?
प्रिय शब्द
जेन्जी किलर
र मुलुक जलाउनेसँग
तिमी र म
नाता नै नगाँसूँ ल !

जन्मोत्सव कविता (बाजुरेली)

शब्दसँग

ठगिनकै लाई
यति भौति सोजो हुनुपड्डैनथ्यो
लुटिनैका लाई
यति भौति विश्वासिलो हुनुपड्डैनथ्यो
भयाँ,
सक्याको सोझो
सक्याको विश्वासिलो
क्या लाग्दो अब?
हड्नका लाई
पेट मार्नु पड्न्या छियोन
बाँच्नका लाई
आराम नहर्नु पड्न्या छियोन
त्यसै पेट मार्‍या
गल्याई नमारी समय कटायाँ
धगुड्या पनि
गल्यापन
सियाँपन
क्या लाग्दो अब?
जीवन
नापानापा पढ्यापन चल्न्या छियो
यसोउसो गर्‍यापन चल्न्या थियो
सनक्क सन्क्यापन हुन्या छियोः भयाईंन
प्वाडी लायापन हुन्या छियोः लायाईन
कालारातसँग कुराकानी गर्‍याईंन
पापीकन ढोग गर्‍याईंन
केई दुःख नाई
फट्यांग्रो नभयापन
गड्यौला नभयापन
निको लाग्याकै छ
माटो
सर्ग
र उज्यालो
क्या लाग्दो अब?
पियारा शब्द
जेन्जी मारा
र देश जलाउन्यासँग
तमी र म
साईनो नै नलाउँ, है !

(अनुवादः डा. नारायण रेग्मी)

जरमदिनको कविता (अछामी)

सब्दसात

ठगिनाआ लाई
यति झिक्कै इमान्दार हुनु पड्डैनछ्यो
लुटिनाआलाई
यति झिक्कै विश्वासिलो हुनु पड्डैनछ्यो
भयाँ,
स्हःक्याआ इमान्दार
स्हःक्याओ विश्वासिलो
केलाग्छ अब ?
हँड्नाआ लाई
पेट मान्न पड्न्याँ छियोन
जिउनाआ लाई
पटाई नमान्नु आवश्यक छियोन
बेतुकल पेट मार्यॉं
 पटाई नमारिकनै ट्र्याम पास हरिदियाँ
फालहाल्या पन
थाक्या पन

निनायाँ पन
क्या लाग्छ अब ?
जिवन
छिपछिप्या योग्यताले चल्लोछियो
लटरपटर व्यवहारल अघाण्डि बड्डो छियो
सनकमा हुँन सकिन्छियो :भयाँन
ढाँट्न सकिनछियो : ढाँटयान
अँन्यारासान साइति हरियोन
अपराधिकन सलाम हरियोन।
पछुतो नाईंआछि
फटिङ्ग्रा नभयाकामा
गनिउला भयाकामा
मन पड्याकै छ
माटो
सरग रे प्रकाश
क्या लाग्छ अब ?
प्रिय शब्द
जेन्जी किलर
रे मुलुक जलाउँन्यासात
तुँ रे मुँ
साइनइ नलाइ हाँ !

(अनुवादः डा. हर्क बहादुर शाही)

जर्मदिनको कविता (खस)

आखरस्हाःत

टोट्याइनका बिअ
यति भौति स्होःजो हुनु पड्डैन छियो
लुटिनका बिअ
यति भौति भरिलो हुनु पड्डैन छियो
भयाँ,
स्हःक्याको स्होःजो
स्हःक्याको भरिलो
अब कैखो क्या लागो ?
हड्नका बिअ
पेटौणो धणो बान्नुपड्न्याँ छियोन
बान्नका बिअ
पटाई नमान्नु पड्न्याँ छियोन
बिना काम पेट मार्‍याँ
पटाई नमारी समय कटाँया
ढगुड्याँ पनि
गल्याँ पनि
ढुल्याँ पनि
अब कैखो क्या लागो ?
जोवन
धिपधिप्या अकिलले चल्याकै छियो
जस्हःरी तस्हःरी घरव्यवहार चल्याकै छियो
भोकालु हुन स्हःकिन्या छियो : भयाँन
लपाक्न स्हःकिन्याँ छियो : लपापियोन
अँद्याराकन फाम दियाँन
साँइदुवाकन भौ गर्‍याँन
पछुतो केई नाईँ
सलह नभयाकामा
गदिउँला भयाकामा
हियाउँदो टाँसियाकै छ
माटो
सरग र
उगाणो बेल
अब कैखो क्या लागो ?
पियारो आखर
जेन्जीकन तारो लाउँन्यास्हाःत
र मुलुककन राँको भोस्न्याँस्हाःत
तुमि र म
स्हाःइनै नगासौंला है।

(अनुवाद : वाशिष्ठ)

जन्मोत्सव कविता (संस्कृत)

शब्दैः सह

किं अवशिष्टम् इदानीम्
छलितुं
नितान्तं सत्यनिष्ठो न आसीद् आवश्यकः
लुण्ठयितुं
नितरां श्रद्धेयः न आसीद् अपेक्षितः
भवाम्यहम् -
सक्नुवन् सत्यनिष्ठः,
सक्नुवन् श्रद्धेयः -
किं एव शेषम् इदानीम् ?
गमनाय -
अन्नत्यागः न आसीद् अपेक्षितः
जीविताय -
आरामत्यागो न आसीद् आवश्यकः
व्यर्थं बुभुक्षितोऽहम्,
विनारामं व्यतीय समयः
धावितोऽपि, क्षान्तोऽपि, अनिद्रितोऽपि
किं अवशिष्टम् इदानीम् ?
जीवनं छलचूर्णैः गुणैः एव सञ्चरति
विकृताचारैः एव अग्रे यायात्
मनोरथाः सन्ति, परंतु न सिद्धाः,
न जाताः अपि
मृगतृष्णां न वक्तुं शक्यते,
न लभ्यते अपि
तमसा न सख्यं कृतं,
दुष्टेभ्यः न नमः ममः
दुःखं न मम सलहाभावेन,
विलुप्तेन गुणेन अपि न खेदः
प्रियं मे - मृत्तिका, व्योमन्, प्रभातः
किं अवशिष्टम् इदानीम् ?
हे प्रिय शब्द !
जेन्जीहन्तारः, राष्ट्रदाहकर्तारः च
त्वं मयि न स्थापय सम्बन्धम्
न हि मिलेमहि वयम् – अहो !

(अनुवादः डा. लेख निरौला)

जन्मोत्सव कविता (मैथिली)

शब्दक संग

ठकएबाक लेल
एतबाधरि इमानदार भेनाइ जरूरी नइ रहै
लुटाएक लेल
एतेक अधिक भरोसगर हेबाक बेगरता नइ रहै
भेलियै,
यथासम्भव इमानदार
सम्भव होएबाधरि भरोसगर
की कऽ सकै छी आब?
चलबाक लेल
उपास रहब आवश्यक नइ छल
जीबाक लेल
आराम नइ करब गैरजरूरी छल
बिना तुकके उपासल रहलौँ
बिना आराम समय बिता देलौँ
दौगबो केलौँ
थकबो केलौँ
ओङ्हेबो केलौँ
की कऽ सकै छी आब?
जीवन
काम चलाउ योग्यतासँ चलि जाइ छल
लटरपटर व्यवहारसँ आगाँ बढ़ैत रहैत छल
सनकलाल भऽ सकै छलियै : नइ भेलियै

ठकि सकै छलियै : नइ ठकलियै
अन्हारक संग कनफुस्की नइ केलियै
अपराधीकेँ सलाम नइ केलियै
खेद नइ अछि
सलह नइ भेलापर
माटिक चाली भेलापर
पसिन्ने अछि
माटि
आकाश
आ प्रकाश
की कऽ सकै छी आब ?
प्रिय शब्द,
जेन्जी किलर
आ देश जरौनिहारक संग
तौँ आ हम
कोनो सम्बन्धे नइ राखी, की !

(अनुवाद : धीरेन्द्र प्रेमर्षि)

जन्मोत्सव कविता (मुसहरिया)

शब्द सँगे

ठगिएला खातिर
एतेक बढ इमान्दार हैला जरूरी हेतिए
लुटाएला खातिर
एतेक विश्वासवाला हैला जरूरी नै हेतिए
भेलिए
बहुत इमान्दारी
बहूत विश्वासिला
जते सकै छै इमान्दारी
जते सकै छै विश्वासवाला
केकर कथि लागैछै ?
हिडैला
पेटमारैला जरूर नैरहे जीऐला
आराम करैके जरूरी नैरहे
फोकटमे पेट मारलिए,
विना आराम्से समय गेलै
दृगुराइमे , थकाइमे ,निदमे
आव कथि लागैछै ?
जीवन
हुकुर हुकुर योग्यतासे चल्ने रहै
लटरपटर व्यवहारसे बढ्ने रहै
सन्की बन सक्ने रहै,नैबनलिए
झुठ हैला सक्नेरहै, ढटुवा नै हेलिए
रातिसंगे दोस्ती है भेल
अपराधीके सलामो नै करलिए
कोनो विस्मात नै छै
सलह किडा नैलेलिए
गड्यौला नैभेलिए मन परै छै माटि
आकाश
प्रकाश
कि लागै छै आब ?
प्रिय शब्द
जेन्जी किलर
आर मुलुकके
डढाएवालासंग
तूही आर हम्
कोनो रिस्ता गासैला
जरूरी नै छै।

(अनुवादः गोपाल नेपाल)

सालगिरह नज्म् (उर्दू)

अल्फाज के साथ

फरेब खाने के लिए
इस् कदर ईमानदार होना जरूरी न था
लुट् जाने के लिए
इस् कदर काबिले एतमाद होना जरूरी न था
हो गए
जिस् कदर ईमानदार हो सकते थे
जिस् कदर मोअ्तमद हो सकते थे
क्या लगता है अब
चल्ने के लिए
पेट काटने की जरूरत न थी
जिन्दा रहने के लिए
आराम ना करना जरूरी न था
बेतुके पेट काटा
बगैर आराम वक्त गुजार दिया
दौडे भी
थके भी
सोए भी
क्या लगता है अब
जिन्दगी
नाकिश् सलाहीयत से चल जाता
बेसुलूकी के साथ आगे बढ् जाता
जज्बाती बन सकता था, नहीं बना
झुट बोल सकता था, नहीं बोला
अंधेरों के साथ सरगोशी नहीं की
मुजरीमों को सलाम न किया
अफसोस नहीं है
टिड्डी न होने पर
केचुवा होने पर
पसन्द है
मिट्टी
आसमान
और रौशनी
क्या लगता है अब
अजीज अल्फाज
जेनजी के कातिल
और मुल्क को जलाने वालों से
तुम और मैं
रिश्ता ही न जोडें, है ना
(अनुवाद : हफीज आलम खान)

जन्मोत्सव कविता (डोट्याली)

शब्दसङ

ठगिनखिलाई
इति बड्ता इमान्दार हुनु पड्डइनथ्यो
लुटिनाखिलाई
इति बड्ता विश्वासिलो हुनु पड्डइनथ्यो
भये,
सकेको इमान्दार
सकेको विश्वासिलो
के लागन्छ अब ?

हिँड्ाखिलाई
पेट माड्दु जरुरी थेइन
बाँच्नाखिलाई
आराम नअद्दु जरुरी थेइन
बेतुकले पेट मारे
विन्नानआराम समय कटाइदिये
बपचले लइ
गले लइ
निनाये लइ
के लागन्छ अब ?
जीवन
छिपछिपे योग्यताले चलन्थ्यो
लटरपटर व्यवहारले अघि बडन्थ्यो
सनकमान हुन सकिन्थ्यो : भइयेइन
ढाँटन सकिन्थ्यो : ढाँटियेइन
अनारासङ खासखसेइ कुरडी अरियेइन
अपराधीलाई सलाम अरियेइन
खेद नइँआथि
सलोः नभयेकामी
गनिउला भयेकामी
मन पडेकोइ छ
माटी
अगास
रे उज्यालो
के लागन्छ अब ?
प्यारो शब्द,
जेन्जी किलर
र मुलुक जलाउनेसङ
तमुइ रे मइ
नाताइ जनगाँसू हा !

(अनुवादः गिरिराज जोशी)

जन्मोत्सव कविता (राजवंशी)

शब्दलार सँगे

ठगाल जाबार ताने
एतेक बेसिक इमानदार हना नेइ छिले
लुटिए जाबार ताने
एतेक बेसिक बिसुआसि हना नेइ छिले
हय गेनु,
खतम हयगेल (समापत) इमानदार
खतम हयगेले बिसुआसि
कि कराल जाय आब ?
बेराबार ताने
 पेट काटिए रहबार जरुरि नि छिले
जिबार ताने
आराम करना जरुरि नि छिले
बिना कारने पेट काटिए रहनु
बिना आरामे दिनला बिताय दिनु
दौरिबो करनु
हेरान हनुँ
निदाबो करनु
कि कराल जाय आब ?
जीवन
कनेक मनेक गियान से चल्ने नि ते
लटरपटर बेबहारे भि आगु बारह्लेनि ते
सनकिय हबा सक्नु नि; नि हनुँ
ठगबाअ सक्नु नि; नि ठग्नु
आँधारत देरि नि करिनु

आपराधिडक सालाम नि करिनु
दुख नि छे
फेटुङ्ग नि हल्हौ भि
चालि हयके छु
पसिन परिछे
माटि
आकास
आर्ह उजेत (उजोत)
कि हबे आर्ह ?
प्रिय सबद्
जेन्जि मारा
आर्ह मुलुक जलाने बालालार सँगे
तुइ आर्ह मुइ
नाताय नि लागाइ बुरु ।

(अनुवादः भीम राजवंशी)

A Birthday Poem

With Words

To be cheated
No need to be this much honesty
To be looted
Not necessary to have this much
companionship
I became honest
As much as I could
Reliable
As I could
What could I do ?
No need to ignore the stomach
To move
No need to go restlessly
Unnecessarily
I ignored the stomach
Time wasted without having rest
I ran,
Tired
Fell asleep
What could I do
Life could move
with moderate credentials
With dishonesty
It could move,
Could be incensed
Coud be a liar
And could compromise in the
darkness
Did not handshake with the criminal
No worry
Not to have been
Vermins
And chose to be earthworms
I am happy
Liked Soil, Sky and light
What could I do ?
Dear Words,
Gen Z Killers
And to those who burned the country
Let us not be friendly.

Стихотворение на день рождения

Стихи

Васудева Адхикари

Не нужно было быть таким честным,
чтобы тебя обманули.
Не нужно было быть таким
надёжным,
чтобы тебя ограбили.
Я стал,
Настолько честным,
насколько это возможно.
Настолько надёжным,
насколько это возможно.
Ну и что?

Чтобы идти вперёд,
Не нужно было голодать.
Чтобы остаться в живых,
Не нужно было отдыхать.
Я голодаю без причины.
Я тратил время без отдыха.

Я бежал,
Я устал.
Я заснул.
Ну и что?

Жизнь
Раньше двигалась посредственно,
Раньше спотыкалась, шатаясь.
Могла быть капризной — я не стала.
Могла лгать — я не стала.
Я не шла на компромиссы с тьмой.
Я отказывалась отдавать честь
преступникам.

Я не жалею, что не саранча,
Не червь.

Я любила
Почву,
Небо,
И свет.
Ну и что?

Дорогие слова,
Ты и я,
Давайте не будем
Иметь дело с
Убийцей поколения Z,
И с теми, кто сжёг нацию.

(Russian Translation Arrangements: Milan Tuladhar)

नाओ दिन (चेपाङ)

धैती इथाङ्तो

हरेक दिन नानाङ्सु
प्रत्येक मार्जेती बौरनाङ
तै मा बर्ष बर्षहाङ नाओ दिन वाङ्ना
धैती इथाङ्तो
हरेक याह्दिङ सिनाङ
पाइला पाइलाहाङ लुछती द्ह्योक्नाङ
द्ह्योक्ती ख्या मा बाकी मुनाङ
लदनाङ असत्यकुसी
म्हैनाङ अधर्मकुसी
धैती इथाङ्तो
थोडो ठाउँ बुङ्लाङ आल्नाङ
नातो जसो सोलै द्यान्नाङ
अमृत बोङ्लाङ आल्नाङ
घरी घरी अर्थोक्लै लात्ती वाङ्नाङ
उच्च्युक्तीमा विश्वास उच्च्युकलै
उच्च्युक्तीमा द्रुढता उच्च्युकलै
धैती इथाङ्तो
बायाँ आल्नाङ तोनाङ
सिमा ङ्हेनाङ र दायाताङ दाह्ननाङ
सत्य क्रुप्नाङ तोनाङ
मिथ्या सङ्गतहाङ लहसिनाङ
धैती इथाङ्तो
प्रीय समय
द्या डाकाई
लकोल म्होतोङ तीयी मैलमातो नाइ बैची
ताङो कपाटयी छेकमासा
थोङ्ती बइ

(अनुवादः उद्धव चेपाङ)

जन्मोत्सव कविता (बज्जिका)

शब्दसँगे

ठगाए के लेल
एतना बेसी इमानदार बनेके नरहई
लुटाए के लेल
एतना बेसी विश्वासी होएके नरहलई
हो गेली,
जेतना हो सकल इमानदार
जेतना हो सकल विश्वासी
कथि लागतौ आब ?
चले के लेल
पेट मारे के जरूरी न रहलक
जिए के लेल
आरामे न करे के जरुरी न रहलक
बेतुके में मारली पेट
विना आराम समय कटा देली
दौडली
थाकली
सुतली आ नींदो परल
कथि लागतौ आब ?
जीवन
छहलल छहलल जोग्यता से
चल जाइत,
लटरपटर व्यवहार से
अगारू बढ जाइत
“सनकमान“ हो सकइत रहली
न भेली
झुट कह सकइत रहली
न कहली
अन्हारसँगे न बतुआइत सकली
अपराधी के सलाम न कइली।
खेद न हए, एहि बात पर कि-
टियि न बनली
चाली भेली
चित वुझलइए हए,
माटी
आकास
आ प्रकाश
कथि लागतौ आब ?
प्रिय शब्द,
जेन्जी किलर
आ देश जलमावेवाला सँगे
तू आ हम
न लगावा
कउनो नाता
कउनो रिस्ता !

(अनुवादः शीतल गिरी)

बुन्हिया कविता (नेपाल भाषा)

खँग्वःलिसे

ठगे जुइकेत
थुलि यक्व इमान्दार नं जुइम्वाःगु खः
लुटे जुइकेत
थुलि यक्व भिं मनू नं जुइम्वाःगु खः
जुया बिया,
फक्व इमान्दार
फक्व भिं मनू
आः छु याये ?
न्यासि जुइत
प्वाथय् ल्वहँमां त्ययेके म्वाःगु खः
म्वायेत
झासु मलँसे च्वने म्वाःगु खः

बिना अर्थ
प्वाथय् ल्वहँमां त्ययेका जुया
बिना आराम
ई छ्याना जुया
ब्वाँय् नं वना
त्यानु नं चायेका
न्ह्यलं नं ब्वाना
आः छु याये ?
जीवन
ग्यसुग्यंगु योग्यतां चले जुइ
ल्यांथ्यां व्यवहारं न्ह्याः वनी
सनकमान जुइ फुगु खः- मजुया
भ्रंगः लाना जुइ फुगु खः- मलाना
खिउँयात पाचिना मजुया
अपराधीयात सलाम मयाना

दुःख मदु
सलह मजूगुया
दम्बि मजूगुया
यया हे च्वंगु दु थें
चा,
सर्गः,
व जः
आः छु याये ?
यःम्ह खँग्वः,
जेन्जी किलर
व देसय् मि तइपिंलिसे
छ व जिं
नाता हे मस्वासे न्हिं !

(अनुवादः सुरेश किरण)

जनम–उत्सव कविता (हिंदी)

शब्द सँग

ठगे जाने के लिए
इस कदर इमान्दार होना जरुरी न था
लुट जाने के लिए
इस कदर विश्वासी होना जरुरी न था
हो गया
जिस कदर इमान्दार हो सकता था
जिस कदर विश्वासी हो सकता था
क्या लगता है अब ?

चल्ने के लिए
पेट मारने की जरूरत न थी
जिने के लिए
आराम ना करना आवश्यक न था
बेवजह पेट को मारा
विना आराम वक्त बिता दिया
दौडा भी
थका भी
सोया भी
क्या लगता है अब ?

जीवन
सतही योग्यता से चल जाता
लागलपेट व्यवहार से आगे बढ् जाता
सनकी हो सकता था : नहीं हुआ
झूठ बोल सकता था : नहीं बोला
अन्धेरों से कानाफूसी नहीं की
अपराधी को सलाम नहीं किया

खेद नही है
टिड्डी न होने पर
केंचुआ होने पर
पसन्द है ही
मिट्टी, आकाश और प्रकाश
क्या लगता है अब ?

प्रिय शब्द,
जेन्जी के किलर
और मुलुक जलाने वालों से
तुम और मैं
रिश्ता ही न जोडें, है ना !

(अनुवादः सुमी लोहनी)

'अविरल जनसाहित्य यात्रा-१०४'मा गौरी प्रधानका कविता सुनिए

मङ्सिर १३ गते अपराह्न १ बजे राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपालको सभाकक्ष बागबजार, काठमाडौँमा आयोजित विशेष समारोहमा राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालले २०७० चैत्र १४ देखि आयोजना गरिरहेको ' अविरल जनसाहित्य यात्रा' को १०४ औँ शृङ्खलामा साहित्य सिर्जना, सामाजिक-साङ्गठनिक नेतृत्व, मानवअधिकार, बालअधिकार तथा सामाजिक रूपान्तरण अभियान आदि विभिन्न क्षेत्रमा सक्रिय सिन्धुपाल्चोकका स्रष्टा गौरी प्रधानका एक दर्जन कविता सुनिए ।

साहित्यकार शान्ता मानवीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहको अध्यक्षता राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालकी अध्यक्ष नर्मदेश्वरी सत्यालले गर्नुभएको थियो भने सङ्घका महासचिव डा.कृष्ण सुवेदीले सञ्चालन गर्नुभएको उक्त समारोहमा सङ्घका सल्लाहकार वासुदेव अधिकारी, युद्धप्रसाद स्मृति प्रतिष्ठानका अध्यक्ष डा.फणीन्द्रराज निरौला, डा.सरोज धिताल, प्राज्ञ सुलोचना मानन्धर, प्रा.डा.ध्रुवकुमार घिमिरे, पूर्वसचिव पुण्यप्रसाद न्यौपाने, डा.देवकी आचार्य, कुमार भट्टराई, सुबोध श्रेष्ठ, रविन नेपाली, मोहन दङ्गाल, डा.गोविन्दप्रसाद आचार्यलगायत अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो ।

अध्यक्ष नर्मदेश्वरी सत्यालले कविनायकलाई माल्यार्पण गरी स्वागत गर्नुभएको थियो भने डा.कृष्ण सुवेदीले उहाँको सङ्क्षिप्त परिचय गराउनुभएको थियो ।

गौरी प्रधानले आफ्ना कवितासिर्जनाको रचनागर्भका बारेमा जानकारीसहित गद्यलयका ' खाल्डोभित्रका खाल्डाहरू', 'बागमतीका विद्रोहहरू', 'सिंहदरवारको कथा', 'विम्ब र बहस', 'थरी थरीका चोरहरू !', 'जलन र उज्यालो' र 'महादेव' शीर्षकका कविता वाचन गर्नुभएको थियो । त्यसैगरी सहयोगी कविहरू सुशीला प्रधानाङ्गले 'चित्र र चरित्र', कुसुम थापाले 'आसन' र 'धर्म र सत्ता', कुमार भट्टराईले 'बुद्ध र मार्क्स' र 'नाममा के छ र !', जोन झाले 'डुङ्गाको यात्रा' र 'जनउभार' र डा.सरोज धितालले 'वामियानका बुद्धहरू' शीर्षकका सुन्दर र सशक्त कविता वाचन गर्नुभएको थियो भने वाचित कवितामाथि प्रा.डा.ध्रुवकुमार घिमिरेले टिप्पणी गर्नुभएको थियो ।

साहित्य सन्ध्याको ४७० औं कविगोष्ठी सम्पन्न

२०८२ मङ्सिर ६ गते अपराह्न १ बजे गुगलमिटका माध्यमबाट आयोजना गरिएको समारोहमा साहित्य सन्ध्याको नियमित मासिक ४७० औं शृङ्खला सम्पन्न गरियो र उक्त शृङ्खलामा 'नेपाली प्रगतिशील साहित्यमा ज्येष्ठ नागरिकको योगदान' विषयमा र 'साहित्यमा एआईको प्रयोग' विषयमा विशद परिचर्चा गर्नुको साथै कविगोष्ठी'को आयोजना गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा प्रमुख अतिथिका रूपमा प्रा.डा.मुकेश चालिसे उपस्थित हुनुहुन्थ्यो भने अतिथिहरूमा वरिष्ठ सञ्चारकर्मी अजय शर्मा, यशोदा अधिकारी, प्रा.डा.लेखप्रसाद निरौला, डा.रामहरि लम्साल, डा.राजेन्द्रप्रसाद अधिकारी, डा.कृष्ण सुवेदी, डम्बर पहाडी (धरानबाट), अग्रज स्रष्टा कृष्ण बाउसे, दुर्गाप्रसाद भमरकोटे, रामचन्द्र दाहाल, ओमप्रसाद कोइराला, महेशराज खरेललगायतको उपस्थिति रहेको थियो।

प्रा.डा.मुकेश चालिसेले 'नेपाली प्रगतिशीलसाहित्यमाज्येष्ठनागरिककोयोगदान' विषयमा पावरप्वाइन्टबाट विशद चर्चा गर्नुभएको थियो । पावरप्वाइन्टबाटै अजय शर्माले नेपालमा 'साहित्यमा एआईको प्रयोग' विषयमा विशद चर्चा गर्दै वर्तमानमा नेपालमा पत्रकारिता, अनुवाद, साहित्य, प्रशिक्षण, शैक्षिक सामग्री निर्माण आदि धेरै क्षेत्रमा एआईको निकै धेरै प्रयोग भइरहेको छ भन्ने समेतको धारणा विभिन्न दृष्टान्तसहित राख्नुभयो।



समारोहमा डम्बर पहाडी, विन्दु अधिकारी ढकाल, डा.कृष्ण सुवेदी, महेशराज खरेल, डा.राजेन्द्रप्रसाद अधिकारी, कृष्ण बाउसे, जयन्ती स्पन्दन, रामचन्द्र दाहाल, कुमार नेपाल, ओमप्रसाद कोइराला, गोपालकुमार मैनाली, डा.रामहरि लम्साल, दुर्गाप्रसाद अधिकारी भमरकोटे र त्रिलोचन जोशीले आआफ्ना एलाक, कविता, गीत, गजल वाचन गर्नुभएको थियो भने वाचित रचनामाथि यशोदा अधिकारीले समीक्षा गर्नुभएको थियो।

श्रद्धाञ्जली

नारायणी पौडेल खनाल

निधनः २६ कात्तिक २०८२

कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।

शब्द-संयोजन परिवार

स्रष्टाका सिर्जनामा विश्वचेतना पनि सम्प्रेषण गरिनुपर्छ

❖ डा. फणीन्द्रराज निरौला

अविरल जनसाहित्य यात्राको यो सोद्देश्यमूलक अभियान १०२ औँ शृङ्खलामा पुगेको छ र आजको यो समारोह विशेष समारोहका रूपमा आयोजना भएको पनि देखिएको छ । त्यसैले सर्वप्रथम म आजका कविनायकलाई बधाइ दिन्छु र मलाई प्रमुख अतिथिको भूमिकासहित वाचित कविताको समालोचना गर्ने गहन जिम्मेवारीका लागि हार्दिक धन्यवाद दिन्छु । साहित्यमा स्नातकोत्तर गरेर सिर्जनामा रहेका आजका स्रष्टा सचेत सर्जक हुनुहुन्छ । देशको माटो, परिवेश, नेपाली जनताका भोगाइ उहाँका कवितामा आएका छन् । कवितामा नेताको पहिरन सफा तर मन कालो बिरालाको जस्तो भनेर मर्मान्त प्रहार गरिएको छ । कविताको एउटै पङ्क्तिमा कविले नेपाली जनताले बाँचेको दुर्दशापूर्ण अवस्थाको सुन्दर चित्रण गर्नुभएकोपाइन्छ।बोर्डिङकाशिक्षक,कलेजका विद्यार्थी, कर्मचारी आदि आदि सबै सबै क्षेत्रका विकृतिलाई पनि कवितामा बडो मजाले चित्रण गरिएको छ । भ्रष्टाचार, अशान्ति, सेवाभावको अभाव जनताले भोगुन्जेल र नेतृत्वले आफ्नो आचरणमा सुधार नगरुन्जेल देशको हित हुनसक्तैन । नेता, उनीहरूमा विद्यमान रहेको सामन्ती सोचका प्रति सशक्त व्यङ्ग्य कवितामा गरिएको छ । कवितामा देशका समग्र विसङ्गतिका प्रति युवा उठ्नुपर्ने आग्रह गरिएको छ। प्रयः कविताले हाम्रा नेता बेइमानका प्रतीक साबित भएका छन् भन्दै कडा व्यङ्ग्य गरिएको छ । सबैमा असल भावनाको विकास होस् भन्ने मान्यताका साथ देशभक्तिको भावना प्रखररूपमा कवितामा उजागर भएको पाइन्छ । कविताले शान्तिको गीत लेख्ने चाहना राख्नुका साथै सत्मार्गमा सबैले चल्ने हो भने समुन्नत समाज निर्माण हुने अपेक्षा पनि कवितामा गरिएको छ। राम्रा-नराम्रा चरित्रका प्राणीका क्रियाकलापका माध्यमबाट मानव तथा नेताको चरित्रसुधारको व्यङ्ग्यात्मक आग्रह पनि गरिएको छ । अर्थात् असल मानवताको वकालत गरिएको छ।

समृद्ध र गौरवपूर्ण हाम्रो देश लथालिङ्ग पार्ने वा राम्रो पार्ने प्रयत्न नगर्ने स्वार्थी प्रवृत्तिका विरुद्धमा र भागबण्डामा देश चलाउने प्रवृत्तिका प्रति आक्रोश व्यक्त गरिएको छ । योग्यताको कदर नहुने र अयोग्यलाई नै महायोग्य बनाउने असङ्गत पक्षका विरुद्धमा आबाज बुलन्द गरिएको छ । युवाले मुलुक परिवर्तन गर्ने हुँदा समग्र असङ्गत पक्ष हटाएर सुन्दर पार्ने चाहना

पनि व्यक्त गरिएको छ। कवितामा विषयको विधिता छ, राष्ट्रवादी चिन्तन छ, नेताको व्यवहारले जनता वाक्क भएका भए पनि समग्र विकृतिमा रूपान्तरण गरेर समुन्नत समाज निर्माण गर्नुपर्ने कविको आग्रह रहेको छ। कवितामा युगीन असङ्गतिको जीवन्त चित्रण गरिएको छ । सामाजिक रूपान्तरणको चाहना पूरा नभएको चिन्ताभावका साथ वैचारिक प्रगतिशलि चेतना कविताले सम्प्रेषण गरेका छन्। सबै वर्गमा जागरण ल्याउने प्रयत्नका साथ युगीन प्रतिविम्ब कविताले खिचेका छन् । अन्त्यानुप्रासको सुन्दर संयोजनका साथ श्लेष अलङ्कारको यथोचित प्रयोग गरिएको छ। प्राकृतिक, सांस्कृतिक एवम् पौराणिक विम्बको प्रयोग कवितामा गरिएको छ। मोतीराम भट्टले अवलम्बन गरेको समस्यापूर्तिको शैलीको सुन्दर प्रयोग गरिएको छ। कवितामा अझ सशक्त रूपमा केही सन्देश आउला आउला भन्ने लाग्दालाग्दै कविता टुङ्गिएका छन्, रचनाकाल उल्लेख गरिएको छैन त्यसैले भावी दिनमा विश्वचेतना पनि कवितामा आओस् र सूक्तिमयता पनि पाइयोस्; कविलाई हार्दिक शुभकामना दिन्छु भन्नुभयो।

-रमेश पोखरेल (डा.फणीन्द्रराज निरौलाले अविरल जनसाहित्य यात्रा १०२ मा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)

❖ **सिजन श्रेष्ठ**

हिँड्ने आँखाहरू

अहिले
मेरा दुई आँखामध्ये
एउटा आँखा पाइलट बाबा पुगेको छ
अर्को आँखा घ्याम्पेडाँडा पुगेको छ।
पैताला अघि नै पुगिसकेको छ-
पाटीभञ्ज्याङ।

एउटा हत्केला अलि छोटै छ
त्यो पुगेको छ - डोलेश्वर
अर्को हत्केला अलि तन्किएर
पुगेको छ - आशापुरी।
बाँकी एउटा मन थियो
आफूसित
त्यो अहिले तिम्रो र मेरो ठिक बिचमा छ
खासमा ऊ तिमीलाई भेट्न भनेर हिँडेको थियो
तर जाँदाजाँदै उसले तिमीसम्म पुग्ने बाटो भुल्यो
र म आफैँसँग फर्किने बाटो पनि भुल्यो !

अब मसँग सिर्फ 'म' हुनुको भावबाहेक
अरू केही केही पनि छैन !